सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ जेठ २०८३, सोमबार (25 May 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ४२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

२९३ सामुदायिक विद्यालयमा ५ भन्दा कम विद्यार्थी

देशभरका २७ हजार २० सामुदायिक विद्यालयमध्ये ८ हजारमा ५० भन्दा कम विद्यार्थी

सहर तथा तराईतिर बसाइँ सर्ने क्रम तीव्र हुँदा पहाडका विद्यालयमा विद्यार्थी संकट, कम विद्यार्थी भएका विद्यालयलाई गाभ्ने तयारीमा सरकार



● **विद्यानाथ कोइराला**, शिक्षाविद्

विद्यार्थी संख्या निकै न्यून भएको अवस्थामा विद्यालय गाभ्नु नै ठिक हो। तर, यसका लागि माथिबाट निर्णय लाद्ने बाटो हिँडियो भने कठिन हुन्छ। सरकारले स्थानीय सरकार र त्यहाँका राजनीतिक दलसित संवाद गर्ने हो भने उपाय उनीहरूबाटै आउँछ।



● **शिवकुमार सापकोटा**
प्रवक्ता, शिक्षा मन्त्रालय

कतिपय विद्यालयमा फालाफाल विद्यार्थी छन्। कतिपयको अस्तित्व नै जोगाउन कठिन छ। भौतिक संरचना भए पनि विद्यार्थी छैनन्। अहिले पालिकाहरूले विद्यार्थी नभएका विद्यालयका शिक्षकलाई अन्य स्कुलमा खटाएर पनि व्यवस्थापन गरिरहेका छन्। अतिकम विद्यार्थी भएका विद्यालयका लागि अब मन्त्रालयले नयाँ व्यवस्था ल्याउँछ।

शिवहरि घिमिरे / नयाँ पत्रिका

सहरी क्षेत्रका कतिपय सामुदायिक विद्यालयलाई विद्यार्थी संख्या थेग्नै कठिन छ। भर्ना हुन आएका विद्यार्थीलाई ठाउँ अभावमा फर्काउनुपर्ने अवस्था छ। तर, ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयमा भने विद्यार्थीको खडेरी छ। यतिसम्म कि एकजना मात्रै विद्यार्थी भएका विद्यालय पनि छन्।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको तथ्यांकअनुसार देशभरका २९३ सामुदायिक विद्यालयमा पाँचजनाभन्दा कम विद्यार्थी छन्। ती विद्यालयमा शिक्षक र कर्मचारी संख्या चारदेखि ६ जनासम्म छ। प्राथमिक, आधारभूत र माध्यमिक सबै तहका विद्यालयमा यस्तो अवस्था छ। केन्द्रको तथ्यांकअनुसार २० भन्दा कम विद्यार्थी भएका विद्यालयको संख्या तीन हजार ४२४ छन्। ३० जनाभन्दा कम विद्यार्थी हुने सामुदायिक विद्यालय पाँच हजार ५५२

» पृष्ठ २ मा क्रमशः

■ ५ भन्दा कम विद्यार्थी रहेका विद्यालय कुन जिल्लामा कति ?

कोशी : **झापाबाहेक**
१३ जिल्लाका ९१ विद्यालय

विद्यालय	ठेगाना	विद्यार्थी
भोजपुर		
जनप्रिय आधारभूत विद्यालय	आमचोक गापा- १०	५
बालकल्याण आधारभूत विद्यालय	आमचोक गापा- १०	२
मन्दिलाश्वरी आधारभूत विद्यालय	आमचोक गापा- १०	२
पञ्चकन्या आधारभूत विद्यालय	आमचोक गापा- ३	३
आइतबारे प्रावि	भोजपुर नपा- १०	५
जालपा आधारभूत विद्यालय	पौवादुङ्मा गापा- ६	५
साउने पञ्चकन्या प्रावि	साल्पासिलिछो गापा- ३	४
सिंघादेव प्रावि	साल्पासिलिछो गापा- ३	५
बुद्धज्योति आधारभूत विद्यालय	सदानन्द नपा- ९	२
सुम्निमा आधारभूत विद्यालय	सदानन्द नपा- २	४
धनकुटा		
चतुर्भुज प्रावि	धनकुटा नपा- ३	२
प्रतिमान आधारभूत विद्यालय	साँघुरीगढी गापा- ९	४
देउराली प्रावि	साँघुरीगढी गापा- १	३
राधाकृष्ण प्रावि	साँघुरीगढी गापा- ४	५
इलाम		
बालकल्याण प्रावि	माङ्सेबुङ गापा- ३	५
श्री मालिकादेवी आधारभूत विद्यालय	फाकफोकथुम गापा- ३	१
जनता आधारभूत विद्यालय	रोङ गापा- ३	१
नवसृजना आधारभूत विद्यालय	रोङ गापा- ४	४
जनकल्याण प्रावि	सन्दकपुर गापा- ६	१
भीमसेन आधारभूत विद्यालय	सन्दकपुर गापा- ३	४
सुतुलुङ आधारभूत विद्यालय	सन्दकपुर गापा- ९	४
चन्द्रोदय आधारभूत विद्यालय	सूर्योदय नपा- ४	१
मोरङ		
श्री थानेश्वर आधारभूत विद्यालय	कानेपोखरी गापा- ४	४
सिद्धार्थ आधारभूत विद्यालय	पथरी शनिश्चरे नपा- ४	१



डडेलधुराको आलीताल गाउँपालिका- ३, किमोडीस्थित श्री ब्रह्मचारी प्राथमिक विद्यालय। यहाँ चार विद्यार्थी थिए, तर यस वर्षदेखि एक विद्यार्थी घटेर तीनजना मात्रै बाँकी छन्। कक्षा पाँचसम्मको विद्यालयमा अहिले एकजना कक्षा तीनका र दुईजना कक्षा पाँचका विद्यार्थी छन्। 'एकजना बालविकासको विद्यार्थी अर्को स्कुलमा गयो,' विद्यालयका एक मात्र शिक्षक केशबहादुर साउदले भने। उनीबाहेक विद्यालयमा एकजना परिचर कार्यरत छन्। किमोडीको छिमेकी गाउँमा रहेको असीग्राम प्राथमिक विद्यालय त विद्यार्थीविहीन बनेको छ। यस वर्ष एकजना विद्यार्थी पनि भर्ना भएनन्। यो स्कुलमा दुई शिक्षक र एक परिचर कार्यरत छन्। 'असीग्राममा विद्यार्थी निल भएपछि हाम्रो स्कुलसँग गाभ्ने तयारी छ। तर, सबै प्रक्रिया पूरा भइसकेको छैन,' ब्रह्मचारी प्राविका शिक्षक साउदले भने।

ओखलढुंगा		
भूमेस्थान आधारभूत विद्यालय	चिसंखुगढी गापा- ८	३
आदर्श आधारभूत विद्यालय	खिजिदेम्बा गापा- ६	४
कुन्तादेवी आधारभूत विद्यालय	खिजिदेम्बा गापा- ७	२
महाकाली प्रावि	मानेभञ्ज्याङ गापा- ७	३
कालिका आधारभूत विद्यालय	मानेभञ्ज्याङ गापा- ८	४
सिंघादेवी आधारभूत विद्यालय	मोलुङ गापा- १	५
भानु आधारभूत विद्यालय	मोलुङ गापा- ८	१
भर्ना आधारभूत विद्यालय	मोलुङ गापा- ८	५

» पृष्ठ २ मा क्रमशः

■ कम विद्यार्थी र धेरै शिक्षक भएका विद्यालयलाई व्यवस्थित गर्दै स्थानीय तह

विद्यार्थी कम भएपछि केही पालिकाले शिक्षक र विद्यार्थीलाई नजिकको अर्को स्कुलमा पठाएर व्यवस्थापन गरिरहेका छन्। कतिपय स्कुलमा शिक्षकभन्दा विद्यार्थी कम भएपछि ती विद्यालयका शिक्षकलाई अस्थायी रूपमा अन्यत्रको विद्यालयमा मिलान गरिएको छ। विद्यालय तहको शिक्षाको अधिकार पालिकालाई दिइएकाले सोही अधिकार प्रयोग गरेर विद्यार्थी कम भएका विद्यालयमा शिक्षक र विद्यार्थी व्यवस्थापन गरिएको पालिकाहरूले जनाएका छन्।

धादिङको नीलकण्ठ नगरपालिकाका प्रवक्ता प्रकाशकुमार श्रेष्ठले कम विद्यार्थी भएका विद्यालयका शिक्षक र विद्यार्थीलाई नजिकैको अर्को विद्यालयमा सिफ्ट गरिएको बताए। 'स्थानीय तहले विद्यालय मर्ज गर्न सक्ने भनेर कानुनमा ठ्याक्कै लेखिएको त छैन। तर, विद्यार्थी कम भएका र शिक्षक धेरै भएका विद्यालयमा जसरी पनि व्यवस्थापन गर्नुपर्ने भयो। पालिकाले नै उपयुक्त नियम बनाएर न्यून विद्यार्थी भएका दुई-तीन विद्यालयका विद्यार्थी र शिक्षक एकीकृत गरेर चलाएका छौं,' उनले भने, 'केन्द्र सरकारले पनि अब मर्ज गर्ने भनेर तयारी गरिरहेको छ। ती विद्यालयका भौतिक संरचना कसरी व्यवस्थित गर्ने भन्नेबारे केन्द्र सरकारले पनि निर्णय गर्ला।'

धादिङमा मात्रै होइन, अधिकांश पहाडी जिल्लाको अवस्था पनि उस्तै छ। बागलुङमा पनि विद्यार्थी कम भएपछि विद्यालय संकटमा परेका छन्। शिक्षा विकास तथा समन्वय इकाइ बागलुङका प्रमुख प्रकाशबन्धु अर्यालले भने, 'केन्द्र सरकारले मर्ज गर्ने नीतिअनुसार कम विद्यार्थी भएका विद्यालयको सूची मागेको थियो, हामीले त्यस्ता ५० भन्दा बढी विद्यालयको सूची पठाइसकेका छौं। विद्यालयको शिक्षक दरबन्दी संघ सरकारअन्तर्गत नै छ, केन्द्रबाट अनुमति आएपछि मात्रै दरबन्दी मिलान गर्न सकिन्छ।' गाउँका बस्ती रित्तिँदै गएकाले विद्यालय मर्ज र दरबन्दी अत्यावश्यक भइसकेको उनले बताए।



■ बाजुरा-हुम्ला सीमा विवाद

सरकारद्वारा दुई समिति गठन

बाजुराका **गगन अयडी**

बाजुरा र हुम्ला जिल्लाबिचको सीमा विवादले क्षेत्रको अवस्था तनावग्रस्त बनेपछि सरकारले छानबिनका लागि दुई छुट्टाछुट्टै समिति गठन गरेको छ। विवाद तथा शान्ति-सुरक्षाको अवस्थाबारे अध्ययन गर्न नेपाल प्रहरीका एसएसपीको नेतृत्वमा र प्राविधिक तथा नापीसम्बन्धी पक्षको अध्ययन गर्न नापी विभागका उपमहानिर्देशकको संयोजकत्वमा अर्को प्राविधिक समिति गठन गरिएको हो।

गत ७ जेठमा बाजुरा र हुम्लाको सीमाक्षेत्र रानीसैन-लाम्पाटा च्याचौर क्षेत्रमा भएको झडपमा ६ जना घाइते भएका थिए। लाम्पाटा क्षेत्रमा बाजुरा प्रहरीले अस्थायी प्रहरी चौकी निर्माणको काम अघि बढाएपछि उक्त भूभाग हुम्लामा पर्ने दाबी गर्दै विवाद चर्किएको थियो। ६ दिनसम्म पनि घटना साम्य नभएपछि गृह र भूमि मन्त्रालय मातहतका दुई समिति बनाइएको हो।

आइतबार गृहसचिव राजकुमार श्रेष्ठको अध्यक्षतामा बसेको सबै निकायका सुरक्षा प्रमुख तथा प्रतिनिधिसहितको बैठकले समिति गठन गरेको हो। बैठकले समितिलाई तुरुन्त कार्यस्थलमा खटिन र प्रतिवेदन पेस गर्न निर्देशन दिइएको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बताए। सो घटनापछि नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपालको विशेष टोली घटनास्थलमा परिचालन गरिसकेको मन्त्रालयले जनाएको छ।

■ लाम्पाटामा बाजुरा र हुम्लाबाट खटाइयो ४३ सुरक्षाकर्मी

मन्त्रालयले सीमा क्षेत्रमा नागरिकको सुरक्षा सुनिश्चित गर्न र शान्ति सुव्यवस्थालाई थप मजबुत बनाउन जिल्ला सुरक्षा समितिलाई सुरक्षा रणनीति अख्तियार गर्नसमेत निर्देशन दिइसकेको छ। दुवै जिल्लाका नागरिकलाई संयमता अपनाउनसमेत मन्त्रालयले अनुरोध गरेको छ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सीमासम्बन्धी प्राविधिक पक्षको अध्ययन गरी प्रतिवेदन पेस गर्न नापी विभागका उपमहानिर्देशक सुशील डंगोलको संयोजकत्वमा एक समिति गठन गरेको छ। भूमि व्यवस्थामन्त्री प्रतिभा रावलको अध्यक्षतामा आइतबार बसेको बैठकले समिति गठन गरेको हो।

नेपाली कूटनीतिक नियोगमा समस्यै-समस्या



परराष्ट्र मन्त्रालय र मातहतका ४८ निकायमा बजेट प्रभावकारी कार्यान्वयन नभएको, मनपरी भत्ता वितरण गरिएको, श्रीलंकामा ३० वर्षअघि खरिद जग्गाको लालपुर्जा नै नभएकोलगायत बेथिति उजागर गर्‍यो महालेखाले

(विस्तृत पृष्ठ ३)

जीवनको उत्तरार्द्धमा अमेरिकी निसानामा राउल क्यास्ट्रो



१९९६ मा क्युबाली सेनाले तीन अमेरिकी नागरिकसहित चारजना सवार विमानलाई हवानामा खसालेको अभियोग पूर्वराष्ट्रपति राउलमाथि लागेको छ

चरम गर्मीको चपेटामा भारतका विपन्न नागरिक

(पृष्ठ ५)

कृषिको आधा बजेट रासायनिक मलमा



आगामी बजेटका लागि ५१ अर्बको सिलिडभित्र २८ अर्ब रासायनिक मलमा अनुदान दिन छुट्याइयो, चालू बजेटबाट हटाइएको उखु किसानको अनुदानलाई भने आगामी आवमा निरन्तरता दिएर डेढ अर्ब प्रस्ताव

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कार्यदल बनाएर ओलीले मत्थर पारे नेतृत्व हस्तान्तरण बहस

पुनर्गठनको मुद्दा एक महिनापछि बस्ने भनिएको केन्द्रीय कमिटीबाट टुंग्याइने, बादलको नेतृत्वमा चुनावी समीक्षा र पुनर्गठन प्रस्ताव कार्यदल

शुरोजंग पाण्डे / नयाँ पत्रिका

१९ सदस्यीय सचिवालयमा बहुमतले पार्टी पुनर्गठनका लागि नेतृत्व हस्तान्तरणका लागि माग गरेपछि नैतिक र राजनीतिक दबाबमा आएका एमाले अध्यक्ष केपीले ओलीले यो मुद्दालाई केन्द्रीय कमिटीबाट टुंग्याउने भन्दै पछाडि धकेलेका छन्। पार्टी पुनर्गठनको बहस निर्णायक चरणमा प्रवेशसँगै अन्तिम टुंगो केन्द्रीय कमिटी बैठकबाटै गर्ने सचिवालयको निर्णयले पार्टीभित्र ध्रुवीकरण बढाउने देखिएको छ।

सरकारविरुद्ध सदन-सडकबाट भन्डाफोर अभियान चलाउने निर्णय

बहुसंख्यक सचिवालय सदस्यहरू पुनर्गठनको पक्षमा उभिएपछि एमालेमा शक्ति संघर्ष थप चर्किने संकेत देखिएको छ। यद्यपि, आइतबार सम्पन्न बैठकले २१ फागुनको चुनावी समीक्षा र पार्टी पुनर्गठनसम्बन्धी प्रस्ताव तयार पार्न उपाध्यक्ष रामबहादुर थापा 'बादल'को नेतृत्वमा कार्यदल बनाएको छ। कार्यदलले चुनावी समीक्षा, संगठनको कमजोर पक्ष र सम्भावित संरचनात्मक सुधारबारे विस्तृत प्रतिवेदन तयार गर्नेछ।

कार्यदलमा पृथ्वीसुब्बा गुरुङ, शंकर पोखरेल, छविलाल विश्वकर्मा, भानुभक्त ढकाल, प्रदीप ज्ञवालीसहित आठै प्रदेशका इन्चार्जहरू सदस्य रहेका छन्। असार दोस्रो सातापछि डाकिने केन्द्रीय समिति बैठकअघि केन्द्रीय सचिवालय बैठक बस्नेछ, जहाँ कार्यदलले प्रतिवेदन पेस गर्नेछ। त्यसपछि मात्रै एमालेमा

» पृष्ठ २ मा क्रमशः



अध्यक्ष ओलीको गुन्डुस्थित निवासमा आइतबार बसेको एमाले सचिवालय बैठक

■ पौडेलको नेतृत्वमा ६ सदस्यीय संविधान संशोधन कार्यदल

अध्यक्ष केपी ओलीले उपाध्यक्ष विष्णु पौडेलको नेतृत्वमा ६ सदस्यीय संविधान संशोधन कार्यदल बनाउन प्रस्ताव गरेका छन्। कार्यदलमा टीकाराम भट्टराई, अग्निप्रसाद खरेल, जुलीकुमारी महतो, महेश बर्तौला र कृष्णभक्त पोखरेल छन्। अर्का उपाध्यक्ष रामबहादुर थापा 'बादल'को नेतृत्वमा चुनावी समीक्षा र पुनर्गठन प्रस्तावसम्बन्धी कार्यदल गठन गरिएको छ।

■ सबै जिल्ला र प्रदेशमा पुगेर पार्टीलाई पूर्वअवस्थामै फर्काउँछु : ओली



बैठकमा अध्यक्ष ओलीले पार्टीलाई पुनः सशक्त र संगठित बनाउने स्पष्ट घोषणा गरेका छन्। आफ्नो स्वास्थ्य अवस्था लगभग पूर्ण रूपमा सुधारिएको दाबी गर्दै उनले अब देशव्यापी अभियानमा जुट्ने बताएका हुन्। 'मेरो स्वास्थ्य ९८ प्रतिशत ठिक भएको छ। अब म प्रत्येक जिल्ला र प्रदेशमा पुगेर पार्टीमा नयाँ ऊर्जा भर्छु, संगठनलाई उठाउँछु र एमालेलाई पुरानै शक्तिशाली अवस्थामा फर्काउँछु,' ओलीको भनाइ उद्धृत गर्दै सचिव बस्नेतले भने। ओलीले नेपालको सार्वभौमसत्ता, राष्ट्रियता र लोकतान्त्रिक प्रणालीमाथि नियोजित षड्यन्त्र भएको दाबी गर्दै आफ्नो सरकारमाथि समेत राजनीतिक रूपमा सुनियोजित आक्रमण गरिएको टिप्पणी गरेका छन्। 'जसरी रुखमा बसेको चरालाई सिकारीले ढाल्छ, त्यसरी नै नेपालको सार्वभौमसत्ता र लोकतान्त्रिक प्रणाली समाप्त पार्न केपी ओली नेतृत्वको सरकारमाथि हमला गरिएको हो,' ओलीको भनाइ थियो। ओलीले कुनै भ्रममा नपरी एकताबद्ध हुन कार्यकर्तासँग समेत आग्रह गरेका छन्। 'निराश भएका पंक्तिलाई उत्साहित बनाउँदै हामी सबै एकताबद्ध भएर अघि बढ्नुपर्छ,' ओलीको भनाइ थियो।

२९३ सामुदायिक विद्यालयमा...

पृष्ठ १ बाट क्रमशः

छन् । कम विद्यार्थी भएका विद्यालयलाई मर्ज गर्ने विकल्पमा शिक्षा मन्त्रालय पुगेको छ । मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले कतिपय विद्यालय 'मर्ज' नगरी नहुने अवस्थामा रहेको बताए । 'कतिपय विद्यालयमा फालाफाल विद्यार्थी छन्, कतिपयको अस्तित्व नै जोगाउन कठिन छ, भौतिक संरचना भए पनि विद्यार्थी छैनन्,' उनले भने, 'कतिपय पालिकाहरूले विद्यार्थी नभएका विद्यालयका शिक्षकलाई अन्य स्कुलमा खटाएर पनि व्यवस्थापन गरिरहेका छन् । अतिकम विद्यार्थी भएका विद्यालयका लागि अब मन्त्रालयले नयाँ व्यवस्था ल्याउँछ ।'

पहाडी क्षेत्रबाट सहर तथा तराईतिर बसाईंसराइ सरेसँगै पहाडका विद्यालयमा विद्यार्थीको संकट देखिएको हो । विद्यार्थी अतिकम हुँदा अधिकांश विद्यालयले कक्षा मिलान गरेरसमेत पढाउने गरेका छन् । शिक्षा प्रवक्ता सापकोटा विद्यालयबिचको भौगोलिक अवस्था, दूरीलगायतलाई विचार गरेर मर्ज गरिने बताउँछन् । 'एकजना विद्यार्थीका लागि मात्रै पनि विद्यालय चलाउन सक्ने कुरा हुँदैन । तर, हामीले मर्ज गर्दा त्यहाँको भौगोलिक अवस्था, दूरीलगायत कुरालाई हेर्नुपर्छ । विद्यार्थी अर्को विद्यालयमा जान सम्भव छ भने त्यो विद्यालय मर्ज गर्दा फरक पर्दैन,' उनले भने, 'मर्जमा जाँदा कतिपय विद्यालयको संरचनालाई कसरी सदुपयोग गर्ने भन्नेबारे छलफल गर्छौं ।'

देशभर २७ हजार २० सामुदायिक विद्यालय छन् । शिक्षा मन्त्रालयले ५० भन्दा कम विद्यार्थी भएका विद्यालय गाभ्ने गरी गृहकार्य गरिरहेको छ । शिक्षाविद् विद्यानाथ कोइराला पनि कम विद्यार्थी भएका विद्यालय गाभ्नुको विकल्प नरहेको बताउँछन् । तर, मर्जका नाममा माथिबाट लाद्नु गलत हुने उनको सुझाव छ । 'विद्यार्थी संख्या निकै कम भएको अवस्थामा विद्यालय गाभ्नु नै ठिक हो, तर यसमा माथिबाट निर्णय लाद्ने बाटो हिँडियो भने कठिन छ,' उनले भने, 'यसका लागि सरकारले स्थानीय सरकार र त्यहाँका राजनीतिक दलसित संवाद गर्ने हो भने उपाय उनीहरूबाटै आउँछ ।'

५ भन्दा कम विद्यार्थी रहेका विद्यालय...

विद्यालय	ठेगाना	विद्यार्थी
खोटाङ		
रमना आधारभूत विद्यालय	ऐँसेलुखर्क गापा- २	४
धनकन्या प्रावि	ऐँसेलुखर्क गापा- १	५
रावाथुम प्रावि	ऐँसेलुखर्क गापा- १	५
जियु बालकन्या प्रावि	बराहपोखरी गापा- ५	५
जनजागृति आधारभूत विद्यालय	बराहपोखरी गापा- २	४
कालिका प्रावि	दिक्तेल रुपाकोट मझुवागढी नपा- २	१
रोसाभञ्ज्याङ आधारभूत विद्यालय	दिप्रुङ चुइचुम्मा गापा- ५	४
गुप्तेश्वर आधारभूत विद्यालय	हलेसी तुवाचुङ नपा- १०	५
जनचेतना आधारभूत विद्यालय	हलेसी तुवाचुङ नपा- ८	१
जलान्धर आधारभूत विद्यालय	हलेसी तुवाचुङ नपा- ११	५
जनचेतना आधारभूत विद्यालय	हलेसी तुवाचुङ नपा- ११	५
बालकल्याण आधारभूत विद्यालय	हलेसी तुवाचुङ नपा- ९	५
कन्याचंगा आधारभूत विद्यालय	जन्तेढुंगा गापा- २	३
शिक्षा जयन्ती प्रावि	केपिलासगढी गापा- ४	५
सिद्धकाली प्रावि	खोटेहाङ गापा- ५	३
पाँचथर		
सिंघाकाली आधारभूत विद्यालय	कुम्मायक गापा- ४	५
सयपत्री प्रावि	मिक्लाजुङ गापा- ३	५
पञ्चायत रजत जयन्ती आ.वि.	मिक्लाजुङ गापा- ६	५
जनता आधारभूत विद्यालय	फाल्गुनन्द गापा- ४	५
संखुवासभा		
दुधपोखरी प्रावि	भोटेखोला गापा- २	४
बुद्ध प्रावि	भोटेखोला गापा- २	२
नागेश्वरी प्रावि	भोटेखोला गापा- ३	४
बानेश्वर आधारभूत विद्यालय	चैनपुर नपा- ८	३
जनता आधारभूत विद्यालय	चिचिला गापा- १	३
सिंघादेवी आधारभूत विद्यालय	चिचिला गापा- ४	५
नागिश्वर आधारभूत विद्यालय	धर्मदेवी नपा- ५	४
पञ्चकन्या आधारभूत विद्यालय	धर्मदेवी नपा- ३	५
लाम्बुरझ्मा आधारभूत विद्यालय	मादी नपा- ३	२
महादेव आधारभूत विद्यालय	मकालु गापा- ५	२
अक्षेवा आधारभूत विद्यालय	मकालु गापा- ३	५
सिद्धेढुंगा आधारभूत विद्यालय	सभापोखरी गापा- ६	४
लालीगुराँस आधारभूत विद्यालय	सिलिचोङ गापा- २	४
विद्याश्वरी आधारभूत विद्यालय	सिलिचोङ गापा- ४	५
ज्ञानोदय आधारभूत विद्यालय	सिलिचोङ गापा- ४	५
तिवा आधारभूत विद्यालय	सिलिचोङ गापा- १	५
शिवशक्ति आधारभूत विद्यालय	सिलिचोङ गापा- ३	३
सुनगाभा आधारभूत विद्यालय	सिलिचोङ गापा- ३	३
सोलुखुम्बु		
पानकोनिजा आधारभूत विद्यालय	खुम्बु पासाङल्हामु गापा- १	३
रिगेल्मु आधारभूत विद्यालय	लिखुपिके गापा- १	२
युवा आधारभूत विद्यालय	महाकुलुङ गापा- ५	१
नमुना आधारभूत विद्यालय	माप्या दुधकोशी गापा- ७	३
इंखु आधारभूत विद्यालय	माप्या दुधकोशी गापा- ७	५
साँगा चोलिङ गुम्बा	माप्या दुधकोशी गापा- ७	३
बुद्धिविकास प्रावि	माप्या दुधकोशी गापा- ४	३
नमुनाज्योति आधारभूत विद्यालय	माप्या दुधकोशी गापा- ५	५
भगवती आधारभूत विद्यालय	नेचासल्यान गापा- १	२
सहिद स्मृति आधारभूत विद्यालय	नेचासल्यान गापा- १	१
सरस्वती आधारभूत विद्यालय	सोलुदुधकुण्ड नपा- ५	१
चिवाङ आधारभूत विद्यालय	सोलुदुधकुण्ड नपा- ४	३
मेन्दोप सेन्दुप गुम्बा	थुलुङ दुधकोशी गापा- ९	५
सुनसरी		
वाल्मीकि प्रावि	धरान उपमहानगर- २०	४
ताप्लेजुङ		
ओखर्बु आधारभूत विद्यालय	मेरिङ्देन गापा- १	४
इन्द्रावती आधारभूत विद्यालय	सिदिङ्वा गापा- ३	३
नेत्रज्योति आधारभूत विद्यालय	सिदिङ्वा गापा- ३	५
गहुँबारी प्रावि	सिदिङ्वा गापा- ८	३
तेह्रथुम		
पञ्चकन्या आधारभूत विद्यालय	आठराई गापा- ३	४
सिंघादेवी आधारभूत विद्यालय	छथर गापा- २	२
सदुवा आधारभूत विद्यालय	मेन्छायेम गापा- २	२
उदयपुर		
आधारभूत विद्यालय	लिम्चुङबुङ गापा- २	४
सिराहा		
मद्रसा हनफिया राजाविया	लाहान नपा- १८	३
रौतहट		
गुरुकुल इन्टरनेसनल स्कुल	गरुडा नपा- ४	१
मद्रसा दावातुल्ताब्लिघ वातालिम	फतुवा विजयपुर नपा- ५	५
रामबहादुर ग्रिस्नानन्दन आवि	फतुवा विजयपुर नपा- ७	१
बारा		
सहिद कन्हैया प्रावि	प्रसौनी गापा- ६	२
चितवन		
भुवानीशंकर मल्टिपल कलेज	खैरहनी नपा- ६	१
धादिङ		
वसन्त आधारभूत विद्यालय	बेनीघाट रराङ गापा- ५	४
बालविकास आधारभूत विद्यालय	नीलकण्ठ नपा- १४	५
जमुने आधारभूत विद्यालय	नीलकण्ठ नपा- १	५
देउराली आधारभूत विद्यालय	नीलकण्ठ नपा- ९	५
बटुवा आधारभूत विद्यालय	नीलकण्ठ नपा- १३	५
पण्डितचौर आधारभूत विद्यालय	नीलकण्ठ नपा- १२	५
नमुना आधारभूत विद्यालय	नेत्रवती दावजोङ गापा- ५	२
जनभावना आधारभूत विद्यालय	नेत्रवती दावजोङ गापा- १	५
पञ्चकन्या आधारभूत विद्यालय	रुवी भ्याली गापा- ६	५
कञ्चन आधारभूत विद्यालय	रुवी भ्याली गापा- ५	३
सरस्वती आधारभूत विद्यालय	थाक्रे गापा- ९	३
दोलखा		
बिसुन्टोल आधारभूत विद्यालय	भीमेश्वर नपा- ५	५
लाकुरीडाँडा प्राइमरी स्कुल	भीमेश्वर नपा- ९	४
सरस्वती आधारभूत विद्यालय	बिगु गापा- ५	५
चन्देश्वरी आधारभूत विद्यालय	गौरीशंकर गापा- ३	५
देउराली आधार विद्यालय	जिरी नपा- ८	५
कालीदेवी सेकेन्डरी स्कुल	जिरी नपा- ८	४
विश्मुरे आधारभूत विद्यालय	कालिञ्चोक गापा- ४	५
कमलामाई आधारभूत विद्यालय	शैलुङ गापा- २	१
काठमाडौं		
जनचेतना प्रावि	चन्द्रागिरि नपा- १	४
छम्पक विनायक आधारभूत विद्यालय	कागेश्वरी मनोहरा नपा- ४	२
ललितपुर		
काउसे आधारभूत विद्यालय	बागमती गापा- ७	५
सालघारी आधारभूत विद्यालय	महाँकाल गापा- ५	१
गोटीखेल आधारभूत विद्यालय	महाँकाल गापा- ३	४
काभ्रेपलाञ्चोक		
श्रीनसुरी महाँकाल प्राइमरी स्कुल	बेथानचोक गापा- ४	५
श्रीकालीदेवी प्राइमरी स्कुल	भुम्लु गापा- १	४
जनजागृति आधारभूत विद्यालय	नमोबुद्ध नपा- ५	२
महाँकाल आधारभूत विद्यालय	नमोबुद्ध नपा- ५	४
महाँकाल आधारभूत विद्यालय	नमोबुद्ध नपा- ११	१
हिमालय प्रावि	तेमाल गापा- ५	५
कालीदेवी प्रावि	तेमाल गापा- ६	३
मकवानपुर		
भूमिचुली आधारभूत विद्यालय	भीमफेदी गापा- ३	५
महाँकाल प्रावि	थाहा नपा- ४	५
नुवाकोट		
भैरवकुण्ड आधारभूत विद्यालय	बेलकोटगढी नपा- ७	३
मानेडाँडा आधारभूत विद्यालय	दुप्चेश्वर गापा- २	३
सूर्यमती आधारभूत विद्यालय	दुप्चेश्वर गापा- १	५
रामेछाप		
शैलुङेश्वरी प्रावि	दोरम्बा शैलुङ गापा- १	२
सूर्योदय आधारभूत विद्यालय	खाँडादेवी गापा- ७	५
कालीदेवी आधारभूत विद्यालय	खाँडादेवी गापा- ६	३
ककनी आधारभूत विद्यालय	रामेछाप नपा- ३	२
सिन्धुली		
जनता प्राइमरी स्कुल	दुधौली नपा- १०	३
प्रावि बन्दीजोर	गोलन्जोर गापा- ६	५
भाविनी प्रावि	गोलन्जोर गापा- ४	४
वनठाकुर प्रावि	हरिहरपुरगढी गापा- ५	५
श्री चम्पादेवी प्राइमरी स्कुल	फिक्कल गापा- ४	५
सिन्धुपाल्चोक		
सातकन्या कालिका प्रावि	चौतारा साँगाचोकगढी नपा- १	२
सिन्दुर्चे प्रावि	जुगल गापा- २	५
सेलाङ आधारभूत विद्यालय	जुगल गापा- १	५
सरस्वती आधारभूत विद्यालय	लिसंखुपखर गापा- १	४
जनशिक्षा आधारभूत विद्यालय	त्रिपुरासुन्दरी गापा- ४	५
बाग्लुङ		
सृजनशील प्रावि	बडीगाड गापा- १०	४
वसन्त प्राइमरी स्कुल	बरेङ गापा- ३	१
शान्ति प्राइमरी स्कुल	बरेङ गापा- १	५
शिशुकल्याण आधारभूत विद्यालय	जैमिनी नपा- ५	३
सरस्वती प्राइमरी स्कुल	जैमिनी नपा- ८	४
सगरमाथा प्राइमरी स्कुल	जैमिनी नपा- २	५
एकता आधारभूत विद्यालय	जैमिनी नपा- ९	१
बालसाक्षरता प्राइमरी स्कुल	जैमिनी नपा- १०	४
कालिका आधारभूत विद्यालय	काठेखोला गापा- २	४
प्रजातन्त्रोदय आधारभूत विद्यालय	काठेखोला गापा- ६	४
मालिका आधारभूत विद्यालय	तमनखोला गापा- ६	२
श्री बालकल्याण प्राइमरी स्कुल	ताराखोला गापा- १	५
गोरखा		
असलादेवी आधारभूत विद्यालय	आरुघाट गापा- ३	४
इन्द्र प्रावि	सहिद लखन गापा- १	३
मण्डली प्रावि	सहिद लखन गापा- ६	५
जलदेवी प्रावि	सहिद लखन गापा- ९	५
सहिद सन्देश स्मृति आ.वि.	सहिद लखन गापा- ४	२
सहयोग सदन आधारभूत विद्यालय	सिरानचोक गापा- ५	५
सूर्यज्योति आधारभूत विद्यालय	सिरानचोक गापा- ७	३
कास्की		
शारदा आधारभूत विद्यालय	अन्नपूर्ण गापा- ९	२
कोमाचे बराह आधारभूत विद्यालय	अन्नपूर्ण गापा- ८	२
चण्डी आधारभूत विद्यालय	अन्नपूर्ण गापा- ९	४
लक्ष्मी आधारभूत विद्यालय	अन्नपूर्ण गापा- ७	५
सिद्ध आधारभूत विद्यालय	मादी गापा- ६	४
विश्वज्योति आधारभूत विद्यालय	मादी गापा- १२	२
भूमे आधारभूत विद्यालय	मादी गापा- ६	५
सिधाने आधारभूत विद्यालय	पोखरा महानगर- २३	३
गौरीशंकर मल्टिपल क्याम्पस	पोखरा महानगर- २५	२
ज्ञानोदय रघु आधारभूत विद्यालय	पोखरा महानगर- २०	२
लमजुङ		
बालकल्याण प्रावि	बेंसीसहर नपा- १०	५
कण्ठ प्रावि	बेंसीसहर नपा- १०	४
गणेश प्रावि	बेंसीसहर नपा- १०	३
बौद्धमिलन प्रावि	बेंसीसहर नपा- ५	४
जलदेवी प्रावि	बेंसीसहर नपा- ४	१
यशोधरा प्रावि	दूधपोखरी गापा- ६	५
श्रीगणेश प्राइमरी स्कुल	दूधपोखरी गापा- ४	२
कोपिला आधारभूत विद्यालय	दोर्दी गापा- १	४
गणेश आधारभूत विद्यालय	दोर्दी गापा- ६	४
बालकन्या आधारभूत विद्यालय	दोर्दी गापा- ६	५
जनकेसरी प्रावि	क्व्होलासोथार गापा- ७	४
लालीगुराँस प्रावि	क्व्होलासोथार गापा- ७	५
शान्तिदेवी प्रावि	क्व्होलासोथार गापा- ८	२
तमु प्रावि	क्व्होलासोथार गापा- ८	४
गौमती प्रावि	क्व्होलासोथार गापा- २	२
विद्यामन्दिर प्रावि	क्व्होलासोथार गापा- २	१
कृष्ण प्रावि	क्व्होलासोथार गापा- ३	४
पद्मोदय प्रावि	क्व्होलासोथार गापा- ३	१
जनश्रम आधारभूत विद्यालय	मध्यनेपाल नपा- १०	२
लालीगुराँस प्रावि	मर्स्याङ्दी नपा- ७	१
सृजना प्रावि	मर्स्याङ्दी नपा- ७	३
अन्नपूर्ण प्रावि	मर्स्याङ्दी नपा- १	४
मंगलोदय प्राइमरी स्कुल	मर्स्याङ्दी नपा- ३	५
जनप्रगति प्रावि	मर्स्याङ्दी नपा- ९	४
बडादेवी प्रावि	मर्स्याङ्दी नपा- ४	३
गणेशदेवी प्रावि	मर्स्याङ्दी नपा- ४	३
सुदर्शन आधारभूत विद्यालय	राइनास नपा- ८	४
कालिका शिक्षा मन्दिर प्राइमरी स्कुल	सुन्दरबजार नपा- ८	५
मनाङ		
श्री दीनदयालु आधारभूत विद्यालय	चामे गापा- २	५
तिलिचो आधारभूत विद्यालय	मनाङ डिस्याङ गापा- ९	४
म्याग्दी		
जनकल्याण आधारभूत विद्यालय	अन्नपूर्ण गापा- ३	३
धौलागिरि आधारभूत विद्यालय	अन्नपूर्ण गापा- ४	२
चन्द्रा आधारभूत विद्यालय	अन्नपूर्ण गापा- ८	४
शिखर आधारभूत विद्यालय	अन्नपूर्ण गापा- ५	३
म्याग्दी मल्टिपल क्याम्पस	बेनी नपा- ८	३
हंशवाहिनी आधारभूत विद्यालय	बेनी नपा- २	४
चेतना प्रावि	बेनी नपा- ५	४
कल्लेनी प्रावि	धौलागिरि गापा- ६	३
चाचुङ्गु प्रावि	धौलागिरि गापा- ४	२
रणजनज्योति आधारभूत विद्यालय	धौलागिरि गापा- ४	२
सरस्वती आधारभूत विद्यालय	मालिका गापा- १	४
जनसुन्दर आधारभूत विद्यालय	रघुगंगा गापा- ८	५
नवलपरासी पूर्व		
पञ्चकन्या आधारभूत विद्यालय	बौद्धीकाली गापा- ६	५
दीपेन्द्र प्रावि	बुलिङटार गापा- २	५
बालविकास प्रावि	बुलिङटार गापा- १	५
दुर्गामाता प्रावि	बुलिङटार गापा- ४	५
सरस्वती आधारभूत विद्यालय	हुप्सेकोट गापा- ६	५
गौरीशंकर प्राइमरी स्कुल	मध्यविन्दु नपा- १४	४
पर्वत		
देउराली प्रावि	जलजला गापा- १	३
युवा प्रावि	जलजला गापा- ६	२
वसन्त प्रावि	कुस्मा नपा- १२	२
लक्ष्मी प्रावि	मोदी गापा- ८	४
हरि प्राइमरी स्कुल	मोदी गापा- ६	५
भवानी प्रावि	फलेवास नपा- ९	५
जनता प्रावि	फलेवास नपा- ७	३
अम्दी प्रावि	फलेवास नपा- ११	४
स्याङ्जा		
आधारभूत आधारभूत विद्यालय	आँधीखोला गापा- १	४
बालरञ्जन आधारभूत विद्यालय	आँधीखोला गापा- ५	५
रानीरह आधारभूत विद्यालय	भिरकोट नपा- १	४
लाकुरीडाँडा आधारभूत विद्यालय	बिरुवा गापा- २	५
जनस्वामी आधारभूत विद्यालय	चापाकोट नपा- ४	३
दुर्गादेवी आधारभूत विद्यालय	गल्याङ नपा- ४	५
विद्याज्योति आधारभूत विद्यालय	गल्याङ नपा- ४	५
ज्योति आधारभूत विद्यालय	गल्याङ नपा- ७	२
बराही आधारभूत विद्यालय	फेदीखोला गापा- ५	५
श्री विद्याज्योति आधारभूत विद्यालय	वालिङ नपा- ७	३
तनहुँ		
कालिका आधारभूत विद्यालय	बन्दीपुर गापा- ५	२
ज्योति आधारभूत विद्यालय	बन्दीपुर गापा- १	२
श्री इन्द्रपुरी आधारभूत विद्यालय	देवघाट गापा- २	४
श्री शंकर आधारभूत विद्यालय	देवघाट गापा- ३	५
बालज्योति आधारभूत विद्यालय	शुक्लागण्डकी नपा- ११	२
पद्मा प्राइमरी स्कुल	व्यास नपा- ५	१
कृष्णालय प्राइमरी स्कुल	व्यास नपा- ८	५
अर्घाखाँची		
नवज्योति आधारभूत विद्यालय	पाणिनी गापा- ४	५
विजय आधारभूत विद्यालय	सीतागंगा नपा- १३	४
गुल्मी		
भगवती आधारभूत विद्यालय	कालीगण्डकी गापा- २	४
सरस्वती आधारभूत विद्यालय	कालीगण्डकी गापा- १	५
पाल्पा		
कनुङ आधारभूत विद्यालय	बगनासकाली गापा- ६	५
जनक आधारभूत विद्यालय	निस्दी गापा- ३	५
मुना आधारभूत विद्यालय	निस्दी गापा- ३	३
कमला प्राइमरी स्कुल	पूर्वखोला गापा- २	३
जनकल्याण प्रावि	रैनादेवी छहरा गापा- ५	४
चण्डेश्वरी प्रावि	रम्भा गापा- २	४
जनप्रिय प्रावि	रम्भा गापा- ४	२
सिद्ध प्राइमरी स्कुल	रामपुर नपा- ९	५
ज्ञानोदय आधारभूत विद्यालय	तानसेन नपा- १३	४
जनज्योति आधारभूत विद्यालय	तिनाउ गापा- १	३
काफलबारी आधारभूत विद्यालय	तिनाउ गापा- १	३
प्युठान		
सिद्ध प्रावि	झिम्रुक गापा- ६	४
दैलेख		
शुरादय प्रावि	आठबिस नपा- १	२
डोल्पा		
सुनगाभा आधारभूत विद्यालय	छर्का ताङसोङ गापा- ५	५
हुम्ला		
नमुबुद्ध आधारभूत विद्यालय	नाम्खा गापा- १	४
भृकुटी आधारभूत विद्यालय	नाम्खा गापा- ६	५
हिमालय आधारभूत विद्यालय	नाम्खा गापा- ४	५
खिरपानी आधारभूत विद्यालय	नाम्खा गापा- ७	५
सल्यान		
ध्रुवतारा आधारभूत विद्यालय	बागचौर नपा- १०	५
शारदा प्रावि	कालीमाटी गापा- ३	५
देउराली प्रावि	कालीमाटी गापा- २	४
सुर्खेत		
श्री भैरव प्रावि	बराहताल गापा- १	५
श्री नवज्योति प्रावि	भेरीगंगा नपा- ३	३
खाँडदेवी आधारभूत विद्यालय	लेकबेंसी नपा- २	५
कालिका आधारभूत विद्यालय	सिम्ता गापा- ९	५
अछाम		
कालभैरव आधारभूत विद्यालय	मेल्लेख गापा- ८	५
विन्दाबासिनी बालविकास केन्द्र	तुर्माखाद गापा- ३	१
बैतडी		
सुनौला आधारभूत विद्यालय	मेलौली नपा- ४	२
भूमिराज आधारभूत विद्यालय	मेलौली नपा- २	३
उदयदेव कालीहाडी आ.वि.	पञ्चेश्वर गापा- ४	२
सुन्दरपुर प्रावि	पञ्चेश्वर गापा- ९	३
बन्दीपुर प्रावि	सूरनया गापा- ५	१
डडेल्धुरा		
भूमिराज आधारभूत विद्यालय	नवदुर्गा गापा- ४	५
श्री ब्रह्मचारी प्राथमिक विद्यालय	आलिताल गापा- ३	३
दार्चुला		
महादेव आधारभूत विद्यालय	अपिहिमाल गापा- १	५
पञ्चदेव आधारभूत विद्यालय	लेकम गापा- ५	५
टोपीनाथ आधारभूत विद्यालय	महाकाली नपा- १	२
मालिकार्जुन आधारभूत विद्यालय	महाकाली नपा- २	४
हिमालय सिद्धनाथ आ.वि.	नौगाड गापा- १	४

भलाकुसाः बहुउद्देश्यीय अभियान सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.वडा नं.-१०, सतुंगल, काठमाडौंको

तपसिलमा उल्लेखित ऋणीहरुलाई धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धि १५ दिने अन्तिम सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८३/०२/११, सोमबार)

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले आफ्नो तथा आफ्ना एका घरपरिवारका सदस्यहरुको नामको अचल सम्पत्ति (घर जग्गा) यस संस्थाको नाममा धितो राखी कर्जा लिई कर्जा लिंदा गरेको सहमति अनुसार यस संस्थामा बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा किस्ताको रकम हालसम्म नबुझाएको र बुझाउनको लागि मौखिक/पत्राचार/सूचना आदि माध्यमबाट बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बसेको र कर्जा तिर्ने मनसाय देखाई संस्थामा सम्पर्क समेत राख्न नआउनु भएकोले तपशिलमा उल्लेखित ऋणीहरुको नाममा राष्ट्रिय दैनिक "नयाँ पत्रिका"मा मिति २०८०/०८/२३ गते र मिति २०८२/१०/०९ गते ३५ दिने तथा मिति २०८२/१२/२५ गते ३५ सार्वजनिक सूचना प्रकाशन गरिएकोमा हाल सम्म पनि यस सहकारीमा सम्पर्कमा नआउनु भएकोले पुनः तपसिलमा उल्लेखित ऋणीहरुको नाममा धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी अन्तिम १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले १५औं दिन भित्र यस संस्थामा बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा किस्ताको रकम समेत बुझाउन आउनु होला । उल्लेखित म्याद भित्र पनि साँवा, ब्याज, हर्जाना तथा किस्ताको रकम दाखिला हुन नआएमा उक्त १५ दिने म्याद नाघेको भोलिपल्ट अर्थात यो सूचना प्रकाशित भएको मितिले १६औं दिनमा (उक्त दिन बिदा परे सोको भोली पल्ट) संस्थासंग भएको शर्त कबुलियत, तमसुक बमोजिम कर्जा लिंदा धितो स्वरुप यस सँस्थाको नाममा राखेको तपशिलका अचल सम्पत्ति (घर जग्गा) सहकारी ऐन २०७४ को दफा ७९, ८३ तथा सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने ब्यहोरा समेत जानकारी गराउँदछौं । साथै यस सहकारीमा धितोमा रहेका उल्लेखित अचल सम्पत्ति (घर जग्गा) तपशिलमा उल्लेखित मिति र समयमा लिलाम बढाबढ हुने हुँदा उक्त लिलाम बढाबढ सकार गरी लिन ईच्छुक सर्वसाधारणहरु तथा सँस्थालाई समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

तपशिल

धितोको रुपमा रहेका अचल सम्पत्ति, ऋणी, धन जमानी तथा ऋणको बिवरण :

सि.नं.	ऋणीको विवरण	धितोमा रहेको सम्पत्तिको विवरण	धन जमानी बस्नेको विवरण	धन जमानी बस्नेको विवरण	तिर्नबाँकी साँवा,ब्याज, हर्जानाको बिवरण
१.	ऋणी: **इन्द्रमान महर्जन** ना.प्र.नं: ७/२५५, जारी मिति: २०४४/०२/२८ जिल्ला काठमाडौं बाबुको नाम: भिमसेन महर्जन बाजेको नाम: पाण्डव महर्जन स्थायी ठेगाना: का.जि. च.न.पा.-१०, सतुंगल काठमाडौं	क) लक्ष्मी महर्जनको नाममा रहेको का.जि. दहचोक गा.बि.स.वडा नं. २(ग) कि.नं.१११८ को क्षे.फ. क्रमशः ०-६-०-२ (ख) धादिङ जिल्ला नौबिसे गा.वि.स. वडा नं ६ ख कि.नं. ४७९ क्षे.फ.१-०-०-०, (ग) का.जि. बाडभञ्ज्याङ गा.वि.स. वडा नं: ९च कि.न. २०८ को क्षे.फ. ३-११-०-० (घ) इमी महर्जन नाममा रहेको धादिङ जिल्ला नौबिसे गा.बि.स. वडा नं ६ ख कि.नं. ४७६ क्षे.फ.१-०-०-० (ङ) इन्द्रमान महर्जनको नाममा रहेको धादिङ जिल्ला नौबिसे गा.बि.स.वडा नं ५ ख कि.नं.३१३ क्षे.फ. ४-८-२-० र सो जग्गाले चर्चेको लिगलगापात समेत ।	ऋणी: **लक्ष्मी महर्जन** ना.प्र.नं १०६७१ जारी मिति: २०५४/०१/०८ जिल्ला काठमाडौं बाबुको नाम: चन्द्र बहादुर महर्जन बाजेको नाम: जितलाल महर्जन स्थायी ठेगाना: का.जि. च.न.पा.-१०, सतुंगल काठमाडौं	ऋणी: **इमी महर्जन** ना.प्र.नं: १०४६/६३८२८ जारी मिति: २०६७/०६/०४ जिल्ला काठमाडौं बाबुको नाम: इन्द्रमान महर्जन बाजेको नाम: भिमसेन महर्जन स्थायी ठेगाना: का.जि. च.न.पा.-१०, सतुंगल काठमाडौं	साँवा,ब्याज,हर्जाना समेत गरी जम्मा बाँकी रहेको **रू. ५,०१,५८,६८२/-** (अक्षरेपी पाँच करोड एक लाख उन्ठाउन हजार छ सय बयासी रूपैयाँ मात्र)
२.	ऋणी: **इन्दु महर्जन** ना.प्र.नं: १०४६/६३८६५ जारी मिति: २०६७/०६/०४ जिल्ला: काठमाडौं बाबुको नाम: इन्द्रमान महर्जन बाजेको नाम: भिमसेन महर्जन स्थायी ठेगाना : का.जि. च.न.पा.-१०, सतुंगल काठमाडौं	क) ईन्दु महर्जनको नाममा रहेको धादिङ जिल्ला थाक्रे गा.बि.स. वडा नं. ९ (ख) कि.न.. ४६४ र ४७० क्षे.फ. २-९-०-० र १-८-०-३ समेत जम्मा कित्ता २ (दुई कित्ता) (ख) इन्दु महर्जनको नाममा रहेको का.जि. देहचोक गा.बि.स.वडा नं. २ (ग) कि.नं. १११७ र ११२१ क्षे.फ. क्रमशः ०-५-३-०, र ०-६-१-३ समेत जम्मा कित्ता २ (दुई कित्ता) (ग) धादिङ जिल्ला नौबिसे गा.वि.स वडा नं: ५ (ख) कित्ता नं ३१२ क्षे.फ. ४-८-२-० । (घ) धादिङ जिल्ला नौबिसे गा.बि.स. वडा नं. ६(ख) कि.नं.४७७ क्षे.फ. १-०-०-० र सो जग्गाले चर्चेको लिगलगापात समेत ।	ऋणी: **लक्ष्मी महर्जन** ना.प्र.नं १०६७१ जारी मिति: २०५४/०१/०८ जिल्ला काठमाडौं बाबुको नाम: चन्द्र बहादुर महर्जन बाजेको नाम: जितलाल महर्जन स्थायी ठेगाना: का.जि. च.न.पा.-१०, सतुंगल काठमाडौं	ऋणी: **इमी महर्जन** ना.प्र.नं: १०४६/६३८२८ जारी मिति: २०६७/०६/०४ जिल्ला काठमाडौं बाबुको नाम: इन्द्रमान महर्जन बाजेको नाम: भिमसेन महर्जन स्थायी ठेगाना: का.जि. च.न.पा.-१०, सतुंगल काठमाडौं	साँवा, ब्याज, हर्जाना समेत गरी जम्मा बाँकी रहेको **रू. १,४५,४४,८२७/-** (अक्षरेपी एक करोड पैंतालिस लाख चवालिस हजार आठ सय सत्ताइस रूपैयाँ मात्र)

नियम तथा शर्तहरु:

१. धितो बढाबढमा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले कबोल गरेको अङ्कको १०% ले हुने रकम धरौटी बापत तुरुन्त लिलाम बढाबढ गरेकै बखतमा यस संस्थामा जम्मा गर्नु पर्नेछ ।
२. लिलाम बढाबढमा भाग लिने व्यक्ति/सँस्थाले लिलाम सकार गरेको मितिले ७ दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ र बाँकी रुपैया बुझाए पछि मात्र अचल सम्पत्ति नामसारीको प्रक्रिया अगाडी बढाईने छ ।
३. तोकिएको दिनमा सार्वजनिक बिदा परे त्यसको लगत्तै सरकारी कार्यालय खोल्ने दिनमा लिलाम बढाबढ गरिनेछ ।
४. लिलाम बढाबढ गर्दा सबै भन्दा बढी अङ्क बोल्ने व्यक्ति वा संस्थालाई लिलाम स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
५. लिलाम बिक्री हुने अचल सम्पत्ति सम्बन्धी कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस सँस्थाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुने छ ।
६. सहकारी ऐन, सहकारी नियमावली तथा संस्थाको विनियम अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा कबोल गरेको रकम संस्थालाई चित्त बुझ्दो नभएमा संस्थाले प्रचलित ऐन कानून बमोजिम उक्त सम्पत्तीको स्वामित्व आफुमा लिन सक्नेछ ।
७. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयमले ब्यहोर्नु पर्नेछ । धितो नामसारी गर्दा लागेको सम्पूर्ण खर्चहरु लिलाम सकार गर्नेले ब्यहोर्नु पर्नेछ ।
८. संस्थामा सुरक्षणमा रहेको सम्पत्ति बिक्रीबाट पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा कानून बमोजिम ऋणीको नाममा रहेको अन्य चल अचल सम्पत्ति समेतबाट बाँकी कर्जा रकम असुल उपर गरिनेछ ।
९. लिलाम बढाबढ यस संस्थाको कार्यालयमा मिति २०८३/०२/२६ गते मंगलबार, दिनको ११ बजे बाट दिनको ४:०० सम्म हुनेछ ।

कार्यदल बनाएर...

पृष्ठ १ बाट क्रमशः

पुनर्गठनको मुद्दा कसरी टुंगिन्छ भन्ने प्रारम्भिक कोर्स सुरु हुनेछ । महासचिव शंकर पोखरेल र अध्यक्ष ओलीले आपसी सल्लाह गरेर १५ देखि २० असारभित्र केन्द्रीय कमिटी बैठक बोलाउने सचिवालयको निर्णय छ ।

बैठकमा आफ्ना विश्वासपात्र उपाध्यक्ष विष्णु पौडेल र महासचिव पोखरेल नै आफूलाई हटाएर पार्टी पुनर्गठन गर्ने पक्षमा उभिएसँगै बहुसंख्यक नेता पनि त्यही दिशामा अग्रसर भएपछि ओली आक्रोशित भएका थिए । त्यसपछि पुनर्गठनको औचित्यमाथि प्रश्न उठाउँदै उनले केन्द्रीय कमिटी बैठक 'फेस' गर्न तयार रहेको धारणा राखेका थिए ।

पुनर्गठनको शब्द नै सुन्न नचाहेर आफ्नै नेतृत्वमा पार्टी एकताबद्ध भएको सन्देशसहित अगाडि बढाउन चाहे पनि बहुसंख्यक नेता आफ्नो विकल्पमा उभिएकै कारण ओली बैठकको समापनमा भने नरम रूपमा प्रस्तुत भएको एक पदाधिकारीले बताए । त्यही कारण पुनर्गठन प्रस्ताव स्विकार्दै केन्द्रीय कमिटीमा बहस र छलफलको सर्वसम्मत रूपमा समझदारी भएको तथा त्यसले पार्टी एकताको दिशामै अघि बढेको सकारात्मक सन्देश दिएको पनि ती नेताको दाबी छ ।

बैठकपछि उपमहासचिव लेखराज भट्टले सचिवालय बैठकमा सबै नेतालाई अध्यक्षले असीमित समय दिएर खुला छलफल गर्ने वातावरण सिर्जना गरेका कारण खुला छलफल भएको र त्यसले पार्टीलाई वैचारिक रूपमा मात्र नभएर भावनात्मक रूपमा समेत एकताबद्ध बनाएको दाबी गरे । अर्का उपमहासचिव योगेश भट्टराईले चुनावी समीक्षा र पुनर्गठनको प्रस्तावलाई बैठकले एकैसाथ अगाडि बढाएको बताए । उनले पार्टीले बनाएको कार्यदलले ल्याउने प्रस्तावमाथि फेरि केन्द्रीय सचिवालयमा छलफल हुने र त्यसलाई अन्तिम रूप दिएर केन्द्रीय कमिटी बैठकमा छलफलका लागि प्रस्तुत हुने बताए ।

अध्यक्ष ओलीको प्रतिरक्षा गरिरहेका सचिव महेश बस्नेतले बैठकमा अध्यक्षका प्रस्तावहरू नै सर्वसम्मत पारित भएकाले बाहिर कमजोर संख्या भन्दै गरिएको प्रचारबाजी झुटो साबित भएको बताए । 'अध्यक्षका पक्षमा सचिवालयमा कमजोर संख्या भयो भन्ने बाहिर जुन ढंगले मिडियाबाजी भयो, हामीले भ्रामक भनेकै थियौं, आखिर त्यही साबित भयो, किनभने अध्यक्षले प्रस्ताव गरेकै सबै प्रस्ताव सर्वसम्मत पारित भए,' बस्नेतले भने ।

नेपाली कूटनीतिक नियोगमा समस्यै–समस्या

परराष्ट्र मन्त्रालय र मातहतका ४८ निकायमा बजेट प्रभावकारी कार्यान्वयन नभएको, मनपरी भत्ता वितरण गरिएको, श्रीलंकामा ३० वर्षअघि खरिद जग्गाको लालपुर्जा नै नभएकोलगायत बेथिति उजागर गऱ्यो महालेखाले

पर्शुराम काफ्ले/नयाँ पत्रिका

महालेखा परीक्षकको कार्यालयले ६३औँ वार्षिक प्रतिवेदनमा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूमा आर्थिक अनियमितता र अपारदर्शिताका फेहरिस्त औँल्याएको छ। आर्थिक वर्ष ०८१/८२ मा परराष्ट्र मन्त्रालय र मातहतका ४८ निकायको २२ अर्ब ३९ करोड ३२ लाख रुपैयाँबराबरको लेखा परीक्षण गरेकोमा मनपरी भत्ता वितरण, घर भाडा भुक्तानीलगायत बेथिति उजागर गरेको छ। नेपाली दूतावासका नाममा खरिद भएका जग्गाको सदुपयोग नभएको र श्रीलंकामा ३० वर्षअघि खरिद भएको जग्गाको अझै लालपुर्जा नभएकोसमेत प्रतिवेदनमा उल्लेख छ।

कुल बजेटमध्ये चालू ९५.३१ प्रतिशत र पुँजीगत जम्मा ५८.८४ प्रतिशत खर्च भएको छ। बजेटको प्रभावकारी कार्यान्वयन नभएको महालेखाले ठहर गरेको छ। कूटनीतिक नियोगहरू आर्थिक कूटनीतिमा प्रभावकारी नदेखिएको प्रतिवेदनमा छ। नियोगमार्फत आर्थिक कूटनीतिसम्बन्धी तालिम सञ्चालन, दूतावास तथा नियोगहरूसँग सम्बन्धित देशको विशेषताअनुसार सम्भावित कार्यक्रम, नियोगहरूको भवन निर्माण तथा जग्गा खरिदलगायत ११ कार्यक्रमको प्रगति शून्य देखिन्छ।

मन्त्रिपरिषद्को २३ जेट ०५१ को निर्णयमा नियोग प्रमुखबाहेक अन्य कर्मचारीका लागि मन्त्रालयले तोकेबमोजिम साधारण रूपमा सुसज्जित आवास भवन उपलब्ध गराउने भने पनि परराष्ट्रले मन्त्रालयले कर्मचारीको पदीय स्तरअनुसार मापदण्ड तथा रकमको सीमा तोकेको छैन। लेखा परीक्षण भएको आर्थिक वर्षमा ३९ नियोगले नियोग प्रमुखसहित अन्य कर्मचारीको घरभाडामा ९८ करोड दुई लाख ७५ हजार खर्च भएको छ। मन्त्रालयसँगको पटके सहमतिका आधारमा नियोगहरूले घरभाडा खर्च गर्ने गरेको महालेखाले औँल्याएको छ।

'जापानमा दूतावास कार्यालय भवनभन्दा राजदूतको निवासको भाडा बढी रहेको तथा जापान, चीन, दक्षिण कोरिया, हङकङलगायत नियोगमा समेत कर्मचारीको ओहोदाअनुसार घर भाडा नलिई माथिल्लो पदभन्दा तल्लो पदको घरभाडा बढी रहेको अवस्था छ,' महालेखाले भनेको छ, 'कूटनीतिक कर्मचारीका लागि प्रयोजन खुलाई क्षेत्रफल, देश, स्थान तथा स्तरसहितको घरभाडा सुविधासम्बन्धी मापदण्ड निर्धारण गर्नुपर्दछ।'

घर भाडामा लिँदा विदेशस्थित नेपाली नियोगको आर्थिक कार्यविधि, २०७९ को दफा १० (१३) कार्यान्वयन नभएको पनि महालेखाले जनाएको छ। कार्यविधिमा नियोगले घरभाडा लिँदा सुरक्षणबापत घरधनीलाई अग्रिम रूपमा रकम बुझाउनुपर्ने भएमा त्यस्तो रकम पेस्कीस्वरूप भुक्तानी दिन सकिने र त्यसरी पेस्की दिएको रकम फर्स्योट नभएसम्म प्रत्येक आर्थिक वर्षमा पेस्की जिम्मेवारी सार्दै जानुपर्ने उल्लेख छ। 'यस वर्ष लेखा परीक्षण सम्पन्न गरिएकामध्ये टोकियो, क्वालालम्पुर, कोपनहेगनलगायत १६ नियोगले घरभाडा सुरक्षणबापत चार करोड ४६ लाख १५ हजार पेस्की कायम नगरी खर्च लेखेका छन्,' महालेखाले भनेको छ।



परराष्ट्र सेवासम्बन्धी नियोगले उल्लंघन गर्दै भत्ता र सुविधा

नियोगहरूले २३ जेठ ०५१ को मन्त्रिपरिषद् निर्णय र पटके निर्णयका आधारमा वैदेशिक भत्ता, पारिवारिक भत्ता, शैक्षिक भत्ता, निजी कामदारको दैनिक तथा भ्रमण भत्ता, बिदा अवधिको वैदेशिक भत्ता, सेटलमेन्ट भत्ता, आवास सुविधा, औषधि उपचार, निजी सामान तथा सरकारी साधन खरिद र ढुवानीलगायतको सुविधा लिँदै आएको महालेखाले जनाएको छ। सरकारी समिति गठन गर्न तथा मन्त्रिपरिषद्ले यसबारेमा निर्णय गराएर त्यहीअनुसार सुविधा उपलब्ध गराउने परराष्ट्र सेवासम्बन्धी नियम, २०६८ मा उल्लेख भए पनि कार्यान्वयन नभएको महालेखाले जनाएको छ। 'यस्ता निर्णयमा पटक-पटक संशोधन भएको, संशोधनहरू एकआपसमा बाझिएको देखिएकाले सुविधामा पुनरावलोकन तथा एकीकृत कानुनी व्यवस्था गरी भुक्तानी हुनुपर्ने व्यहोरा विगत वर्षदेखि औँल्याइँदै आएकोमा सुधार भएको छैन,' प्रतिवेदनमा छ।

नियमविपरीत भ्रमण भत्ता र स्थानीय भत्ता

महालेखाका अनुसार भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (११) मा सरकारी कामका सिलसिलामा दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने उल्लेख छ। तर, लेखा परीक्षण भएको वर्ष ४३ नियोगका कर्मचारीले कार्यरत मुलुकको आन्तरिक भ्रमणमा सात करोड ३३ लाख तीन हजार दैनिक तथा भ्रमण खर्च लिएकोमा सो अवधिमा वैदेशिक भत्तासमेत भुक्तानी गरेको देखिएको छ।

परिवारविनाको पारिवारिक वैदेशिक भत्ता

मन्त्रिपरिषद्ले २० चैत ०७१ को निर्णयबाट विदेशस्थित नेपाली दूतावासमा नियोग प्रमुखलगायत अन्य कूटनीतिक कर्मचारीको आश्रित परिवारका सदस्यहरूलाई सम्बन्धित नियोगमा परिवार नलगेको अवस्थामा तोकिएबमोजिम पारिवारिक भत्ता, शैक्षिक भत्ता, बिमा खर्च र औषधि उपचार खर्च पाउने व्यवस्थालाई खारेज गरेको छ। तर, ०८१/८२ मा महावाणिज्य दूतावास, ल्हासामा कार्यरत कूटनीतिक कर्मचारीहरूको सुविधा सम्बन्धमा अध्ययन गर्न एक समिति गठन भएकोमा त्यसबारे निर्णय भएको नदेखिएको महालेखाले जनाएको छ।

दुई अर्ब राजस्व नै भएन दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ (१) बमोजिम नेपाल सरकारलाई प्राप्त भएका सबै राजस्व तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्नेमा नियोगहरूले गरेनन्। 'विदेशस्थित ४० नियोगबाट ६ अर्ब २१ करोड ४२ लाख ५६ हजार राजस्व संकलन भएकोमा आसार मसान्तसम्म ४ अर्ब ३५ करोड ७५ लाख ९८ हजार निकासा कट्टी गरी राजस्व खातामा दाखिला भएको र एक अर्ब ९३ करोड ६६ लाख ५८ हजार बाँकी रहेको देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'सोमध्ये ०८२ फागुन मसान्तसम्म १० नियोगको ३३ करोड ५२ लाख १७ हजार राजस्व खातामा दाखिला भएको नदेखिएकोले सो रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ।'

नेपाली दूतावास बैंककले आर्थिक विवरणअनुसार थाई भाट दुई करोड ३५ लाख ९८ हजार ८५० तथा अमेरिकी डलर ३६ हजार १८० राजस्व आम्दानी गरी नेपाली मुद्रामा दुई करोड २३ लाख २४ हजार सञ्चित कोष दाखिला गरेको, तर आर्थिक वर्षको अन्त्यमा थाई भाट एक करोड ९२ लाख ८० हजार तथा अमेरिकी डलर पाँच हजार ७४७ दाखिला गर्न बाँकी रहेको देखिएको छ। नियोगहरूले विनियोजनतर्फ निकासामध्ये खर्च भई बाँकी रकम वर्षान्तमा दाखिला नगरी अर्को आर्थिक वर्षको प्रथम र दोस्रो चौमासिक निकासाबाट मन्त्रालयले कट्टा गरी हिसाब मिलान गर्ने गरेको महालेखाले औँल्याएको छ।

घरभाडामा मात्रै ९८ करोड खर्च

नियोगहरूका लागि भवन खरिद तथा निर्माण गर्दै जाने नेपाल सरकारको नीति छ। विदेशस्थित ४४ नियोगमध्ये नौ दूतावास कार्यालय र ११ राजदूत निवास मात्र आफ्नो स्वामित्वमा वा लिजमा रहेको र बाँकीले भवन भाडामा लिई सञ्चालन गर्दै आएका छन्। नियोगहरूको घर/अपार्टमेन्ट भाडाका लागि उक्त वर्ष एक अर्ब सात करोड ५९ लाख ६९ हजार निकासा भएकोमा ४० नियोगबाट ९८ करोड दुई लाख ७५ हजार खर्च भएको छ। लेखा परीक्षण भएको वर्ष जग्गा तथा भवन खरिद र भवन निर्माणसम्बन्धी कार्य भएको छैन। गैरआवासीय भवन निर्माण गर्न विगतमा इस्लामाबाद, रियाद, कोलम्बो, पुत्रजया, मस्कट, क्यानबेरा, बेइजिङमा खरिद गरिएका जग्गामा भवन निर्माण हुन नसकेको महालेखाले औँल्याएको छ।

महालेखाका अनुसार कोलम्बोस्थित राजगिरियामा नेपाली दूतावास स्थापना गर्न सन् १९८९ मे १८ मा श्रीलंकाको एक कर्पोरेसनबाट अमेरिकी डलर तस्न लाख ६० हजारमा १.५ एकड जग्गा खरिद भएकोमा हाल उक्त जग्गा उपयोगविहीन अवस्थामा छ। उक्त जग्गामा कम्पाउन्ड वाल निर्माण गर्न ३० लाख बजेट विनियोजन भएकोमा उक्त जग्गाको स्वामित्व सम्बन्धमा स्पष्ट हुन नसकेको जनाई नियोगले उक्त रकम खर्च गरेको छैन। श्रीलंकाको सरकारी मूल्यांकनअनुसार हालको अवस्थामा उक्त जग्गाको मूल्य करिब ६५ लाख अमेरिकी डलर छ।

■ रास्वपा महाधिवेशनको कार्यतालिका सार्वजनिक

कम्तीमा २५ सय प्रतिनिधि रहने, मूल नेतृत्व परिवर्तन नहुने

नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो प्रथम महाधिवेशनको कार्यतालिका सार्वजनिक गरेको छ। रास्वपा केन्द्रीय निर्वाचन आयोगले आइतबार स्थानीय तह, जिल्ला र प्रदेशलाई समेटेर ५ असारसम्मको कार्यतालिका सार्वजनिक गरेको हो। रास्वपाको महाधिवेशन ७-९ असारसम्म चितवनमा हुँदै छ।

आयोग उपप्रमुख राम गुरुङका अनुसार पार्टीको प्रथम ऐतिहासिक राष्ट्रिय महाधिवेशनको तयारी कार्यतालिका स्वीकृत गरिएको छ। कार्यतालिकाअनुसार निर्वाचन समिति गठन, प्रतिनिधि नामावली पेस, अधिवेशन प्रतिवेदन संकलनलगायतका कार्यहरू गर्न समयसीमा तोकिएको छ।

कार्यतालिकाअनुसार १५ जेठसम्म ७७ जिल्ला तथा सात प्रदेशमा निर्वाचन समिति गठन गरिसक्नुपर्ने भनिएको छ। १० जेठसम्म आधिकारिक परिपत्र तथा माइन्युट प्रतिलिपि पठाउने भनिएको छ। २० जेठसम्म स्थानीय तथा जिल्ला अधिवेशनको प्रतिवेदन संकलन गर्ने भनिएको छ।



महामन्त्री कवीन्द्र बुर्लाकोटीका अनुसार वडा र पालिकाहरूको अधिवेशन सकिने चरणमा छ। २३ र २४ जेठमा देशभरै जिल्ला अधिवेशन हुने उनले बताए। २५ जेठसम्म महाधिवेशन प्रतिनिधिको नामावली पेस गर्ने भनिएको छ।

यस्तै, बागमतीमा २६ जेठ, कोशीमा २७, मधेशमा २८, गण्डकीमा २ ९, लुम्बिनीमा ३०, कर्णालीमा ३१ र १ असारमा सुदूरपश्चिम प्रदेशको अधिवेशन हुने गरी कार्यतालिका बनेको बुर्लाकोटीले बताए।

यस्तै, ३० जेठसम्म जिल्ला अधिवेशन तथा निर्वाचन प्रतिवेदन पेस गर्ने भनिएको छ। ५ असारसम्म प्रदेश अधिवेशनमा निर्वाचित पदाधिकारीको विवरण पेस गर्ने र इलेक्ट्रोनिक भोटिङ मेसिनसम्बन्धी छलफल गरिसक्ने भनिएको छ। कार्यतालिकाअनुसार सबै जिल्ला सभापतिहरूसँग आवश्यक समन्वय गर्न सम्बन्धित प्रदेश सभापतिहरूलाई निर्देशन दिइएको छ।

७७ जिल्लाबाटै कम्तीमा दुई हजार पाँच सय प्रतिनिधिको सहभागिता रहनेछन्। ७७ जिल्लामा केन्द्रीय सदस्यहरूलाई समन्वयका लागि तोकिँदै छ।

महाधिवेशन तयारीका लागि गठन भएका उपसमितिहरूले पनि काम गरिरहेको बुर्लाकोटीले बताए। उनका अनुसार प्रतिनिधि व्यवस्थापन समिति, प्रतिवेदन तथा प्रस्ताव मस्यौदा समिति, आर्थिक व्यवस्थापन समिति, प्रचारप्रसार समिति, सुरक्षा समिति, सूचना प्रविधि, साजसज्जा समिति, आवास तथा भोजन समिति, स्वास्थ्य तथा प्राथमिक उपचार समिति, सांस्कृतिक कार्यक्रम समिति, अतिथि सत्कार समिति, विधान संशोधन समिति गठन गरिएको छ।

पार्टीको जन्मदेखि अहिलेसम्मको दायरा विस्तार, जनअपेक्षाले महाधिवेशन ऐतिहासिक हुने र जनताको समस्या सम्बोधन, सुशासन र समृद्धि हासिल गर्न सक्ने गरी काम गर्न सक्ने पार्टी बनाउन खोजेको बुर्लाकोटीले बताए।

'असार ७ गते पार्टीको प्रथम ऐतिहासिक महाधिवेशन उद्घाटन हुन्छ चितवनमा। ८ र ९ असारमा अन्य कार्यक्रम सम्पन्न गरेर पार्टी अगाडि बढ्छ,' उनले भने।

पार्टी स्थापनाको चार वर्षपछि हुन लागेको प्रथम ऐतिहासिक महाधिवेशनले मूल नेतृत्व परिवर्तन नगर्ने भएको छ। महामन्त्री कवीन्द्र बुर्लाकोटीले महाधिवेशनबाट सभापति रवि लामिछाने नै हुने बताए। वरिष्ठ नेतामा बालेन्द्र शाह दोहोरिनेछ।

'पार्टीको मौजुदा संरचना ख्यालमा राखेर पार्टीले नै सरकार सञ्चालन गरिरहेको छ। सबैलाई सन्तुलनमा राखेर हेर्दा पार्टीको मूल नेतृत्व परिवर्तन हुने संकेत छैन। पार्टी सभापति रवि लामिछानेज्यू नै हुनुहुन्छ। र, सरकारको नेतृत्व पार्टीका वरिष्ठ नेता र संसदीय दलका नेताले गरिरहनुभएको छ। यो सन्तुलन मिलाएर पार्टी अगाडि बढ्छ,' बुर्लाकोटीले भने। अन्य पदाधिकारी पदमा भने प्रतिस्पर्धा हुन सक्ने उनको भनाइ छ। महाधिवेशन नजिकिँदै गर्दा पदाधिकारीमा नेताहरूले आ-आफ्नै तरिकाले आकांक्षा राखिरहेका छन्।

संक्षेप

बागमती खोला तर्न खोज्दा डुबेर दुई युवकको मृत्यु

सर्लाही/ बागमती नदी तर्नेक्रममा डुबेर बेपत्ता भएका दुई युवकको शव आइतबार दिउँसो फेला परेको छ। शनिबार दिउँसो ४ बजेतिर बागमती नदी तर्ने क्रममा रौतहट र सिन्धुलीको सिमाना झप्सी भन्ने स्थानबाट पाँचजनालाई खोलाले बगाएको थियो। त्यसमध्ये दुई युवकको शव भेटिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए। खोलामा डुबेर बेपत्ता भएका लालबन्दी नगरपालिका- ९, बस्तीपुर बस्ने अन्दाजी १८ वर्षका रोहित महतो र लालबन्दी नगरपालिका- ६, बस्ने अन्दाजी २० वर्षका गणेश महतोको शव बागमती नगरपालिका- ११ स्थित खोलाकिनारमा फेला परेको हो।खोला तर्नेक्रममा झप्सी झुलुंगे पुलमुनिबाट रोहित र गणेशसहित बरहथवा नगरपालिका- ५ बस्ने अन्दाजी २८ वर्षका सहमद मोमिन र २४ वर्षका मोहमद अख्तर र ब्रह्मपुरी गाउँपालिका- ३ बस्ने अन्दाजी २० वर्षका श्याम भण्डारी पनि खोलामा बगेका थिए। तर, उनीहरू तीनजना केही मिटरको दूरीमा रहेको रौतहट नगरपालिका- १, नुनथर क्षेत्रमा पौडिएर निस्कन सफल भएको प्रहरी प्रवक्ता राईले बताए। दुईजना भने बेपत्ता थिए। शनिबार राति अबेरसम्म प्रहरी र स्थानीयले खोजी गर्दा पनि उनीहरू फेला परेका थिएनन्। बिहान फेरि सम्भावित क्षेत्रमा खोजी गर्ने क्रममा दुईजनाको शव फेला परेको प्रहरीले जनाएको छ।

'सभामुखले रुलिङ गरेर प्रधानमन्त्रीलाई सदनमा उपस्थित गराउनुपर्छ'

काठमाडौं/ विपक्षी दलहरूले प्रधानमन्त्री बालेन्द्र शाहलाई सदनमा उपस्थित गराएर प्रश्नोत्तर कार्यक्रम चलाउन रुलिङको माग गरेका छन्। आइतबार एमाले संसदीय दलको कार्यालयमा बसेको विपक्षी चार दलका प्रमुख सचेतकहरूको बैठकले सभामुखले रुलिङ गरेर प्रधानमन्त्रीलाई सदनमा उपस्थित गराउनुपर्ने निष्कर्ष निकालेको नेकपा प्रमुख सचेतक युवराज दुलालले बताए। 'चारवटा दलका प्रमुख सचेतक बस्यौं। हाम्रो एजेन्डा नियमावलीको ५६ मा संसद्मा प्रधानमन्त्रीले प्रश्नोत्तर गर्नुपर्ने विषयमा छलफल भयो। संसद्मा आउनुपऱ्यो भनेर अस्ति विषय उठान भइसकेको छ। अब त्यो माग निरन्तर राख्ने कुरा भयो। पर्सिको बैठक र कार्यव्यवस्थामा राख्छौं,' उनले भने, 'हाम्रो कुरा के हो भने प्रधानमन्त्री कहिले आउने भनेर सभामुखले भन्नुपऱ्यो। सभामुखले समन्वय गरेर रुलिङ गर्नुस्, प्रधानमन्त्रीसँग डराउन भएन भन्ने हो।'नियम ५६ मा प्रत्येक महिनाको पहिलो साताको कुनै एक दिन प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम सञ्चालन गर्ने व्यवस्था छ।

छोरीलाई बोझ नसम्झिई पढाउन उपसभामुख ठाकुरको आग्रह

सर्लाही/ प्रतिनिधिसभाकी उपसभामुख रुबीकुमारी ठाकुरले छोरीलाई बोझ नसम्झी पठनपाठनका लागि प्रोत्साहन गर्न आग्रह गरेकी छिन्। आइतबार सर्लाहीको चन्द्रनगर गाउँपालिकाले आयोजना गरेको दुईदिने बालविवाह एवं दाइजो प्रथा उन्मूलनसम्बन्धी सभामा उनले छोरीलाई पढ्न प्रोत्साहन गर्नुपर्ने बताएकी हुन्। उनले विशेषगरी मधेशमा जरो गाडेर बसेको दाइजो प्रथा र बालविवाहविरुद्ध आफू सास रहुन्जेल लडिरहनेसमेत बताइन्। बालविवाह र दाइजो प्रथा मधेशबाट मात्र नभई देशबाट उन्मूलन हुनुपर्ने भन्दै उनले त्यसका लागि आफूलाई साथ दिनसमेत आह्वान गरिन्। लैंगिक विभेद गरी छोरीलाई बोझ मान्ने गलत मान्यताका कारण पनि बालविवाह हुने गरेको उनको भनाइ थियो। मधेशले छोरीलाई घरबाटै सम्मान गर्न सिक्नुपर्ने ठाकुरले बताइन्। 'तपाईंहरू दुई-चारवटा छोरी जन्मनेबित्तिकै बोझ सम्झिएर दुःख मान्नुहुन्छ,' उनले प्रश्न गरिन्, 'माता सीताको जन्मभूमिमा छोरी जन्मनु कसरी बोझ हुन सक्छ ?' बालविवाह र दाइजो प्रथाले विवाहपछि परिवारमा विखण्डन ल्याउने गरेको भन्दै दाइजो दुवै परिवारको अभिशाप भएको उनले बताइन्।

फिर्केखोला क्षेत्रभित्रका १९ वटा संरचना भत्काइए

कास्कीमा रोहितराज पराजुली

पोखराको विभिन्न भाग भएर बग्ने फिर्केखोला अतिक्रमण गरी खोलाघरभित्र निर्माण गरिएका संरचना आइतबारदेखि हटाउन सुरु गरिएको छ। पोखरा महानगरपालिका- १८, सराङकोटस्थित अँधेरीकुनाबाट सुरु भएर महानगरका विभिन्न आठवटा वडाको बस्ती छिचोल्दै करिब नौ किलोमिटर यात्रा गरी फेवातालको ड्यामसाइडनजिकैको गाईघाटबाट सिधै तालमा मिसिने ठाउँमा निर्मित संरचना हटाउन थालिएको हो। आइतबार १९ वटा संरचना भत्काइएका छन्।

आइतबार खोलाको तीन स्थान पोखरा वडा नम्बर २ र १८ को सिमाना अँधेरीकुनादेखि पोखरा वडा नम्बर ४ र ५ को सिमाना फिर्केपुल बुढानीलकण्ठ मन्दिरदेखि, पोखरा ७ र ८ को सिमाना जिरो किमिस्थित लायन्सको भवनबाट डोजर र एक्स्काभेटरले संरचना हटाउन थालेको हो। महानगरको वडा नम्बर १८ बाट सुरु भएको फिर्के वडा नम्बर २, ४,५, ८, ७, ६ र १७ हुँदै फेवातालसम्म पुगेको छ।

फिर्केखोलाको खोलाघर क्षेत्र अतिक्रमण गरी निर्माण गरिएका स्थायी एवं अस्थायी भौतिक संरचना आफैँ हटाउन ४ वैशाखमा महानगरले जारी गरेको सूचनालाई समेत आधार मान्दै ९ जेठभित्र आफैँ संरचना हटाउन पुनः ६ जेठमा सूचना जारी गरेको थियो। सोही सूचनापछि आइतबारदेखि महानगरले डोजर चलाउन सुरु गरेको हो। डोजर चलाउने स्थानमा नगर प्रहरीसँगै बाक्लो मात्रामा सुरक्षकर्मी परिचालन गरिएको थियो।



सीमांकनका क्रममा खेलाघरभित्र १६० वटा भौतिक संरचना निर्माण भएको भेटिएको थियो। तीमध्ये संस्थागत अर्थात् सरकारी, सामाजिक संघसंस्था, आमा समूह, समाजघरलगायत गरी २८ र व्यक्तिगत १३२ वटा छन्। संस्थागततर्फ स्थायी १८ र अस्थायी १० वटा छन्। व्यक्तिगतमध्ये ९७ वटा कच्ची र ३५ वटा पक्की संरचना छन्।

रोकियो मधेश मन्त्रिपरिषद् विस्तार

अर्थ मन्त्रालयमा नेकपा र एमालेको दाबी

जनकपुरधाममा हरिश खुदार

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले सत्तागठबन्धन टिकाउन समीकरण फेरे पनि नयाँ गठबन्धनभित्र अर्थ मन्त्रालयका लागि हानाथाप भएको छ। सत्तासाझेदार दल एमाले र नेकपाले अर्थ मन्त्रालयमा दाबी गरेपछि आइतबार मन्त्रिपरिषद् विस्तार हुन सकेन।

एमालेले आफ्नो भागमा परेका मन्त्रालयका प्रस्तावित मन्त्रीको नामसमेत प्रदेश प्रमुखको कार्यालयमा बुझाइसकेको थियो। मन्त्रीहरूको शपथको सम्पूर्ण तयारी पूरा भइसकेको अवस्थामा नेकपाले अर्थ मन्त्रालय आफूले पाउनुपर्ने अडान दोहोऱ्याएपछि परिस्थिति अचानक बदलिएको हो। मुख्यमन्त्री यादव अर्थ मन्त्रालय दिन तयार नभएपछि नेकपाले सरकार विस्तार एकलौटी रूपमा अघि बढाए समर्थन फिर्ता लिने चेतावनी दिएको छ। स्रोतका अनुसार सम्भावित राजनीतिक संकट टार्न मुख्यमन्त्रीले मन्त्रिपरिषद् विस्तार प्रक्रिया नै तत्कालका लागि स्थगित गरेका हुन्।

हाल नेकपासँग गृह, ऊर्जा र उद्योग मन्त्रालय छन्। तर, पार्टीभित्र अर्थ मन्त्रालयलाई शक्ति र प्रभावको केन्द्रका रूपमा हेरिएकाले नेकपाले आफ्नो दाबी नछोडेको बताइएको छ। नेकपाका तर्फबाट गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले गठबन्धन दलहरूबिच भएको पूर्वसहमतिअनुसार आफ्नो पार्टीले अर्थ मन्त्रालय पाउनुपर्ने बताए। 'सहमतिअनुसार नेकपाले अर्थ मन्त्रालय पाउनुपर्ने हो। तर, कांग्रेस त्यसमा सहमत छैन। त्यसैले हाम्रो पार्टी समर्थन फिर्ता लिने विषयमा शीर्ष नेतृत्वको आदेश पर्खिरहेको छ,' उनले भने।

■ देउवा पक्षको सुदूरपश्चिम प्रदेशस्तरीय भेला

क्रियाशील सदस्यता नवीकरण नगर्ने, महाधिवेशन गर्न तटस्थ समिति गठन गर्नुपर्ने

धनगढीमा तेजराज भट्ट

कांग्रेस निवर्तमान सभापति शेरबहादुर देउवा पक्षको धनगढीमा भएको सुदूरपश्चिम प्रदेशस्तरीय भेलाले पार्टीको क्रियाशील सदस्यता नवीकरण आवश्यक नरहेको ठहर गरेको छ। साथै, पार्टीको १५औँ महाधिवेशनलाई निष्पक्ष, विश्वसनीय र एकतामुखी बनाउन तटस्थ निर्वाचन समिति आवश्यक रहेकोसमेत ठहर गरेको छ।

भेलापछि ११ बुँदे विज्ञप्ति जारी गरिएको छ। '१५औँ महाधिवेशनको कार्यतालिका १४औँ महाधिवेशनको समितिले सार्वजनिक गरी वडा तहदेखि संगठनात्मक गतिविधिलाई व्यवस्थित गराउँदै क्रियाशील सदस्यता नवीकरण गरिसकेको हुँदा पुनः १५औँ महाधिवेशनका लागि सदस्यता नवीकरण आवश्यक छैन,' विज्ञप्तिमा भनिएको छ, 'सदस्यता नवीकरण शुल्क तिरेर अद्यावधिक कार्य सम्पन्न भइसकेको अवस्थामा पुनः अनावश्यक प्रक्रियामा अल्झिनुभन्दा संगठन सुदृढीकरण, प्रशिक्षण तथा कार्यकर्ता परिचालनमा ध्यान केन्द्रित गर्नुपर्ने धारणा राख्दछौं।'

सदस्यता अद्यावधिकका विषयमा संस्थापन र इतर समूहबिच ठुलो मतभेद छ। इतर समूहले सदस्यता अद्यावधिक आवश्यक नरहेको बताउँदै आएको छ। सुदूरपश्चिममा सदस्यता अद्यावधिकका काम सबै ठाउँमा हुन सकेको छैन। पार्टी सभापति गगन थापाले भने सदस्यता अद्यावधिकको काम अगाडि नबढाउनेलाई पदबाट हटाउने चेतावनी दिँदै आएका छन्। भेलाले पार्टीको १५औँ महाधिवेशनलाई निष्पक्ष, विश्वसनीय र एकतामुखी बनाउन साबिक तथा वर्तमान केन्द्रीय समितिबिच समन्वय कायम गरी तटस्थ निर्वाचन समिति आवश्यक रहेको धारणा सार्वजनिक गरेको छ। विशेष महाधिवेशन गरिनु नै पार्टीले नराम्रो पराजय व्यहोर्नु परेको कारण रहेको ठहरसमेत भेलाले गरेको छ। 'विशेष महाधिवेशनबाट आएको नेतृत्वले जनस्तरमा अपेक्षित विश्वास पुनर्स्थापित गर्न नसकेको भन्दै भेलाले यस विषयमा विषयमा गम्भीर समीक्षा आवश्यक रहेको जनाएको छ।



निवर्तमान सभापति देउवामाथि विगतमा लगाइएका आरोपले पार्टी संगठनमा पारेको प्रभावबारे गम्भीर समीक्षा आवश्यक रहेको पनि भेलाले औँल्याएको छ। वडादेखि केन्द्रसम्म लोकतान्त्रिक प्रक्रियाबाट निर्वाचित पदाधिकारीको विधिविधानविपरीत पद खोस्ने कार्य भएको भन्दै भेलाले आपत्ति जनाएको छ। भेलाका निष्कर्ष सार्वजनिक गर्दै प्रदेश सभापति वीरबहादुर बलायरले एकपक्षीय तवरका यस्ता निर्णय यस्ता निर्णय स्वीकार गर्न नसकिने जनाएका छन्। भेलाले पार्टीभित्रको एकता कायम गर्न सभापति थापा नै लचक हुनुपर्ने पनि विज्ञप्तिमा उल्लेख छ।

पार्टीमा देउवाको सम्मान र स्थानको खोजी

भेलामा नेताहरूले पार्टीमा आन्तरिक एकता गरेर जान देउवाको सम्मान पहिलो सर्त भएको बताएका छन्। उनीहरूले पार्टीमा देउवाको सम्मान, स्थान र उपस्थितिबारे नेतृत्वको स्पष्ट धारणा आउनुपर्ने माग गर्दै पार्टी कमिटीमा सहभागिता त्यसपछिको विषय भएको बताए। सदस्यता अद्यावधिकका नाममा पार्टीको तल्ला समितिमा रहेका पदाधिकारीलाई केन्द्रीय नेतृत्वबाटै धम्क्याउने काम भइरहेको भन्दै नेताहरूले आपत्तिसमेत जनाएका छन्। देउवा नेतृत्वबाट हटाइएपछि उनको गृहप्रदेशमा भएको उनी पक्षको यो पहिलो भेला हो।

सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले देउवालाई बदनाम र अपमानित भएको हेर्न नचाहेको बताए। देउवाको सम्मान, स्थान र उपस्थितिबारे पार्टीको स्पष्ट धारणा उनले माग गरे। कांग्रेस कञ्चनपुरका सभापति पदम बोगटीले देउवाको हुर्मत लिएर पार्टी चलाउँछु भनेर नसोच्न नेतृत्वलाई आग्रह गरे। उनले आगामी महाधिवेशनपछि आफ्नो समूह पुनः नेतृत्वमा फर्कने दाबी गरे। नेतृ ईश्वरी न्यौपानेले पार्टीमा आन्तरिक एकताका लागि निवर्तमान सभापति देउवाको सम्मान पहिलो सर्त भएको बताइन्। कांग्रेस कैलालीका सभापति नारायणदत्त भट्टले सदस्यता अद्यावधिकका विषयमा तल्ला कमिटीका पदाधिकारीलाई कारबाहीको धम्की दिने कार्य नगर्न आग्रह गरे। उनले सदस्यता अद्यावधिकबारे यसअघि भएको निर्णयमा आफू दृढ रहेको बताए।

भेलामा नेता एनपी साउदले विशेष अधिवेशनले पार्टीमा केहीले जित्ने र केहीले हार्ने स्थिति बनेको बताए। विशेष महाधिवेशन गर्दा चुनावमा पार्टीलाई घाटा हुन्छ भन्दा जबर्जस्ती गरिएको उनको भनाइ थियो। पूर्वमन्त्री रमेश लेखकले जेन-जी आन्दोलनपछि एकताबद्ध भएर जानुपर्नेमा पार्टीभित्र देखिएको समस्याका कारण निर्वाचनमा हार व्यहोर्नुपरेको बताए। उनले धनगढीमा गरिएको भेला पार्टी विग्रह गर्न नभई पार्टीलाई एकताबद्ध गरेर लैजान भएको प्रस्ट पारे। सभापति देउवाले लोकतन्त्रका लागि ठुलो योगदान गरेको उल्लेख गर्दै उनले त्यसको मूल्यांकन गर्दै पार्टीमा देउवालाई सम्मानको वातावरण हुनुपर्ने धारणा राखे।

नयाँ सरकारप्रति भुटानी शरणार्थीको न्यायोचित अपेक्षा

भुटानी शरणार्थीको वास्तविक र दिगो समाधान स्वैच्छिक स्वदेश फिर्ती, नागरिकताको पुनःस्थापना र विस्थापित नागरिकको सम्मानजनक एकीकरण नै हो



● बलराम पौड्याल

अग्रलेख

लामो प्रतीक्षापछि नेपालमा आएको राजनीतिक परिवर्तनले भुटानी शरणार्थी समुदायभित्र एउटा अप्रत्याशित तर अर्थपूर्ण आशा पुनर्जीवित गरेको छ। नयाँ सरकारप्रति उनीहरूको विश्वास कुनै क्षणिक वा भावनात्मक उत्साहको परिणाम होइन, दसकौँको प्रतीक्षापछि न्याय पाउने भरोसा हो। यसपटक शरणार्थीहरू केवल भाषण र प्रतिबद्धतामा सीमित रहन चाहँदैनन्, परिणाममुखी, व्यावहारिक र यथाशीघ्र ठोस पहल हुने विश्वासमा छन्।

शरणार्थीका लागि राज्यविहीनताको पीडा केवल कानुनी हैसियतको अभाव मात्र होइन, यो एउटा पुस्तादेखि अर्को पुस्तासम्म भोग्नुपर्ने असुरक्षा, अपमान र अनिश्चितताको विरासत पनि हो। अहिले आवश्यक पर्ने केवल आश्वासन होइन, इतिहासले लामो समयदेखि प्रतीक्षा गरेको न्यायको वास्तविक प्राप्ति हो। त्यसैकारण, आज भुटानी शरणार्थीका सामूहिक अपेक्षा एउटै दिशातर्फ केन्द्रित छन्- 'वर्तमान सरकारबाट दसकौँदेखि बेवास्ता गरिएको मानवीय संकटलाई गम्भीरतापूर्वक सम्बोधन गरिनेछ र भुटान तथा अन्तर्राष्ट्रिय समुदायसँग प्रभावकारी कूटनीतिक समन्वयपछि न्यायपूर्ण, दिगो र मर्यादित समाधानतर्फ ठोस कदम चालिनेछ।'

सन् १९८० को दशकमा भुटानको निरंकुश शासक वर्गले लागू गरेको 'एक देश, एक जाति' भन्ने विभेदकारी नीति र 'सकल राष्ट्रिय खुसी' (जिएनएच)को आकर्षक आवरणभित्र सञ्चालन गरिएको सांस्कृतिक दमनले अन्ततः गम्भीर मानवीय संकट अर्थात् 'भुटानी शरणार्थी समस्या' जन्मियो। नागरिक स्वतन्त्रतामाथि कठोर नियन्त्रण, राज्यप्रायोजित दमन, सैनिक हस्तक्षेप तथा जातीय-सांस्कृतिक पहिचानमाथिको योजनाबद्ध आक्रमणबाट झन्डै एक लाख साठी हजार नागरिक आफ्नै जन्मभूमिबाट विस्थापित भए। कुनै स्पष्ट कानुनी आधारविनै गरिएको यो सामूहिक निष्कासन केवल भौगोलिक विस्थापन मात्र थिएन, यो सुनियोजित सांस्कृतिक संहार थियो, जसलाई आधुनिक इतिहासको सबैभन्दा दुःखद र निन्दनीय मानवीय घटनाका रूपमा स्मरण गरिन्छ।

भौगोलिक निकटता र ऐतिहासिक सम्बन्धका आधारमा भारत विस्थापित भुटानीका लागि स्वाभाविक शरणस्थल बन्न सक्थ्यो। तर, मानवीय दायित्व निर्वाह गर्नुको सट्टा भारतले सन् १९४९ को भूटान-भारत मैत्रीसन्धिको सीमित र स्वार्थपूर्ण व्याख्या गर्दै विस्थापितलाई नेपालतर्फ धकेलिदियो। सीमित आर्थिक स्रोत, स्पष्ट शरणार्थी कानुनको अभाव तथा आफ्नै आन्तरिक चुनौतीका बाबजुद नेपालले मानवअधिकार र मानवीय मूल्य-मान्यतालाई आत्मसात् गर्दै सबै विस्थापितलाई झापा र मोरङमा स्थापित विभिन्न शिविरमा आश्रय दियो। राष्ट्र संघीय शरणार्थी उच्चायुक्त (युएनएचसिआर) एवं विभिन्न अन्तर्राष्ट्रिय दातृ निकायको सहयोगमा नेपालले दसकौँसम्म विस्थापित भुटानीको मानवीय व्यवस्थापनलाई निरन्तरता मात्र दिएन उनीहरूको सम्मानजनक स्वदेश फिर्ती सुनिश्चित गर्ने प्रयासलाई पनि प्राथमिकता दियो।


यसका लागि नेपाल सरकारको सक्रिय पहलमा भुटानसँग १५औँ चरणसम्म द्विपक्षीय वार्ता भए। तथापि, शरणार्थीको वर्गीकरणसम्बन्धी अव्यावहारिक तथा विवादास्पद मापदण्डका कारण वार्ताले अपेक्षित परिणाम ल्याउन सकेनन्। क्षेत्रीय शक्ति भारतको दीर्घकालीन निष्क्रियता र संलग्नताविहीन दृष्टिकोण, भुटानको कपटपूर्ण कदम र नेपालको सीमित कूटनीतिक पहुँचले समग्र समस्यालाई थप जटिल बनायो र स्वदेश फिर्तीको मुद्दा ओझेलमा पर्‍यो। अन्ततः दीर्घकालीन समाधानको अभाव र शिविर जीवनको लामो अवस्थालाई ध्यानमा राख्दै, अन्तर्राष्ट्रिय समुदायले तेस्रो-देश पुनर्वासको अवधारणा प्रस्तुत गरेर शरणार्थी व्यवस्थापनमा नयाँ आयाम थप्यो।

तेस्रो देश पुनर्वास योजना भुटानी शरणार्थीका लागि केवल एक प्रशासनिक निर्णय मात्र थिएन, त्यो भावनात्मक रूपमा अत्यन्त पीडादायी मोड थियो। जन्मभूमिमा सम्मानपूर्वक फर्किने प्रतिबद्धता जीवित रहँदारहँदै हजारौँ माइल टाढा अपरिचित भूगोलतर्फ प्रस्थान गर्नु उनीहरूको चाहना होइन, बाध्यता थियो। दसकौँसम्म राज्यविहीनता, अनिश्चितता र भविष्यहीनताको पीडा भोगिरहेका हजारौँ शरणार्थीले अन्ततः अमेरिका, क्यानडा, अस्ट्रेलियालगायत आठ राष्ट्रमा नयाँ जीवन आरम्भ गरे।

अधिकांश पुनर्वासतर्फ लागे पनि समस्या पूर्णतः टुंगिएन। फेरि पनि नेपालका शिविरमा करिब ७५ सय भुटानी शरणार्थी सहाराविहीन छाडिए, जो मानवीय सहायता, कानुनी संरक्षण, राहत सुविधा एवं आधारभूत प्रशासनिक सेवाबाट वञ्चित भए। समस्याको दीर्घकालीन समाधान नहुँदासम्म शरणार्थीको राहत सुविधा र अभिलेख दुरुस्त राख्नु राज्यको अध्यागमनसम्बन्धी अनिवार्य दायित्व हो। तर, पारिवारिक विखण्डन र राहत कटौती झेल्दै आएका बाँकी शरणार्थीमाथि गृह मन्त्रालयको पछिल्लो परिपत्र (२०७९-०१-०८) द्वारा जन्म, मृत्यु, विवाह एवं अभिलेख अध्यावधिकजस्ता अत्यावश्यक प्रशासनिक कार्यसमेत प्रभावित भएपछि उनीहरूको कानुनी अस्तित्व नै अनिश्चित बन्यो।

स्थापनाकालदेखि नै सञ्चालित 'भुटानी शरणार्थी शिविर'लाई सन् २०१८ मा स्पष्ट कानुनी वा नीतिगत आधारविनै 'शरणार्थी बस्ती' भनेर पुनर्नामाकरण गरियो। यो नाम परिवर्तन मात्र होइन, राज्यको नीति र दृष्टिकोणमा देखिएको अस्पष्टता हो। दसकौँसम्म अन्तर्राष्ट्रिय समुदायसमक्ष शरणार्थी शिविरका रूपमा स्थापित संरचनालाई अचानक रूपान्तरण गरिनुको उद्देश्य, औचित्य र प्रभावबारे राज्यले आजसम्म स्पष्ट र पारदर्शी स्पष्टीकरण दिएको छैन। विडम्बना के छ भने, नाम परिवर्तनदेखि शरणार्थीलाई न कुनै अतिरिक्त सुविधा, लाभ वा सुरक्षा प्रदान गरिएको छ, न त उनीहरूको जीवनस्तरमा उल्लेखनीय सुधार आएको छ। यसको सट्टा शरणार्थी व्यवस्थापन, तथ्यांकीय पारदर्शिता र नीति पहुँचलाई थप जटिल र अनिश्चित बनाउँदै लगिएको छ।

राज्यले विगतमा आश्रय प्रदान गरेका मानिसको पहिचान, कानुनी अस्तित्व र मानव मर्यादाप्रति देखाएको उदासीनताले राज्य संयन्त्रमाथि नै गम्भीर नैतिक तथा संवैधानिक प्रश्न खडा गरेको छ। शरणार्थीको आधिकारिक अभिलेख



कमजोर बनाउँदै जानु, उनीहरूको कानुनी अवस्थालाई अस्पष्ट तुल्याइनु र प्रशासनिक पहुँच सीमित गरिनु केवल नीतिगत कमजोरी होइन, यसले भविष्यमा मानव बेचबिखन, नक्कली शरणार्थी प्रकरण वा अन्य संगठित आपराधिक गतिविधिका लागि अनुकूल वातावरण सिर्जना गर्ने जोखिमसमेत बढाएको छ। यही कारण, विगतमा सार्वजनिक भएको नक्कली भुटानी शरणार्थी प्रकरणले राज्य संयन्त्रप्रतिको जनविश्वासलाई नै आघात पुर्‍याएको छ। यद्यपि, वर्तमान सरकार प्रत्यक्ष रूपमा त्यस्ता आपराधिक गतिविधिमा संलग्न छ भन्ने आशय अवश्य होइन। तर, मानवीय संवेदनशीलता, राज्यविहीनता र विस्थापनको पीडासँग गाँसिएको शरणार्थी समस्यालाई आर्थिक लाभ, राजनीतिक संरक्षण वा शक्ति-सौदाबाजीको माध्यम बनाइनु लोकतान्त्रिक मूल्य, कानुनी शासन र मानव अधिकारमाथिकै गम्भीर प्रहार हो, जसलाई कुनै पनि दृष्टिकोणबाट स्विकार्न सकिँदैन। अतः वास्तविक भुटानी शरणार्थीको पहिचान र अस्तित्व रक्षा गर्दै उनीहरूको मर्यादित एवं सुरक्षित भविष्य सुनिश्चित गर्न नागरिक समाज, सञ्चारमाध्यम र सम्बन्धित सबै निकायको निरन्तर खबरदारी एवं दबाब अपरिहार्य रहेको कुरामा भुटानी शरणार्थी समुदाय दृढ विश्वास राख्छ।

तेस्रो देश पुनर्वास कार्यक्रम भुटानी शरणार्थी समस्याको दीर्घकालीन समाधानका लागि अन्तर्राष्ट्रिय समुदायद्वारा अपनाइएको एक महत्त्वपूर्ण वैकल्पिक अभ्यास थियो। यसमार्फत हजारौँ शरणार्थी विभिन्न राष्ट्रमा पुनर्स्थापित हुँदा तत्कालीन मानवीय संकट न्यूनीकरणमा उल्लेख्य योगदान पुगेको देखिए पनि पछिल्लो समय विशेषतः अमेरिकामा पुनर्वास भइसकेका केही भुटानी नागरिकलाई भुटानमा गोप्य सुपुर्दगी गरिएको दुःखद घटनाले पुनर्वास प्रक्रियाको पारदर्शिता, विश्वसनीयता र वास्तविक उद्देश्यबारे गम्भीर प्रश्न उठाएको छ।

मानवअधिकार र लोकतान्त्रिक मूल्यको विश्वव्यापी वकालत गर्ने अमेरिकाले पुनर्स्थापित व्यक्तिलाई पारो विमानस्थलसम्म पुर्‍याएर भुटान सुपुर्दगी गरेको घटनाले उसको नैतिक धरातलमाथि प्रश्न उठाएको छ। त्यसैगरी, भुटानले स्वीकार गरी जिम्मा लिएका आफ्ना नागरिकलाई सुरक्षित पुनर्स्थापना गर्नुको साटो रातारात सीमापार गराई भारतीय भूमिमा अलपत्र छाड्ने अमानवीय प्रदर्शनले उसको राष्ट्रिय खुसीको आडम्बरलाई समेत नैतिक आलोचनाको कठघरामा उभ्याएको छ। दुई राज्यबिचको रणनीतिक स्वार्थको चपेटामा परेका नागरिक पुनः लुकिछिपी नेपाल प्रवेश गरी पहिचानविहीन, असुरक्षित र जोखिमपूर्ण अवस्थामा जीवनयापन गर्न बाध्य बनाइनुले, केवल पुनः विस्थापनको एउटा नयाँ चक्र आरम्भ भएको मात्र होइन, क्षेत्रीय सुरक्षा र मानवीय मर्यादामाथि समेत गम्भीर चुनौती थपिएको छ।

> भुटान र नेपालबिचको द्विपक्षीय संवाद औपचारिक रूपमा समाप्त भइनसकेको हुनाले शरणदाताको हैसियतबाट भुटानी शरणार्थी समस्याको पूर्ण समाधानका लागि नेपालको नयाँ सरकारले भुटानलाई पुनः सार्थक वार्तामा फर्किन स्पष्ट राजनीतिक इच्छाशक्तिसाथ आह्वान गर्नुपर्छ

पुनर्वास नै दिगो समाधान थियो भने किन आज हजारौँ भुटानी विस्थापित पहिचानविहीन, असुरक्षित र अन्योल भविष्य लिएर बाँच्न बाध्य छन् ? यो प्रश्न केवल भुटानको आन्तरिक नीतिसँग सम्बन्धित छैन, यसमा अन्तर्राष्ट्रिय शक्तिहरूको राजनीतिक स्वार्थ र रणनीतिक मौनता जिम्मेवार छ। अमेरिका र पश्चिमी शक्तिले भूटानलाई 'सुखी राष्ट्र', 'शान्त लोकतन्त्र' र 'ग्रस नेसनल ह्याप्पिनेस' को आदर्श नमुनाका रूपमा प्रस्तुत गरिरहेका छन्, तर त्यही राज्यभित्र नागरिकता, भाषा, विवाह र भूमिसम्बन्धी विभेदकारी नीतिका कारण हजारौँ नागरिक आफ्नो मौलिक अधिकारबाट वञ्चित भइरहेको यथार्थलाई भने निरन्तर बेवास्ता गरिएको छ।

सन् २००८ मा भुटानले आफूलाई लोकतान्त्रिक राष्ट्रका रूपमा प्रस्तुत गरेपछि अन्तर्राष्ट्रिय समुदायले त्यसलाई उल्लेखनीय राजनीतिक उपलब्धिका रूपमा स्वागत गर्‍यो। तर, व्यवहारमा भने लोकतन्त्रको आधारभूत मूल्य, नागरिक समानता, पहिचानको सम्मान र न्यायपूर्ण पुनर्स्थापनाको प्रश्नप्रति गम्भीर मौनता कायम राख्यो। विस्थापित नागरिकलाई सम्मानपूर्वक स्वदेश फर्काउने विषयलाई योजनाबद्ध रूपमा ओझेलमा पारियो जबकि, तेस्रो देश पुनर्वासलाई नै अन्तिम समाधानका रूपमा अघि सार्दै भुटानको राजनीतिक स्वार्थलाई वैधानिकता प्रदान गरियो। यस्तो प्रवृत्तिले शक्तिशाली राष्ट्रहरूको प्राथमिकता मानव अधिकार र न्यायभन्दा बढी क्षेत्रीय स्थायित्व, कूटनीतिक सुविधा र रणनीतिक हितमा केन्द्रित रहेको संकेत दिन्छ।

यही सन्दर्भमा भुटानले प्रचार गरेको 'गेलेफु माइन्डफुलनेस सिटी' परियोजनाले आम भुटानी प्रजातन्त्रवादीलाई थप चिन्तित बनाएको छ। यहाँ विकास, आधुनिकीकरण र लगानीको आकर्षक नाराभित्र स्थानीय समुदायको सम्भावित विस्थापन, भूमि अधिकारमाथिको नियन्त्रण तथा जनसांख्यिक पुनर्संरचनाको जोखिम लुकाइएको छ। विकासकै नाममा पुस्तौँदेखि बसोवास गर्दै आएका समुदायलाई विस्थापित गरिन्छ भने त्यो विगतको पीडादायी इतिहास दोहोरिने खतरा हुनेछ। अझ विडम्बना के छ भने, अन्तर्राष्ट्रिय समुदायले यस्ता परियोजनालाई 'भविष्यको नमुना सहर'का रूपमा प्रशंसा गरिरहेका छन्, तर त्यसबाट उत्पन्न हुन सक्ने नयाँ मानवीय संकट र सम्भावित राज्यविहीनताबारे गम्भीर बहस हुन सकेको छैन।

यस सम्पूर्ण परिस्थितिले एउटा असहज, तर अत्यन्त गम्भीर प्रश्न जन्माउँछ, के भुटानी शरणार्थी समस्या वास्तवमै समाधानतर्फ उन्मुख छ वा दक्षिण एसियालाई दीर्घकालीन रूपमा 'शरणार्थी बफर जोन' बनाउने कुनै अप्रकट अन्तर्राष्ट्रिय रणनीति कार्यान्वयन भइरहेको छ ? जबकि, भुटानी शरणार्थी समस्या समाधानको मूल र न्यायोचित आधार 'स्वैच्छिक स्वदेश फिर्ती' र नागरिकताको पुनःस्थापना हुनुपर्ने थियो। तर, यही मूल विषयलाई क्रमशः ओझेलमा पार्दै पुनर्वासको प्रलोभनमार्फत अस्थायी व्यवस्थापनलाई प्राथमिकता दिइयो। परिणामतः न्याय, पहिचान र अस्तित्वका आधारभूत सवालभन्दा शक्तिशाली राष्ट्रहरूको कूटनीतिक सुविधा र रणनीतिक स्वार्थ बढी प्रभावशाली बनेको अनुभूति हुन्छ।

भुटानी शरणार्थी समस्या केवल पुनर्वास वा प्रशासनिक व्यवस्थापनको विषय होइन, यो मानव अधिकार, नागरिकता, पहिचान र मानव मर्यादासँग जोडिएको दीर्घकालीन राजनीतिक प्रश्न हो। तेस्रो देश पुनर्वासले तत्कालीन मानवीय संकट केही हदसम्म न्यूनीकरण गरेको भए पनि त्यसलाई अन्तिम समाधान मान्न सकिँदैन। वास्तविक र दिगो समाधान स्वैच्छिक स्वदेश फिर्ती, नागरिकताको पुनःस्थापना र विस्थापित नागरिकको सम्मानजनक एकीकरणमै निहीत छ। जबसम्म यी आधारभूत प्रश्नको न्यायपूर्ण र विश्वसनीय समाधान हुँदैन, तबसम्म यो समस्या नयाँनयाँ स्वरूपमा पुनः दोहोरिन्छ र राज्यविहीनताको पीडा पुस्तान्तरण हुँदै जान्छ।

नेपालमा नयाँ लोकतान्त्रिक सरकार स्थापना भएको वर्तमान सन्दर्भमा भुटानी शरणार्थी समस्या समाधानका लागि गम्भीर कूटनीतिक पहल आवश्यक देखिन्छ। भुटान र नेपालबिचको द्विपक्षीय संवाद औपचारिक रूपमा समाप्त भइसकेको छैन, त्यसैले शरणदाताको हैसियतबाट नेपालले भुटानलाई पुनः सार्थक वार्तामा फर्किन स्पष्ट राजनीतिक इच्छाशक्तिसाथ आह्वान गर्नुपर्छ। तर, भुटानले जिम्मेवारीबाट पन्छिने वा समाधान प्रक्रियालाई अनिश्चित बनाइराख्ने नीति अपनाइरह्यो भने नेपाल निष्क्रिय प्रतीक्षामा सीमित रहनुहुन्न। नेपालका लागि अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनु कूटनीतिक विकल्प मात्र होइन, न्याय, पहिचान र मानवीय मर्यादाका पक्षमा आवश्यक कदम पनि हुनेछ।

(पौड्याल भुटान पिपल्स पार्टीका अध्यक्ष हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक
रोशन जनकपुरीलाई



एमालेमा अध्यक्ष ओली पहिलोपल्ट पदाधिकारी तहमा अल्पमतमा परे, यसको सन्देश के हो ?

एमालेको राजनीतिक दर्शन मूलतः अवसरवादी नै हो। त्यहाँ आउने नेता, कार्यकर्ता अवसरको खोजीमै आएका या आउने हुन्। विगतमा झलनाथ खनाल या माधव नेपालसित लड्दा उनीहरूलाई साथ दिने या विरोध गर्नेहरू सबै आ-आफ्नो स्वार्थअनुरूप नै चलेका देखिन्थे। अहिले अध्यक्ष ओलीको राजनीतिक हैसियत कमजोर देखिएको समयमा कसैले साथ छाड्नु र ओली अल्पमतमा पर्नु भनेको पनि अवसर खोजीकै परिणाम हो।

एमालेमा देखिएको पछिल्लो समस्या समाधानको विकल्प के हुन सक्छ ?

विगतमा माधव नेपालले एमाले छाडिसकेपछि विद्या भण्डारीको सम्भावना बलियो देखिँदै आएको थियो। तर, बिचमा सदस्यता दिने या नदिने विषयमा विवाद देखिएसँगै भण्डारीको प्रभाव पहिलेजति छैन। तैपनि, एउटा पोलका रूपमा अगाडि आउने उहाँको सम्भावना भने जीवितै देखिन्छ। उहाँसँगसँगै चारमध्ये कुनै उपाध्यक्ष अगाडि आउने सम्भावना पनि हुँदै नभएको भने होइन। अझ भविष्यमा यो दोस्रो विकल्पचाहिँ बढी बलशाली देखिन पनि सक्छ।

'नेतृत्व छाड्दिनँ' भन्ने अध्यक्षको हठले पार्टीमा रूपान्तरण र नेतृत्वमा पुस्तान्तरणको ढोका बन्द हुने त होइन ?

दलहरूमा पुस्तान्तरण नियमित प्रक्रिया हो। त्यसैले, एमाले एक रहे पनि या नरहे पनि एउटा निश्चित कालखण्डपछि या कुनै घुम्तीपछि कसैले चाहे पनि या नचाहे पनि पुस्तान्तरण रोकिन्न। खालि ढिलोचाँडोको कुरा मात्र हो। तर, यसरी आउने नेतृत्व कति बलियो देखिन्छ, त्यो त समयले नै बताउनेछ। पार्टीभित्रको कमान्डमा पुरानै नेताहरूको पडक देखिए पनि पार्टीको निर्णय प्रक्रियामा युवाको प्रभाव बलियो देखिन सक्छ। यसले पार्टी रूपान्तरणमा योगदान दिन सक्छ।

प्रेरक प्रसंग

ढुकुरको नयाँ गुँड

एउटा रुखमा ढुकुरका जोडी एक पुरानो गुँडमा बस्थे। गर्मी सकिएर जाडो सुरु हुने समय आउन लागिसकेको थियो। त्यसैले, दुवै भालेपोथीले सल्लाह गरेर जाडोको समयमा समस्या नहोस् भनेर सोही रुखको अर्को हाँगामा एउटा नयाँ, बलियो र न्यानो गुँड बनाउने निश्चय गरे।

भोलिपल्ट बिहान उठ्नासाथ पूर्वनिर्धारित योजनाअनुसार नै ढुकुरका भालेपोथी नजिकैको खेतमा पुगेर मसिना झिँजामिजा संकलनमा व्यस्त भए। दुवैले दिनभर खुब मिहिनेत गरे र साँझसम्ममा एउटा सानदार गुँड तयार गरे। आफ्नो परिश्रम सफल भएकोमा उनीहरू दंग परे। दुवैलाई पुरानो गुँडको पनि निकै माया थियो। त्यसैले, उनीहरूले अन्तिमपल्ट त्यो रात पुरानै गुँडमा बिताउने सल्लाह गरेर पुरानै गुँडमा सुते।

भोलिपल्ट बिहानै उनीहरू आफ्नो पुरानो गुँड छाडेर नयाँमा सर्ने निश्चयसाथ नयाँ गुँडतिर गए। तर, त्यहाँ पुगेपछि आफ्नो नयाँ गुँड देख्दा उनीहरू झस्किए। कुनै अर्कै दुष्ट पक्षीले उनीहरूको त्यति सुन्दर गुँड भत्काएर तहसनहस पारिदिएको थियो। त्यो देख्दा ढुकुरका जोडीका आँखा एकसाथ रसाए। एकछिनको मौन सन्नाटापछि भालेले भन्यो, 'अब त्यो धुन्धुकारी पक्षीलाई खोजेर सजाय दिनैपर्छ, बुझ्यौ प्रिये ?' पोथीले भालेको मुखतिर हेरेर भन्यो, 'बेकारमा आफ्नो ऊर्जा त्यो दुष्टको खोजी गरेर र झगडा गरेर किन सिध्याउनु ? बरु दुवै मिलेर हिजोभन्दा बढी परिश्रम गरौँ, त्योभन्दा राम्रो गुँड साँझसम्म बनिहाल्छ नि ! एउटा असफलताबाटै त अर्को सफलताको ढोका खुल्छ होइन र ?'

भालेलाई पनि पोथीको तर्क ठिक लाग्यो। दुवैले पहिलो दिनभन्दा बढी नै परिश्रम गरे। अन्त्यमा दिन नढल्दै उनीहरूले अघिल्लो दिनको भन्दा पनि आकर्षक, बलियो र न्यानो गुँड तयार गरे र त्यसै दिनदेखि नयाँ गुँडमा सरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कांग्रेस नेताहरूलाई सुझाव

नेपाली कांग्रेसका शीर्ष नेताहरू निरन्तर एक-अर्काविरुद्ध आरोप-प्रत्यारोपमा लागेर कांग्रेस सिध्याउने खेलमा लागेका छन्। सर्वोच्च अदालतले कांग्रेस सभापतिमा गगन थापालाई नै वैधानिकता दिएपछि काङ्ग्रेस इतरपक्षका नेताहरूले छुट्टाछुट्टै बैठक र सभा गरेर कार्यक्रम गर्नु र पार्टीलाई विभाजनको सँघारमा पुर्‍याउनु दुःखद छ। आउँदै गरेको प्रदेश र स्थानीय तहको निर्वाचनमा पुनरागमन गर्ने हो भने कांग्रेसका दुवै पक्षका नेताहरू मिलेर जानुको विकल्प छैन। को ठुलो, को सानो भन्दा पनि जेन-जी आन्दोलनको रापतापबाट पार्टीमा क्षति भएको वा जनताले परिवर्तन खोजेको स्मरण गरेर पुराना र नयाँ सबै नेता एकढिक्का भएर अगाडि बढ्नसकेमा मात्र कांग्रेस सही बाटोमा जानेछ, नत्र हालै सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनको परिणामभन्दा झन् खराब नतिजा आउने निश्चित छ।

● **दिवेश महतो, रौतहट**

सुविधा किन दिनु ?

सरकारले कानुनविनै दिइएका पूर्वविशिष्टका गाडीलगायत सुविधा खोस्न लागेको समाचार पढ्दा खुसी लाग्यो। हामी साधारण कर्मचारीदेखि पूर्वविशिष्टसम्म सबैले गर्ने राष्ट्रको सेवा नै हो। सेवामा रहँदा हामीले पाउने सेवा, सुविधा र विशिष्टले पाउने सुविधामा आकाशजमिनको अन्तर हुन्छ। अनि, सेवाबाट निवृत्तिपछि हामीले मुस्किलले पाउने त्यही पेन्सन हो भने पूर्वविशिष्टलाई भने यति धेरै सुविधा किन दिनुपर्‍यो ?

● **सम्मोहन पुन,** ताहाचल, काठमाडौं

एमालेलाई थला पार्ने खेल

यतिखेर पुरानो दल एमाले संकटमाथि संकटमा भासिँदै गरेको देखिन्छ। पछिल्लो निर्वाचनपछि खुम्चिनुसम्म खुम्चिएको एमाले यतिखेर नेतृत्वको हठका कारण थप खुम्चिने र भविष्यमा फुक्नै नसक्ने पो हो कि जस्तो देखिँदै छ। सचिवालयका १० जना पदाधिकारीले आफ्नो विपक्षमा मत जाहेर गर्दा पनि 'तिमीहरू जेसुकै भन म कुनै हालतमा नेतृत्व छाड्दिनँ' भन्ने अध्यक्ष केपी ओलीको भनाइ एक बालहठसिवाय केही होइन।

● **अर्चना कुइँकेल,** डल्लु, काठमाडौं

लगानीमैत्री वातावरण बनाऊ सरकार !

हिजैदेखि समस्यामा रहेका उद्योगी, व्यवसायीलाई नयाँ सरकारले केही राहत देला कि भन्ने आस छ, हेरौँ के गर्छ। उद्योग-धन्दाविना देशको समृद्धि सम्भव छैन। आफ्नो देशमा उत्पादन नगरेर हरेक वस्तुमा परनिर्भर हुनुपरेपछि देशको अर्थतन्त्र कसरी उकासिन्छ ? हाम्रा नियम-कानुनले उद्योगपतिलाई बलियो बनाउन बनेका छैनन्, तिनलाई अंकुश लगाउन बनेका छन्। जसका कारण निजी क्षेत्रमा लगानी गर्न उद्योगपतिहरू हिच्किचाइरहेका छन्। लगभग दुईतिहाइको सरकारले आगामी बजेट पक्कै लगानीमैत्री बनाउला भन्ने आशा छ। जनताले आस र भरोसा गरेका प्रधानमन्त्री बालेन शाह र अर्थमन्त्री स्वर्णिम वाग्लेले आगामी बजेट आन्तरिक उत्पादनलाई प्रोत्साहन दिने गरी ल्याउँछन् भन्नेमा उद्योगीहरू आशावादी छन्। कर्मचारीको तलब बढाउनु समस्याको समाधान होइन, महँगी नियन्त्रण गर्नुपर्छ। अहिले ४० प्रतिशतसम्म बजारभाउ बढेको छ। यसको कहीँकतैबाट नियमन र नियन्त्रण छैन। यसरी देश चलाएर हुन्छ ? सय दिनमा सय काम गर्छु भनेर आएको सरकारले यस्ता विषयमा अझ बढी सशक्त बन्नुपर्छ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

भावी महामारी रोक्ने हो भने तयारी राम्रो हुनुपर्छ

प्रस्थान-बन्दरगाहहरूमा स्थानीय जोखिमलाई विचार गर्न असफल हुने निगरानी प्रणालीले विश्वव्यापी गम्भीर खतरालाई बल दिन्छ



देश / विदेश

● हेलेन क्लार्क

(न्युजिल्यान्डकी पूर्वप्रधानमन्त्री हेलेन क्लार्क 'महामारी तयारी र प्रतिक्रियाका लागि स्वतन्त्र प्यानल' नामक निकायकी सहअध्यक्ष हुन्)

दुई साताको अन्तरमा विश्वले दुई दुर्लभ रोगको प्रकोप सामना गर्‍यो। 'एन्डिज हान्टाभाइरस' र 'बुन्डिबुग्यो इबोला' नामक प्रकोपले धेरैको ज्यान लियो। सीमित क्षेत्रमा फैलिएका यी दुई प्रकोपलाई नियन्त्रणमा लिन विश्वले महँगो प्रतिक्रिया जनाउनुपर्‍यो। यस क्रममा रोग देखिइसकेपछि प्रतिक्रिया जनाउने हाम्रो क्षमताको कमजोरी मात्र नभई पूर्वानुमान, रोकथाम तथा सावधानी अवलम्बनमा समेत गम्भीर समस्या रहेको उजागर भएको छ।

आन्द्र महासागरको दक्षिणी भागको यात्रामा रहेको क्रुज जहाजमा फैलिएको हान्टाभाइरसको प्रकोप बिस्तारै सतहमा आएको थियो। १ अप्रिलमा अर्जेन्टिनी बन्दरगाहबाट हिँडेको क्रुजमा सवार एक यात्रुको ११ दिनपछि मृत्यु भयो। उनको मृत्युको कारण हान्टाभाइरस भएको पुष्टि हुँदासम्म तीन साता बितिसकेको थियो। त्यसबिचमा 'एमभी होन्डियस' नामक जहाजमा सवार यात्रु आफ्नो सुरमा अवलोकन यात्रामा हिँडिरहेका थिए। हुन पनि हान्टाभाइरस पुष्टि हुनुअघि मृतक यात्रुको मृत्युको कारण प्राकृतिक हुन सक्ने चिकत्सकले नै अनुमान गरेका थिए। रोग यकिन हुनुअघि जहाजमा सवार करिब डेढ सय यात्रुले विभिन्न दुर्गम टापुको भ्रमण गरे। एउटै टेबलमा बसेर खाना खाए। अझ, बिचमा सेन्ट हेलेनामा जहाज रोकिँदा विभिन्न देशका ३० भन्दा बढी यात्रु आ-आफ्ना देशतर्फ उडेका थिए।

जब जहाजमा हान्टाभाइरस फैलिएको पुष्टि भयो, त्यसपछि विश्व स्वास्थ्य संगठनको समन्वयमा ठुलो उद्धार अभियान चलाइयो। आन्द्र महासागरको एक टापुमा जहाजलाई रोक्न दिन स्पेनी प्रधानमन्त्रीले नै हस्तक्षेप गर्नुपर्‍यो। त्यसपछि दर्जनौँ देशका यात्रुलाई तिनका सरकारले चार्टर्ड जहाजमार्फत स्वदेश लगे र हप्तौँ आइसोलेसनमा राखे। दोस्रो प्रकोप भने सुरुदेखि नै तीव्र देखियो। अफ्रिकाको रोग नियन्त्रण तथा रोकथाम केन्द्रले गत शुक्रबार युगान्डा र दक्षिणी सुडानका दुर्गम प्रान्त इटुरीमा दर्जनौँको इबोलाका कारण मृत्यु भएको जानकारी दियो। प्रकोपले तत्काल चिन्ता उत्पन्न गरे पनि द्वन्द्वग्रस्त क्षेत्रमा भाइरस केही समयदेखि नै फैलिरहेको पाइयो। यसपटक फैलिएको इबोला दुर्लभ 'बुन्डिबुग्यो स्ट्रेन'का रूपमा पहिचान गरियो।

इटुरी क्षेत्र लामो समयदेखि द्वन्द्व र कमजोर स्वास्थ्य समस्यासँग जुध्दै आएको स्थान हो। त्यसै भेगमा यसअघि पनि इबोलाले विनाशकारी प्रकोपको रूप लिएको थियो। दुई वर्षसम्म जारी प्रकोप सन् २०२० मा मात्र अन्त्य भएको थियो। कमजोर स्वास्थ्य पूर्वाधार र द्वन्द्वबिच काम गर्न बाध्य स्वास्थ्यकर्मीले रोग पहिचान गरी प्रतिक्रिया दिनमा ठुलो चुनौती सामना गर्छन्। यस्तोमा प्रारम्भिक पहिचान गर्न तयारीका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय समर्थन आवश्यक पर्छ।

प्राप्त जानकारीअनुसार दुवै प्रकोपको मृत्युदर ३२ प्रतिशत (संक्रमितमध्ये मर्नेको दर) देखिन्छ। उसो त प्रत्येक प्रकोपले पाठ पनि सिकाउँछ। पछिल्ला प्रकोपका सन्दर्भमा यिनले ज्ञात जोखिमको सटिक भविष्यवाणी गरेर त्यसविरुद्ध कदम चाल्नाले धेरैको जीवन बच्ने र अन्तर्राष्ट्रिय स्वास्थ्य संकट रोक्न सकिने पाठ सिकाएका छन्।

'एन्डिस हान्टाभाइरस' मुख्यतः अर्जेन्टिनामा देखिने गरेको छ। र, यसै देशको उसुआइया क्षेत्रबाट बर्सेनि पाँच सयभन्दा बढी जहाजले हजारौँ मानिसलाई आन्द्र महासागरको तल्लो भेगको दृश्यावलोकन गराउँछन्। उसुआइया क्षेत्रबाट अघि बढ्ने क्रुजका यात्रुमा तीव्र श्वासप्रश्वाससम्बन्धी रोग देखिँदा 'हान्टाभाइरस'को शंका स्वाभाविक हुनुपर्छ। जहाजमा सवार चिकित्सक र चिकित्सकीय प्रोटोकलले जहाजको प्रस्थानविन्दुमा कायम स्थानीय रोगको परिदृश्यमा ख्याल गर्नुपर्छ। जीवनमा एकपटक गरिने यस्तो यात्रामा निस्कने मानिसले आफूलाई यात्रापछि 'आइसोलेसनमा' अलग्गै राख्न चाहँदैन होला। तथापि, यसो नगर्दाको परिदृश्य धेरै खराब हुन सक्छ।

उता इटुरी क्षेत्रमा, यसअघि फैलिएको इबोलाको 'जायर स्ट्रेन'को परीक्षण नेगेटिभ आएपछि पनि सम्भावित रोगका केसलाई अलग्गै राखिएको थियो। इबोलाको लामो र पीडादायी इतिहास भएको देशमा, निश्चित रूपमा अन्यथा प्रमाणित नभएसम्म रक्तस्राव ज्वरोका लक्षणलाई सम्भावित रोगकै रूपमा व्यवहार गर्नुपर्छ। व्यवहारमा जोखिमका आधारमा सावधानी अपनाउने भनेको यही हो। अर्थात् भूगोल, स्थानीय रोग ढाँचा र स्थानीय क्षेत्रमा प्रकोपको इतिहासलाई हेरेर चिकित्सक तथा निगरानी प्रणालीले कदम चाल्नुपर्छ। यी ज्ञात जोखिमलाई निरन्तर निगरानी गरेर र भुगोलअनुरूपको प्रोटोकलमा अनुवाद गर्न समर्पित वैज्ञानिक निकाय (जसमा महामारीविद्, पारिस्थितिकीविद्, चिकित्सक र अन्य विशेषज्ञ अनिवार्य हुनुपर्छ)ले मात्र जोखिम कम गर्छ।

द गार्जियनबाट

जीवनको उत्तरार्द्धमा अमेरिकी निसानामा राउल क्यास्ट्रो

१९९६ मा क्युबाली सेनाले तीन अमेरिकी नागरिकसहित चारजना सवार विमानलाई हवानामा खसालेको अभियोग पूर्वराष्ट्रपति राउलमाथि लागेको छ

एक हप्ताको अनुमानपछि, अमेरिकी न्याय मन्त्रालयले क्युबाका ९४ वर्षीय पूर्वराष्ट्रपति राउल क्यास्ट्रोलाई आधिकारिक रूपमा अभियोग लगाएको छ। यी आरोप १९९६ को घटनासँग सम्बन्धित छन् जसमा क्युबाली सेनाले ब्रदर्स टु दी रेस्क्युद्वारा सञ्चालित दुई निहत्था नागरिक विमानहरूलाई गोली हानेर खसालेको आरोप छ। ६७ वर्षको क्रान्तिकारी शासनपछि बिरामी क्युबाली गणतन्त्रमाथि बढ्दो अमेरिकी दबाबबिच पूर्वराष्ट्रपतिमाथि अभियोग लागेको हो। त्यसोभए संयुक्त राज्य अमेरिकाले अहिले किन कदम चाल्यो र अब के हुनेछ ?

को हुन् राउल क्यास्ट्रो ?

राउल क्यास्ट्रो क्युबाली क्रान्तिकारी नेता फिडेल क्यास्ट्रोका कान्छा भाइ हुन्। उनी १९५२ देखि सुरु भएको अमेरिकी अधिनायकवादी सहयोगी फुल्जेनसियो बाटिस्टालाई सत्ताच्युत गर्न फिडेलको आन्दोलनमा सामेल भए। उनले जुलाई २६, १९५३ मा मोनकाडा ब्यारेकमा भएको आक्रमणमा भाग लिए र क्युबाली क्रान्तिको अग्रणी संगठन एम-२६-७ छापामार आन्दोलनको संस्थापक सदस्य बने। १९५८ मा, उनी दोस्रो पूर्वी मोर्चाको कमान्डेन्टको पदमा पुगे। जुनमा उनले आफ्ना सेना र स्थानीय गाउँलेहरूमाथि निरन्तर हवाई बमबारी रोक्न ५० अमेरिकी पनडुब्बीको समूहलाई अपहरण गरेपछि उनी वासिङटनको ध्यानाकर्षणको केन्द्रमा आए। यो एक महत्त्वपूर्ण क्षण थियो जब राउल फिडेलका भाइ भन्दा बढी भूमिका देखिए- उनी अब क्रान्तिको प्रमुख नेता थिए। १९५८ को अन्त्यसम्ममा, राउल क्यास्ट्रोको सेनाले पूर्वी क्युबाको धेरै भागलाई बाटिस्टा शासनबाट मुक्त गरिसकेको थियो र क्रान्ति सम्पन्न गर्न हवानामा मार्च गऱ्यो।

जनवरी १९५९ देखि लडाइँ चलिरहेको समयमा क्यास्ट्रो रक्षामन्त्री बने। दसकौंसम्म, उनी क्युबाको सेना र टापु राष्ट्रको कवच बने। जब अप्रिल १९६१ मा, अमेरिकी केन्द्रीय गुप्तचर एजेन्सी (सिआइए) द्वारा समर्थित १,४०० क्युबाली निर्वासितहरूको समूहले बे अफ पिग्समा क्युबामाथि आक्रमण गऱ्यो, क्यास्ट्रोको सेनाले निर्वासितहरू र अमेरिकाविरुद्ध प्रसिद्ध विजय हासिल गऱ्यो। उनी क्युबामा पार्टीको पदमा पनि अग्रणी भूमिकातर्फ बढे। १९७६ देखि उनले उपराष्ट्रपतिको रूपमा सेवा गरे र त्यसपछि २००८ देखि आफ्नो वृद्ध दाई उत्तराधिकारीको रूपमा राष्ट्रपतिको रूपमा काम गरे। उनी २०१९ सम्म सो पदमा रहे।

राउल क्यास्ट्रो २०२१ सम्म कम्युनिस्ट पार्टीको शीर्ष स्थानमा रहे र अझै पनि क्युबाको राजनीतिमा प्रभावशाली मानिन्छन्। क्यास्ट्रो एक सिपाही, राजनीतिज्ञ र त्योभन्दा बढी एक क्रान्तिकारी हुन् प्रमुख अमेरिकी सहयोगीलाई पतन गराए र दसकौंसम्म अमेरिकी दबाबको प्रतिरोध गरे। यद्यपि, क्युबा एक अधिनायकवादी राज्य हो जसले असहमतिलाई सहँदैन। २००३ मा, फिडेल क्यास्ट्रोको सरकारले (राउल क्यास्ट्रो अलग थिए) 'कालो वसन्त' नाम दिइएको कार्यक्रममा दर्जनौं लोकतन्त्र समर्थकहरूलाई हिरासतमा राख्यो। पत्राउ परेकाहरूमध्ये एक, क्युबाको देशभक्त संघका संस्थापक जोसे डेनियल फेररले २०२५ मा अमेरिकालाई विपक्षी शक्तिहरूसँग उभिन आह्वान गरे।



● जेम्स टूपानी

(टूपानी हिस्टोरी वेस्टर्न सिड्नी युनिभर्सिटीमा इतिहास र अन्तर्राष्ट्रिय सम्बन्धका उपप्राध्यापक हुन्)

राउलमाथि के अभियोग लागेको छ ?

क्युबा १९६० देखि अमेरिकी नाकाबन्दीको अधीनमा छ। सन् १९६४ देखि २००९ सम्म पश्चिमी गोलार्धका लगभग सबै देशहरू समावेश गर्ने अमेरिकी राज्यहरूको संगठन (ओएएस) का सदस्यहरूले पनि योमाथि प्रतिबन्ध लगाएका थिए। क्युबाको आर्थिक अस्तित्व सधैँ इन्धन आपूर्ति गर्न इच्छुक ठुलो राष्ट्रको समर्थनमा निर्भर रहँदै आएको छ। शीतयुद्धको समयमा त्यो सोभियत संघ थियो, जसको १९९१ को पतन क्युबा र यसको सरकारका लागि विनाशकारी साबित भयो। १९९१ पछिको 'विशेष अवधि' मा इन्धनको अभाव, खाद्य उत्पादनमा गिरावट, सामाजिक अशान्ति र क्युबाबाट ठुलो मात्रामा बसाइँसराइ देखियो।

फ्लोरिडामा रहेका अन्य निर्वासितसँग सामेल हुने आशामा क्युबाली निर्वासितहरू आफ्ना दसौं हजार समूहमा अमेरिका पुगे। अमेरिकाको क्लिन्टन प्रशासनले अन्ततः सामूहिक बसाइँसराइलाई अनुमति दियो र अमेरिकी तटरक्षक दलले नियमित रूपमा फसेका क्युबालीहरूलाई बचाउन मद्दत गरिरहेको थियो। यसको बाबजुद, दर्जनौं मानिसहरू समुद्रमा डुबे। स्व-घोषित 'बे अफ पिग्स भेटेरान' जोसे बासुल्टोको नेतृत्वमा क्युबाली निर्वासितहरूको समूहले उडान भरे र तटरक्षक दललाई फसेका क्युबालीहरूको स्थान रिपोर्ट गरे। तर, उडान उद्देश्य अर्को थियो। धेरै अवसरहरूमा, विमानहरू क्युबाली हवाई क्षेत्रमा उडे, चेतावनीलाई बेवास्ता गरे र सरकारविरोधी गतिविधिलाई उत्तेजित गर्न डिजाइन गरिएका प्रचार छोडे। यस विषयमा पुस्तकका लेखक विलियम लियोग्रान्डे र पिटर कोर्नब्लुहद्वारा सार्वजनिक गरिएका रेकर्डले अमेरिकालाई यी अपरेसनहरूको बारेमा थाहा थियो र क्युबाले अन्ततः विमानहरूलाई गोली हानेर खसाल्ने डर थियो, जसले गर्दा अन्तर्राष्ट्रिय घटना सिर्जना भयो।

२४ फेब्रुअरी १९९६ मा, क्युबाली सेनाले साँच्चै दुई विमानहरू

> क्युबाको आर्थिक अस्तित्व सधैँ इन्धन आपूर्ति गर्न इच्छुक ठुलो राष्ट्रको समर्थनमा निर्भर रहँदै आएको छ। शीतयुद्धको समयमा त्यो निर्भरता सोभियत संघमाथि थियो, जसको पतन क्युबा र यसको सरकारका लागि विनाशकारी साबित भयो

खसालेको थियो, जसमा सवार सबै चारजनाको मृत्यु भएको थियो। अब, ३० वर्षपछि अमेरिकी कानुन मन्त्रालयले आरोप लगाएको छ कि तत्कालीन रक्षामन्त्री क्यास्ट्रो र अन्य छ जना विमानमा सवार चार पुरुषहरूको हत्याका लागि आपराधिक रूपमा जिम्मेवार छन्, जसमध्ये तीनजना अमेरिकी नागरिक थिए। फ्लोरिडाको दक्षिणी जिल्लाका लागि अमेरिकी वकिल, जेसन ए रेडिङ क्विनोन्सले भने, 'समय बिते पनि हत्या अभियोग मेटिनेछैन।'

अमेरिकाले अहिले किन कदम चाल्यो ?

क्युबा फेरि अमेरिकी नाकाबन्दीबाट पीडित छ। यसपटक जनवरीमा यसको इन्धन सहयोगी भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोलाई हटाएपछि सुरु गरिएको थियो। भेनेजुएलाका नयाँ राष्ट्रपति डेल्सी रोड्रिगेजलाई टापुमा तेल ढुवानी बन्द गर्न दबाब दिइएको थियो, जस्तै मेक्सिको र अन्य क्षेत्रीय साझेदारहरूलाई पनि भन्सार शुल्कको धम्की दिइएको थियो। क्युबाले गत बिहीबार घोषणा गऱ्यो कि उसँग कुनै पनि इन्धन वा डिजेल बाँकी छैन। यसैबिच, मानवीय अवस्था बिग्रँदै गयो। एम्नेस्टी इन्टरनेसनलले २०२५ मा रिपोर्ट गरेको थियो कि अधिकांश क्युबालीहरू पर्याप्त खाना र औषधि पाउन संघर्ष गरिरहेका थिए।

हालैका दिनमा भएको ऐतिहासिक भ्रमणमा, सिआइए निर्देशक जोन रेटक्लिफले सम्भावित शासन परिवर्तनको संकेतस्वरूप क्युबाली सरकारका सदस्यसँग कुरा गरे। राष्ट्रपति डोनाल्ड ट्रम्पले यस हप्ता क्युबामा आफ्नो मनसाय पनि प्रकाश पारेका छन्, 'धेरै मानिसहरूलाई यो सबैभन्दा महत्त्वपूर्ण कुराहरूमध्ये एक हुनेछ। उनीहरूले यो क्षण ६५ वर्षदेखि खोजिरहेका छन्।' क्युबाली मूलका अमेरिकीहरूले वास्तवमा १९६० को दसकदेखि क्यास्ट्रोहरूलाई हटाउन जोड दिइरहेका छन्।

- द कन्भर्सेसनबाट

इतिहासमा आज



सन् १९४६ : बेलायतबाट जोर्डन स्वतन्त्र घोषित।

सन् १९५३ : नेभाडामा पहिलो परमाणु तोप फायर गरिएको थियो।

सन् १९६१ : अमेरिकी सदन कंग्रेसमा गरेको एउटा भाषणमा अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले अमेरिकाका तर्फबाट दसकको अन्त्यसम्ममा मानिसलाई चन्द्रमा पुऱ्याउने घोषणा। सन् १९६९ मा एपोलो ११ को सफल अभियानसँग उक्त लक्ष्य सन् १९६९ मा पूरा भएको थियो।

सन् १९६३ : श्वेत शासनविरुद्ध अफ्रिकी देशको गठबन्धन अफ्रिकी एकता संगठनको गठन। अफ्रिकामा स्वतन्त्रतालाई बढावा दिन र अफ्रिकामा श्वेत अल्पसंख्यक सरकारको अन्त्य गर्न संगठन स्थापना गरिएको थियो। अफ्रिकी एकता संगठन सन् २००२ मा अफ्रिकी संघद्वारा प्रतिस्थापित गरिएको थियो।

सन् २००२ : चाइना एयरलाइन्सको जेट मध्य आकाशमा दुर्घटनाग्रस्त। बोइङ ७४७ ताइबान स्ट्रेटमा दुर्घटना हुँदा विमानमा सवार सबै २२५ जनाको मृत्यु भएको थियो। केही वर्षअघि भएको अनुचित मर्मतका कारण विमान दुर्घटना भएको थियो।

इरानसँग धेरै विषयमा सहमति भइसक्यो : ट्रम्प

न्युयोर्क / अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान युद्ध अन्त्य गर्नेबारेमा धेरै महत्त्वपूर्ण विषय टुंगिएको बताएका छन्। ट्रम्पले सामाजिक सञ्जाल एक्समा अमेरिका, इरान र क्षेत्रीय शक्तिहरूबिच 'धेरै हदसम्म वार्ता भएको र अन्तिम रूप चाँडै दिइने' बताएका छन्। हर्मुज जलमार्ग पुनः खोल्ने सम्झौता छिट्टै घोषणा गरिने उनले बताए। उनले यस विषयमा आधिकारिक हस्ताक्षर गर्न र औपचारिक घोषणा गर्न मात्र बाँकी रहेको बताए।

त्यस्तै, भारत भ्रमण रहेका अमेरिकी विदेशमन्त्री मार्को रुबियोले पनि इरान वार्तामा 'महत्त्वपूर्ण प्रगति' भएको तर अझै 'काम गर्न बाँकी' रहेको बताए। इरानलाई आणविक हतियार निर्माण गर्नबाट रोक्नु अमेरिकाको मुख्य लक्ष्य रहेको उनले बताए। पाकिस्तानी प्रधानमन्त्री सेहबाज सरिफले अमेरिका र इरानबिचको अर्को चरणको वार्ता 'धेरै चाँडै' हुने बताएका छन्। पाकिस्तानले शनिबार तेहरानमा इरानी नेताहरूसँग 'परिणाममुखी वार्ता'पछि यो कुरा आएको हो। वासिङटन डिसीमा रहेको अलजजिराको टोलीका अनुसार अमेरिकी राष्ट्रपतिले अझै पनि सैन्य आक्रमण गर्ने सम्भावना भएकाले इरानसँग नयाँ युद्धको खतरा अझै नटरेको बताए।



इरानी राष्ट्रपति मसुद पेजेस्कियानले सर्वोच्च नेता मोज्तावा खोमेनेईको अनुमति नलिई कुनै पनि सहमति नहुने बताएका छन्। उनले आफ्नो देश आणविक हतियार खोजिरहेको छैन भनेर 'विश्वलाई आश्वस्त पार्न तयार' रहेको बताएका छन्। इस्लामिक रिपब्लिक न्युज एजेन्सी (आइआरएनए)ले टेलिग्राममा एक पोस्टमा राष्ट्रपतिलाई उद्धृत गर्दै भनेको छ- 'इरानका दिवंगत नेता आयतोल्लाह खामेनीको सहादत हुनुभन्दा पहिले हामीले घोषणा गरेका थियौं र हामी अहिले पनि दोहोऱ्याउँछौं कि हामी आणविक हतियार खोज्दैनौं भन्ने कुरा विश्वलाई आश्वस्त पार्न तयार छौं।'

शनिबार, इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बागाईले सरकारी टेलिभिजनलाई बताएअनुसार गत साता अमेरिका र इरानी अडान सहमतिनजिक पुगेका थिए।

चरम गर्मीको चपेटामा भारतका विपन्न नागरिक



● विद्या कृष्णन

खोज पत्रकार विद्या कृष्णन सामाजिक न्यायमाथि कलम चलाउँछिन्।



भारत अहिले असाधारण गर्मीबाट गुज्रिरहेको छ। देशका कैयौं भागमा तापक्रम ४५ डिग्री सेल्सियस नाघेको छ। एक महिनाअघि नै महाराष्ट्रको विदर्भ क्षेत्रको अकोलाको तापक्रम देशमा सबैभन्दा उच्च अर्थात ४६.९ डिग्री सेल्सियस रेकर्ड गरिएको थियो। उच्च गर्मीले जारी जनगणनामा खटिएका कर्मचारीहरूको मृत्यु भएको छ। त्यस्तै, केहीअघि पश्चिम बंगालमा सम्पन्न चुनावमा सहभागी केही मतदाताको समेत मृत्यु भएको पाइएको छ। त्यस्तै, अलग घटनामा विवाहको जन्ती गएका एक व्यक्तिको गर्मीकै कारण गन्तव्यमा पुग्नुअघि नै मृत्यु भयो। अप्रिलको अन्त्यतिर हरेक दिन, विश्वका शीर्ष ५० सबैभन्दा तातो सहरको सूचीमा सबै नै भारतका सहर समावेश थिए।

चर्को गर्मीका कारण किसान आफ्ना खेतमा काम गर्न असमर्थ देखिएका छन्। त्यस्तै, अनपेक्षित उच्च तापक्रमले पशु तथा अन्नबालीको उब्जनीमा असर पुगे देखिन्छ। संयुक्त राष्ट्र संघले समेत ताप लहरले खाद्य आपूर्ति नराम्ररी प्रभावित हुने चिन्ता व्यक्त गरेको छ। अझ चिन्ताजनक कुरा, अत्यधिक गर्मीले हृदयाघात त हुने नै भयो अझ मिर्गौलाको समस्या देखिन थालेको छ। कैयौं मानिस राम्ररी निदाउन नसक्ने समस्या भोगिरहेका छन्। उता मधुमेह, श्वासप्रश्वाससम्बन्धी रोग र मानसिक स्वास्थ्य अवस्थालगायत धेरै दीर्घकालीन अवस्था बढिरहेको छ।

मिडियाले गर्मीका कारण मृत्यु भएका व्यक्तिको संख्या त रिपोर्ट गरिरहेको छ। तर, भारतमा गर्मीसँग सम्बन्धित अधिकांश मृत्युहरू आधिकारिक रेकर्डमै आउँदैनन्। स्वास्थ्य रिपोर्टरको रूपमा मेरो आफ्नै दसकौंको अनुभवले कुनै पनि प्रकोपमा मर्ने खाली तथ्यांक मात्र बन्ने देखाउँछ। यसमा सन् १९८० को दसकका एचआइभीका कारण मर्ने बिरामीदेखि हालसालैको कोभिड- १९ का बिरामीसम्म पर्छन्। भारतको १६औं वित्त आयोगले 'हिटवेभ' (ताप-लहर)लाई राष्ट्रिय प्रकोपको रूपमा सूचित गर्न सिफारिस गरेको छ। तर, हिटवेभका कारण हुने मृत्युदर घटाउन वा पीडित परिवारलाई क्षतिपूर्ति दिलाउन भारतको सरकारी कोषबाट रकम निकासा गर्न कर्मचारीतन्त्रबाट यति धेरै हन्डर खानुपर्छ कि कठोर हृदय भएका मानिससमेत रुने अवस्थामा पुग्छन्।

जलवायु परिवर्तनका क्रममा तापक्रम बढ्दै जाँदा, बाँकी विश्वले हरियाली आवरणमा समाधान खोज्ने प्रयास गरेको छ। यसअन्तर्गत रुखविरुवा, सिमसार क्षेत्र र जैविक विविधता वृद्धि गरेर तापक्रम घटाउने उद्देश्य लिइन्छ। तर, भारतमा भने यस पक्षमा ध्यान नै दिइएको छैन। यहाँ, सरकार, अदालत र निजी ठेकेदारबिच रुख कटानलाई तीव्रता दिने गठजोड निर्माण भएको छ। अझ कटान सबैभन्दा बढी अत्यन्त प्रभावित सहरहरूमा देखिन्छ।

महाराष्ट्रमा पर्ने नासिक सहरमा, स्थानीयको विरोधका बाबजुद, दसकौं अझ शताब्दिऔंदेखि उभिएका रुखहरू काटिँदै छन्। त्यस्तै, सोही राज्यको अर्को सहर पुणेमा पनि, पुराना रुख काटेर चार लेन फराकिलो राजमार्ग बनाइँदै छ। दक्षिणी राज्य कर्नाटकको राजधानी बेंगलुरुमा रुख काटेर मेट्रो रेलका लागि बाटो बनाइँदै छ। देशको अन्य भागको जस्तो गर्मी महसुस नगरेको उत्तरको कस्मिरमा मलबेरी, ओखर र चिनारका रूख काटेर बाटो फराकिलो बनाइँदै छ। सन् २०१४ मा सत्ता सम्हाल्ने बेलामै प्रधानमन्त्री नरेन्द्र मोदीले जलवायु परिवर्तनलाई अस्वीकार गरेर धेरै भारतीय वैज्ञानिक र अनुसन्धानदातालाई चिन्तित बनाएका थिए। 'जलवायु परिवर्तन भएको होइन हामी परिवर्तन भएका हौं। हाम्रा बानीहरू परिवर्तन भएका छन् ,' मोदीले विद्यार्थीहरूलाई सम्बोधन गर्ने क्रममा त्यति बेला भनेका थिए।

भारतका मेगासिटी भनिने ठुला सहरहरूलाई असर गरिरहेको गर्मीको असर त्यहाँका गरिब र सीमान्तकृत समुदायमा थप बढी देखिन्छ। अर्थात् उच्च गर्मीले जात, लिंग र वर्गका आधार कायम लामो समयदेखिको असमानतालाई थप बलियो बनाउँदै छ। देशभर रुखकाटेर नांगो देखिने सडकहरूमा घरबारविहीन र सडकमा व्यापार गर्नेहरूको आश्रयस्थल बनेका छन्। सम्पन्न तथा उच्च मध्यमवर्ग त आफ्नो वातानुकूलित घरमा बस्छन्। बाहिर निस्कनुपर्दा वातानुकूलित कार प्रयोग गर्छन्। तिनका कार्यालय पनि वातानुकूलित हुन्छन्। तिनले किनमेल गर्ने मलदेखि तिनका बालबालिका पढ्ने विद्यालयहरू पनि त्यस्तै सुविधा रहेको हुन्छ। तर, यी कुनै पनि सुविधा उपभोग गर्न नसक्ने विपन्न र निम्नमध्यमवर्ग भने दिनानुदिन मृत्युवरण गरिरहेका छन्। आफ्नो सबैभन्दा कमजोर जनसंख्यालाई बेवास्ता गर्ने नयाँ-नयाँ उपाय आविष्कार गरिरहेका यस देशमा विपन्न गर्मीका कारण मर्दा ठुलो मुद्दा बन्न सकेको छैन।

> मोदीले वर्षौंदेखि जलवायु परिवर्तनलाई अस्वीकार गर्दै आएका छन्। अब, मृत्युको संख्या अनगन्ती हुँदै जाँदा, उनको सरकारले सुरक्षा दिनुको सट्टा केही स्थानमा 'कुलिङ पोइन्ट' बनाएर आफ्नो फोटो टाँस्दै सरकारको 'ब्रान्डिङ' गर्दै छ।

भारतमा पछिल्लो समय देखिएको उच्च गर्मीको सम्बन्धमा हार्वर्ड विश्वविद्यालयको दक्षिण एसिया संस्थानले एक श्वेतपत्र जारी गरेको छ, जहाँ एक निर्दोष प्रश्न सोधिएको छ- 'आखिर कति गर्मीलाई धेरै तातो मान्ने ?' अनुसन्धानकर्ताहरू भन्छन् कि मानव शरीरले पुनः आफूलाई चिस्याउन नसक्ने अवस्थामा पुगेपछि गर्मी सहन सक्दैन। त्यो सीमा भिजेको बल्बको ३५ डिग्री सेल्सियस तापक्रम हो। यो सीमाभन्दा माथि, घामको ओभेल पारेर छायामा बसिरहेको स्वस्थ जवान व्यक्तिसमेत असहज महसुस गर्छन्। लामो समय यही अवस्था रहे ज्यानसमेत जान सक्छ।

हार्वर्डको श्वेतपत्रका अनुसार भारतमा झन्डै ३८ करोड नागरिक मानव शरीरले थेग्न सक्नेभन्दा उच्च गर्मी सहेर बाँचिरहेका छन्।

मोदी नेतृत्वको सरकारले केही समयदेखि बर्सेनि गर्मीका कारण हुने मृत्युको पारदर्शी रेकर्ड राख्न ध्यान दिएको छैन। वैज्ञानिक, पत्रकार र जनस्वास्थ्यविद्हरूले भारतको गर्मीसम्बन्धी तथ्यांक प्रणाली खण्डित, असंगत, सुस्त र अपारदर्शी रहेको भन्दै आलोचना गरेका छन्। भारतको मौसम विज्ञान विभाग (आइएमडी)ले नै तापक्रमसम्बन्धी तथ्यांकमा पारदर्शिता नअपनाएको भन्दै आलोचनाको सामना गरिरहेको छ। सन् २०२४ मे २९ मा भारतमा ५२.९ डिग्री सेल्सियसको मापन हुँदा आइडिएम आफैंले पछि त्यसलाई 'खराब सेन्सर'को गलत रिडिङ भनेको थियो।

प्रत्येक वर्ष, कष्टकर गर्मीका बिच सार्वजनिक बहसमा आइएमडी प्रणालीको चर्चा हुने गर्छ। यस वर्षको हिटवेभ (तापलहर)को प्रभावको अझै विश्लेषण भइरहेको छ। विश्लेषणको रिपोर्ट आउँदै गर्ला, तर जोजसले यसको अनुभव गरे तिनका लागि पछिल्लो दुई महिना निरन्तर आपत्काल रह्यो, विनाकुनै राहत। लगातार ४० दिनसम्म तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि रहेपछि बल्ल मोदी सरकारले बहुप्रतिक्षित 'हिटवेभ एक्सन प्लान (तापलहर कार्य योजना)' लागू गऱ्यो। हरेक संकट जस्तै, मोदीले यस्तो घातक संकटलाई समेत 'ब्रान्डिङ' अवसरमा परिणत गरे।

क्यामेरासामु सरकारी मन्त्रीले जबर्जस्ती गर्मीका कारण तौलियाले अनुहार पुछिरहेको देखिन्थ्यो। विगतमा कोभिडको समयमा खोपको प्रमाणपत्रमा प्रधानमन्त्री मोदीको फोटो लगाइएकोजस्तै राष्ट्रिय राजधानीभर अहिले अनावरण गरिएको 'कुलिङ पोइन्टहरू'मा उनै मोदीको फोटो टाँसिएको छ। करदाताको पैसा खर्च गरेर ल्याइएको 'हिटवेभ एक्सन प्लान' जनतालाई सत्तारूढ दलप्रति ऋणी रहने अपेक्षाका साथ कार्यान्वयनमा लगिएको छ।

यसबिच, नोटबन्दी र कोभिड- १९ लकडाउनजस्ता राष्ट्रिय पीडाका बिच सरकारको सहयोग नपाएको सम्झना भएका जनता भने आफैं केही गर्न तल्लीन छन्। हो, आमभारतीयसँग अहिले योबाहेक अन्य विकल्प छैन। ठुला पदमा बसेकाले त बरु उल्टो राहत दिने रुख ढाले र विपन्न नागरिकको जीवनलाई थप जोखिमपूर्ण बनाए।

- अलजजिराबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार ११ जेठ ०८३

कृषिको आधा बजेट रासायनिक मलमा

आगामी बजेटका लागि ५१ अर्बको सिलिङभित्र २८ अर्ब रासायनिक मलमा अनुदान दिन छुट्याइयो, चालू बजेटबाट हटाइएको उखु किसानको अनुदानलाई भने आगामी आवमा निरन्तरता दिएर डेढ अर्ब प्रस्ताव





● **डा. राजेन्द्रप्रसाद मिश्र**
कृषिसचिव

आगामी बजेटको सिलिङ चालू वर्षमा कार्यान्वयन भइरहेको बजेटको तुलनामा कम छ। सिलिङभित्र रहेर तयार गरेको कार्यक्रममा सबैभन्दा ठुलो हिस्सा रासायनिक मलका लागि विनियोजन भएको छ। त्यस्तै, प्रदेश र स्थानीय तहलाई ससर्त अनुदानका कार्यक्रम पनि बनाइएको छ भने यसपालिको बजेटमा उखु किसान र कृषि बिमाको प्रिमियममा दिइने अनुदानलाई निरन्तरता दिइएको छ।

मुख्य रूपमा प्रस्तावित एक दर्जन कार्यक्रम

प्रस्तावित कार्यक्रम	बजेट
रासायनिक मलमा अनुदान	२८ अर्ब
कृषि अनुसन्धान	२ अर्ब ८० करोड
कृषिको आधुनिकीकरण	२ अर्ब ५५ करोड
फार्मबाट उत्पादन हुने बिउ, बेर्ना, नश्ल सुधार	२ अर्ब ४८ करोड
प्रांगारिक खेती प्रवर्द्धन	२ अर्ब २१ करोड
कृषि बिमाको प्रिमियममा अनुदान	१ अर्ब ५४ करोड
मध्य पहाडी क्षेत्रमा फलफूल खेती विस्तार आयोजना	१ अर्ब ५४ करोड
उखु किसानलाई अनुदान	१ अर्ब ५० करोड
पशुपक्षीमा लाग्ने रोगविरुद्ध खोप व्यवस्थापन	८० करोड
खाद्य प्रविधि र स्वच्छता कार्यक्रम	६४ करोड
स्थानीय तहमा प्राविधिक जनशक्ति व्यवस्थापन	५९ करोड

अजित अधिकारी/नयाँ पत्रिका

कृषि, वन तथा पर्यावरण मन्त्रालयले आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटमा कृषितर्फ ५१ अर्ब १४ करोड ९३ लाख रुपैयाँको कार्यक्रम प्रस्ताव गरी अर्थ मन्त्रालय पठाएको छ। त्यसमध्ये २८ अर्ब रुपैयाँ रासायनिक मलमा किसानलाई अनुदान दिने गरी कार्यक्रम प्रस्ताव गरिएको छ। मलमा अनुदान दिन प्रस्तावित रकम कृषि बजेटको ५४.७४ प्रतिशत हो।

रासायनिक मलका लागि प्रस्तावित बजेटबाट आगामी आवमा ६ लाख टन मल आयात भई २० लाखदेखि २२ लाख कृषकलाई वितरण गर्ने लक्ष्य राखिएको छ। तर, अहिले रासायनिक मलको मूल्य अन्तर्राष्ट्रिय बजारमा बढेका कारण प्रस्तावित बजेटबाट दुई लाख ६५ हजार टन मात्रै खरिद गर्न सक्ने अवस्था रहेको कृषिसचिव डा. राजेन्द्रप्रसाद मिश्रले जानकारी दिए। यद्यपि, मध्यपूर्व युद्ध बिस्तारै कम भएर अन्तर्राष्ट्रिय बजारमा मलको मूल्य घट्ने र लक्ष्यअनुसार नै मल आयात गर्न सक्षम हुने अपेक्षा राखेको उनले बताए।

त्यस्तै, कृषि अनुसन्धानका लागि दुई अर्ब ८० करोड रुपैयाँ नार्कमार्फत कार्यान्वयन गर्ने गरी कार्यक्रम प्रस्ताव गरिएको छ। 'प्रस्तावित बजेटको कार्यान्वयनबाट नौ सय टन स्रोत बिउ उत्पादन हुने, १० वटा उन्नत र ५ वटा हाइब्रिड जात उन्मोचनको सिफारिस हुने तथा २५ भन्दा बढी प्रविधि विकास हुने' मन्त्रालयको प्रस्तावमा भनिएको छ।

उखु किसानलाई दिने अनुदान एक अर्ब ५० करोड रुपैयाँ बजेट प्रस्ताव गरिएको छ। सो बजेटले देशभरका ६५ हजार किसानलाई अनुदान वितरण गर्न पुग्ने मन्त्रालयको दाबी छ। सरकारले न्यूनतम समर्थन मूल्य निर्धारण गर्दा नै सरकारी अनुदानबापत प्रतिक्विन्टल ७० रुपैयाँका दरले किसानलाई अनुदान उपलब्ध गराउने नीति लिँदै आएको छ।

पशुधन तथा कृषि बालीको बिमा गरेबापत प्रिमियममा अनुदान दिन एक अर्ब ५४ करोड रुपैयाँ प्रस्ताव गरिएको छ। सो रकमले एक लाख ६५ हजार किसान लाभान्वित हुने मन्त्रालयको दाबी छ।

पशुपक्षीमा लाग्ने रोगविरुद्ध खोप व्यवस्थापनतर्फ प्रस्तावित ८० करोड बजेटबाट ११ प्रकारका रोगसँग लड्न सक्ने क्षमता भएका पाँच लाख ९० हजार डोज खोप उत्पादन र वितरण गर्ने लक्ष्य राखिएको छ।

कृषिसचिव मिश्रले आगामी आवका लागि तोकिएको सिलिङ चालू आवमा कार्यान्वयन भइरहेको बजेटको तुलनामा कम भएकाले धेरै कार्यक्रम प्रस्ताव गर्न नसकिएको बताए। चालू आवमा मन्त्रालयले कार्यान्वयन गरिरहेको ५७ अर्ब ४७ करोड १४ लाखको तुलनामा आगामी आवका लागि तोकिएको सिलिङ ६ अर्ब ३३ करोड रुपैयाँ कम हो। चालू आवमा विनियोजित कृषि बजेट कुल राष्ट्रिय बजेटको तुलनामा २.९३ प्रतिशत हो।

आगामी आवलाई प्रस्तावित कृषि बजेटमध्ये संघतर्फ ४५ अर्ब ९१ करोड, प्रदेशतर्फ ससर्त एक अर्ब ५७ करोड, स्थानी तहमा ससर्त दुई अर्ब २९ करोड र वित्तीय व्यवस्थातर्फ एक अर्ब ३६ करोड राखिएको छ।

प्रांगारिक कृषितर्फ सवा दुई अर्ब

प्रांगारिक खेती प्रवर्द्धनका लागि दुई अर्ब २१ करोड र माटो सुधारका लागि एक करोड ६० लाख प्रस्ताव

प्रांगारिक खेतीलाई विस्तार र प्राथमिकता दिनुपर्ने आवाज उठे पनि मन्त्रालयले कम बजेट विनियोजन गरेको छ। माटो सुधारका लागि एक करोड ६० लाख ४१ हजार बजेट प्रस्ताव गरिएको छ। यो बजेटले माटो सुधारका लागि प्रांगारिक तथा भर्मी कम्पोस्ट र जैविक मल प्रवर्द्धन भई माटोको स्वास्थ्य सुधार हुने मन्त्रालयको दाबी छ। त्यस्तै, प्रांगारिक खेती प्रवर्द्धनका लागि दुई अर्ब २१ करोड बजेट प्रस्ताव गरिएको छ। जैविक खेती पक्षमा निरन्तर पैरवी गर्दै आएका 'खाद्यका लागि कृषि अभियान'का संयोजक उद्धव अधिकारीले रासायनिक मलका लागि ठुलो बजेट राखेको सरकारले प्रांगारिक खेती विस्तारलाई भने बेवास्ता गरेको बताए।

'रासायनिक मलमा जुन हिसाबले बजेट राखिएको छ, त्यसलाई बिस्तारै प्रतिस्थापन गर्ने नीति लिनका लागि प्रांगारिक खेतीलाई पनि बजेटमा उत्तिकै प्राथमिकता दिनु जरुरी छ,' उनले भने, 'आगामी दिनमा जैविक खेती प्रणालीलाई अवलम्बन गर्नुको विकल्प नै छैन।'

कृषि क्षेत्रको आधुनिकीकरणमा दुई अर्ब ५५ करोड रुपैयाँ प्रस्ताव गरिएको छ। कृषि मन्त्रालयले देशभर पकेट क्षेत्रका आधारमा सुपर जोन, जोन, पकेट र ब्लक गरी आयोजना निर्धारण गरी यो शीर्षकको बजेट कार्यान्वयन गर्दै आएको छ। मध्य पहाडी क्षेत्रमा फलफूल खेतीको विस्तार गर्ने आयोजनाका लागि एक अर्ब ५४ करोड प्रस्ताव गरिएको छ। यो आयोजना एसियाली विकास बैंकको आर्थिक सहयोगमा सञ्चालित छ। बर्डफ्लु रोगका कारण हुन सक्ने क्षतिबाट किसानलाई राहत दिन आठ करोड प्रस्ताव गरिएको छ। कृषि मन्त्रालयले अभियानका रूपमा अघि बढाइरहेको किसान सूचीकरण कार्यक्रमलाई नौ करोड बजेट प्रस्ताव गरिएको छ।



आजबाट जापानले बिपी राजमार्गको पुनर्निर्माण थाल्दै

१२ असोज ०८१ को बाढीले क्षतिग्रस्त बनाएको ३०.५ किलोमिटर सडकमध्ये ३.२ किमि सडकखण्ड जापानले पुनर्निर्माण सुरु गर्दै



■ **सडक विभागले चार खण्डमा गर्दै छ धमाधम पुनर्निर्माण**

- भकुन्डेबँसीदेखि चारसयबँसीसम्म ११ किमि सडक | **लागत** : १ अर्ब १४ करोड
- चारसयबँसीदेखि डालाबँसीसम्मको नौ किमि सडक | **लागत** : १ अर्ब २२ करोड
- बर्खेखोलादेखि नेपालथोकसम्मको पाँच किमि सडक | **लागत** : ५५ करोड
- पिप्लेदेखि डालाबँसीसम्मको २.३ किमि सडक | **लागत** : ६८ करोड ८० लाख

जापानले जिम्मा लिएको क्षेत्र आजदेखि पुनर्निर्माणमा जाँदै छ

● **अर्जुनप्रसाद अर्याल**
उपमहानिर्देशक, सडक विभाग



जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)को आर्थिक तथा प्राविधिक सहयोगमा पिप्लेदेखि बर्खेखोलासम्मको ३.२ किमि सडकखण्डको पुनर्निर्माण कार्य सुरु हुन लागेको छ। सोमबार जापानका लागि नेपाली राजदूत माएदा तोरु र पूर्वाधार विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले संयुक्त रूपमा परियोजना पुनर्निर्माणको शिलान्यास गर्ने कार्यक्रम छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

जापानले जिम्मा लिएको बिपी राजमार्गको क्षतिग्रस्त पिप्लेदेखि बर्खेखोला खण्डको पुनर्निर्माण आजबाट सुरु हुने भएको छ। १२ असोज ०८१ को बाढीपहिरोका कारण क्षतिग्रस्त बिपी राजमार्गको काभ्रे र सिन्धुलीमा पर्ने ३०.५ किलोमिटर सडकखण्ड पुनर्निर्माण तथा मर्मत गर्नुपर्नेछ। त्यसमा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)को आर्थिक तथा प्राविधिक सहयोगमा पिप्लेदेखि बर्खेखोलासम्मको ३.२ किमि सडकखण्डको पुनर्निर्माण कार्य सुरु हुन लागेको सडक विभागका उपमहानिर्देशक अर्जुनप्रसाद अर्यालले जानकारी दिए।

सोमबार जापानका लागि नेपाली राजदूत माएदा तोरु र पूर्वाधार विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले संयुक्त रूपमा परियोजना पुनर्निर्माणको शिलान्यास गर्ने तयारी छ। जापानको सिमिजु कर्पोरेसनले उक्त खण्डको निर्माण ठेक्का पाएको छ।

जापानले दुई अर्ब ८० करोड येन अनुदान दिने गरी १३ कात्तिकमा द्विपक्षीय सम्झौता भएको थियो। त्यसपछि बाँकी प्रक्रिया पूरा गरेर निर्माण सुरु गर्न लागिएको हो। उक्त खण्डमा जापानले यसअघिदेखि नै पूर्वतयारीको काम गरिरहेको छ। क्याम्प बनाउने, अस्थायी बाटो बनाउनेलगायतका काम भइसकेका छन्।

यसबाहेक बाँकी खण्डलाई भने चार प्याकेजमा विभाजन गरेर सडक विभागले पुनर्निर्माण गरिरहेको छ।

एक सय ५९ किलोमिटर बिपी राजमार्ग जापानकै २६ अर्ब यान आर्थिक र प्राविधिक सहयोगमा निर्माण गरिएको थियो। आर्थिक वर्ष ०५३/५४ देखि सुरु भएको निर्माणकार्य ०७२ सालमा सम्पन्न भएको थियो। सडक विभागले चार प्याकेजमा विभाजन गरेर क्षतिग्रस्त सडकको पुनर्निर्माण गरिरहेको छ।

भकुन्डेबँसीदेखि चारसयबँसीसम्म ११ किमि सडक पुनर्निर्माणका लागि लामा-नवकान्तिपुर जेभीसँग एक अर्ब १४ करोड रुपैयाँमा ठेक्का सम्झौता भएर काम अघि बढेको छ। चारसयबँसीदेखि डालाबँसीसम्मको नौ किमि सडक बनाउन खानी-कमलजित-एवान जेभीसँग एक अर्ब २२ करोड रुपैयाँमा ठेक्का सम्झौता गरिएको छ। काभ्रे जिल्लामा पर्ने यो खण्डमा पुनर्निर्माणको काम भइरहेको छ।

सिन्धुली जिल्लामा पर्ने बर्खेखोलादेखि नेपालथोकसम्मको पाँच किमि सडक पुनर्निर्माण गर्न भने खरीदुंगा-घिसिङ-क्षितिज जेभीसँग ५५ करोड रुपैयाँमा ठेक्का सम्झौता भएको छ। पिप्लेदेखि डालाबँसीसम्मको २.३ किमि सडकको पुनर्निर्माणका लागि उमा एन्ड कम्पनी-भण्डारी-अमरज्योति जेभीसँग ६८ करोड ८० लाख ६८ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको छ। हाल यी खण्डमा पनि पुनर्निर्माणको काम भइरहेको छ।

पुनर्निर्माण कार्य जारी रहँदा पनि पछिल्लो समय पटक-पटक आउने बाढीले बिपी राजमार्गलाई प्रभावित बनाइरहेको छ। यद्यपि, पुरानै ठेक्कामार्फत त्यसको पुनर्निर्माण भइरहेको छ।

'कतिपय ठाउँमा खोलाबाटै सडकको जग निकाल्नुपर्नेछ। त्यसले गर्दा पछिल्ला बाढीले पनि राजमार्ग प्रभावित बनाइरहेको छ। साथै, पुनर्निर्माणको काम पनि प्रभावित भइरहेको छ,' विभागका एक अधिकारीले भने, 'पछिल्लो बाढीले प्रभावित भएका ठाउँमा पनि पुरानै ठेक्काबाट काम गराउनेछौं।'

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८३/०२/११)

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नै/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरिकाले गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैकबिच भए गरेका शर्त सम्झौता, बैकको नियम, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैकको नियम तथा अन्य प्रचलित कानूनले बैकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैकले धितो सकार्न परेमा वा लिलाम बिक्रीबाट बैकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र. सं	ऋणी/प्रोप्राईटर/शेयरधनी/संचालक/साझेदार/ जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणी : शिवान्स आयुर्वेद फर्मा (आवधिक कर्जा),** सि.नं. १५८३, र.प.नं. : ३७८०४२००५४२२४/ ठेगाना : का.म.न.पा. १६, काठमाडौं, **ऋण प्रवाह गर्ने शाखा : ठमेल** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१.सुरक्षा खतिवडा-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.२६१/२८९२४, मिति २०६६/०५/१० मा जि.प्र.का.धादिङबाट जारी भएको) पति : शुसिल विक्रम खनाल, ससुरा : कृष्ण प्रसाद खनाल **२. शुसिल विक्रम खनाल-जमानीकर्ता** (ना.प्र.नं. ४४१२६४३६, मिति २०६१/१०/२७ मा जि.प्र.का. गोरखाबाट जारी भएको) बाबु : कृष्ण प्रसाद खनाल, बाजे : देवी प्रसाद खनाल
३.	**ऋणी : भेन्चर वेस्ट टु इनर्जी प्रा.लि. (विविध कर्जा)** दर्ता नं. : १६०२८२/०७३/०७४, ठेगाना : कार्यविनायक १, सैबु ललितपुर, **ऋण प्रवाह गर्ने शाखा : केन्द्रिय कार्यालय कर्पोरेट** **शेयरधनी/जमानीकर्ताहरु :** **१. भेन्चर इन्भेष्टमेन्टस् प्रा.लि.- शेयरधनी/संस्थागत जमानीकर्ता ,** दर्ता नं. : १४५८२९/०७२/०७३, ठेगाना : कार्यविनायक १, सैबु, ललितपुर **२. जेनेस श्रेष्ठ- जमानीकर्ता** (ना.प्र.नं. ०६३९९०/६४८१, मिति २०४४/०६/११ मा जि.प्र.का.सुनसरीबाट जारी भएको) बाबु : रमेश कुमार श्रेष्ठ, बाजे : काजी राम श्रेष्ठ **३.विपुल राज पाण्डे- जमानीकर्ता** (ना.प्र.नं. १५९९०-५५९१५, मिति २०४५/०३/०६ मा जि.प्र.का.काठमाडौंबाट जारी भएको), बाबु : बिनय राज पाण्डे, बाजे : बिधी राज पाण्डे

क्र. सं	ऋणी/प्रोप्राईटर/शेयरधनी/संचालक/साझेदार/ जमानीकर्ताको नाम ठेगाना/ विवरण
२.	**ऋणी : ए.के.एस इष्टा उद्योग प्रा.लि (विविध कर्जा),** दर्ता.नं. : २६०८८०/०७७/०७८, ठेगाना : वैतेश्वर १, दोलखा **ऋण प्रवाह गर्ने शाखा : इमाडोल** **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१.कल्पना कुमारी दाहाल-शेयरधनी/सचांलक/जमानीकर्ता,** (ना.प्र.नं. २२९९/१६७८, मिति २०४४/११/२२ मा जि.प्र.का.सिन्धुलीबाट जारी भएको), बाबु : बासुदेव दाहाल, ससुरा : दामोदर अधिकारी **२.अनन्त प्रासाद अधिकारी-जमानीकर्ता** (ना.प्र.नं. ३७८९, मिति २०४५/०१/०२ मा जि.प्र.का. काभ्रेपालाञ्चोकबाट जारी भएको) बाबु : दामोदर अधिकारी, बाजे : टेकनाथ अधिकारी **३. सिता बोम्जन (तामाङ)- शेयरधनी/सचांलक/जमानीकर्ता** (ना.प्र.नं.१६८२ रौतहट मिति २०६१/११/०२ मा जि.प्र.का. दोलखाबाट जारी भएको), पति : शुक्रराज तामाङ, ससुरा : पर्वे तामाङ **४. अनमोल अधिकारी- जमानीकर्ता** (ना.प्र.नं. ३०-०१-७३-०१२३०६, मिति २०७३/०९/२४ मा जि.प्र.का. काभ्रेपालाञ्चोकबाट जारी भएको), बाबु : अनन्त प्रासाद अधिकारी, बाजे : दामोदर अधिकारी **५.शुक्रराज तामाङ-जमानीकर्ता** (ना.प्र.न. २९३४-३३१, मिति २०५०/११/१६ मा जि.प्र.का. दोलखाबाट जारी भएको) बाबु : पर्वे तामाङ, बाजे : जित बहादुर तामाङ
४.	**ऋणी : नेपाल प्रिमियम वाटर प्रा.लि. (विविध कर्जा) ,** दर्ता नं. : १४२२८८/०७२/०७३, ठेगाना : का.म.न.पा. २, काठमाडौं, **ऋण प्रवाह गर्ने शाखा : नयाँ बानेश्वर** **शेयरधनी/व्यक्तिगत जमानीकर्ता :** **कुसुम लामा-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.२७ ६४९८/६२०७, मिति २०४२/०६/३० मा जि.प्र.का.काठमाडौंबाट जारी भएको) बाबु : सर्वजित सिंह तामाङ, बाजे : फौद सिंह तामाङ

कर प्रणाली व्यवस्थित गर्न विज्ञको सुझाव

काठमाडौं/ करविज्ञ रूप खड्काले सिद्धान्तबाहिर गई नेपालमा हजारौं शीर्षकमा अन्तःशुल्क लगाउने परिपाटी रहेकाले सुधार गर्नुपर्ने बताएका छन्। नेपाल आर्थिक पत्रकार संघ (नाफिज)द्वारा आयोजित 'बजेट तथा कर' र 'सम्पत्ति शुद्धीकरण'सम्बन्धी अन्तर्क्रियामा खड्काले नेपालमा ९६ प्रतिशत राजस्व मूल्य अभिवृद्धि कर (भ्याट), अन्तःशुल्क, भन्सार महसुल, वस्तुगत करबाट संकलन भइरहेको बताए। उनले व्यक्तिगत आयकरको तल्लो र माथिल्लो सीमा परिवर्तन गर्दा छिमेकी देशहरूको दर हेरी सीमा निर्धारण गर्नुपर्ने बताए।

बागमतीमा अघि बढ्यो बजेट निर्माण

साउनदेखि आठ मन्त्रालय हुने निर्णय, तर १४ मन्त्रालयलाई नै सिलिङ वितरण

■ प्रारम्भिक बजेट सिलिङ ४९ अर्ब

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशले आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट निर्माण प्रक्रिया औपचारिक रूपमा अघि बढाएको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयले करिब ४९ अर्बको प्रारम्भिक बजेट सिलिङ निर्धारण गर्दै प्रदेशका मन्त्रालयहरूलाई योजना तथा कार्यक्रम छनोटका लागि पत्राचार गरेको हो। प्रदेश सरकारले आगामी साउनदेखि मन्त्रालयको संख्या १४ बाट घटाएर आठमा झार्ने निर्णय गरिसकेको छ। तर, बजेट सिलिङ भने सबै मन्त्रालयलाई पुरानै संरचनाअनुसार वितरण गरिएको छ।

बजेट कार्यान्वयनको चरणमा पुगेपछि कार्यक्रम तथा बजेटलाई नयाँ संरचनाअनुसार मर्ज गरिने आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङको भनाइ छ। उनका अनुसार बजेट तर्जुमा निर्देशिकाअनुसार चैतको पहिलो साताभित्र सिलिङ वितरण हुनुपर्ने भए पनि मन्त्रालय तथा कार्यालय पुनर्संरचना, ओएन्डएम सर्भे र प्रशासनिक तयारीका कारण ढिलाइ भएको हो। बामगतीको आगामी बजेटमा चालू खर्चतर्फ करिब ३० प्रतिशत कटौती गर्ने तयारी गरिएको छ। सवारीसाधन खरिदका लागि बजेट विनियोजन नहुने मन्त्री तामाङले बताए। चालू आर्थिक वर्षमा बागमती सरकारले ६७ अर्बभन्दा बढीको बजेट ल्याएको थियो। तर, कमजोर खर्च प्रगति, सीमित स्रोत र कार्यान्वयन चुनौतीका कारण आगामी वर्ष बजेटको आकार घटाएर करिब ५० अर्बमा सीमित गर्ने तयारी मन्त्रालयको छ।

मन्त्रिपरिषद्को निर्णयअनुसार साउनदेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालय, उद्योग पर्यटन तथा यातायात मन्त्रालय, स्वास्थ्य तथा सामाजिक मन्त्रालय तथा कृषि, वन तथा पशुपक्षी विकास मन्त्रालय गरी आठ मन्त्रालय कायम हुनेछन्। कुन कार्यालय गाभिने भन्ने विषयमा अन्तिम निर्णय हुन बाँकी रहे पनि प्रशासनिक सहजताका लागि तत्काललाई पुरानै संरचनाअनुसार बजेट सिलिङ वितरण गरिएको छ।



■ आगामी बजेटका लागि तोकिएको सिलिङ

मन्त्रालयको नाम	बजेट सिलिङ (रकम)
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१४ करोड ३२ लाख
आन्तरिक मामिला तथा कानुन मन्त्रालय	४७ करोड २८ लाख
आर्थिक मामिला तथा योजना मन्त्रालय	१८ करोड ११ लाख
भौतिक पूर्वाधार विकास मन्त्रालय	९ अर्ब ६४ करोड
सामाजिक विकास मन्त्रालय	७० करोड ४८
खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	४ अर्ब ४५ करोड
कृषि तथा पशुपक्षी विकास मन्त्रालय	१ अर्ब ३८ करोड
स्वास्थ्य मन्त्रालय	२ अर्ब ६२ करोड
श्रम, रोजगार तथा यातायात मन्त्रालय	४७ करोड
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय	४१ करोड
संस्कृति तथा पर्यटन मन्त्रालय	९२ करोड १८ लाख
वन तथा वातावरण मन्त्रालय	२ अर्ब २२ करोड
युवा तथा खेलकुद मन्त्रालय	७४ करोड
सहकारी तथा गरिबी निवारण मन्त्रालय	१२ करोड

धितोपत्र बोर्ड अध्यक्षका लागि तीनजना सिफारिस

नयाँ पत्रिका

धितोपत्र बोर्ड (सेबोन)मा अध्यक्ष नियुक्तिका लागि गठित सिफारिस समितिले तीनजनाको नाम टुंगो लगाएको छ। गत शुक्रबार चारजनाको अन्तर्वार्ता लिएको समितिले पहिलो नम्बरमा रहेका डा. नवराज अधिकारीलाई पन्छाएर तीनजनाको नाम सिफारिस गरेको मन्त्रालय स्रोतले जानकारी दिएको छ।

बोर्डका कार्यकारी निर्देशक विनयदेव आचार्य, नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशकद्वय मुकुन्दकुमार क्षेत्री र डा. गोपालप्रसाद भट्टको नाममा टुंगो लागेको हो। संक्षिप्त सूचीबाट बाहिरिएका डा. अधिकारी सेबोनका अवकाशप्राप्त कार्यकारी निर्देशक हुन्।

सेबोन अध्यक्ष सिफारिस समितिको संयोजकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टले राजीनामा दिएपछि सदस्य डा. सञ्जय आचार्यलाई


विनयदेव आचार्य


डा. गोपालप्रसाद भट्ट


मुकुन्दकुमार क्षेत्री

तोकिएको थियो। समितिको सदस्यमा अर्थसचिव डा. घनश्याम उपाध्याय र बैंकर्स संघका पूर्वअध्यक्ष भुवनकुमार दाहाल छन्। सिफारिसमा परेका डा. गोपालप्रसाद भट्टले 'नेपालमा धितोपत्र बजारको प्रभावकारिता' विषयमा विद्यावारिधि गरेका छन्। राष्ट्र बैंकमा कार्यरत रहँदा उनले बैंक सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभाग, आर्थिक अनुसन्धान विभाग, वित्तीय व्यवस्थापन विभाग, सार्वजनिक ऋण व्यवस्थापन विभाग र मानव संसाधन व्यवस्थापन विभागजस्ता महत्त्वपूर्ण विभागको नेतृत्व सम्हालेका थिए। सेयर बजार र आर्थिक वृद्धिबिचको सम्बन्धबारे उनको अनुसन्धान सेबोनको जर्नलमा प्रकाशित भइसकेको छ। भट्टको अध्ययनले नेपालको पुँजी बजार आर्थिक वृद्धिसँग जोडिए पनि अझै कमजोर र संरचनागत समस्याबाट ग्रसित रहेको निष्कर्ष निकालेको थियो। हाल उनी विभिन्न विश्वविद्यालय र कलेजमा लगानी व्यवस्थापन, सुरक्षा विश्लेषण, पोर्टफोलियो व्यवस्थापन, वित्तीय डेरिभेटिभ्स, मर्जर तथा एक्विजिसन र कर्पोरेट पुनर्संरचनाजस्ता विषय अध्यापन गरिरहेका छन्।

चार्टर्ड एकाउन्टेन्ट (सिए)समेत रहेका मुकुन्दकुमार क्षेत्रीले राष्ट्र बैंकमा वित्तीय व्यवस्थापन विभाग, बैंक सुपरिवेक्षण विभाग र सूचना प्रविधि विभागको नेतृत्व गरेका थिए। ३० वर्ष सेवा पूरा गरेर उनी ०८१ चैतमा अवकाश भएका हुन्। उनीसँग सेबोन र नेपाल स्टक एक्सचेन्ज (नेप्से) दुवै संस्थामा सञ्चालकका रूपमा काम गरेको अनुभव छ। त्यस्तै, अर्का उम्मेदवार क्षेत्री पनि राष्ट्र बैंकको प्रतिनिधिका रूपमा सेबोनको बोर्ड सदस्य भइसकेका छन्। उनले नेप्सेको सञ्चालक समितिमा समेत बसेर दोस्रो बजारको सञ्चालन, नीतिगत चुनौती र बजार संरचनालाई नजिकबाट नियालेका छन्।

'कार्यान्वयन र नतिजामुखी बजेट ल्याउँछौं'

बुटवल/ लुम्बिनी प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनमुखी, नतिजामुखी र व्यावहारिक बनाइने बताएका छन्।


धनेन्द्र कार्की, मन्त्री

लुम्बिनी प्रदेश सभाको आठौँ अधिवेशनअन्तर्गत आइतबार बसेको पाँचौँ बैठकमा 'लुम्बिनी प्रदेश सरकारको विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता'माथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री कार्कीले प्रदेशको आवधिक योजनाले निर्दिष्ट गरेका संकल्प र प्रदेश सभा सदस्यले दिएका सुझावका आधारमा बजेट निर्माण गरिने बताएका हुन्।

उनले पर्यटन, उद्योग र रोजगारीलाई प्राथमिकतामा राखेर कार्यक्रम ल्याइने बताउँदै पुँजी तथा प्रविधिको विस्तारमा विशेष जोड दिइने जानकारी दिए। कृषि क्षेत्रको आधुनिकीकरण, प्रांगारिक उत्पादन प्रवर्द्धन तथा उत्पादनमा विविधीकरणमार्फत रोजगारी र आयआर्जन सिर्जना गर्ने नीति सरकारले लिएको उनको भनाइ छ।

अमरज्योति बचत तथा ऋण सहकारी संस्था लि. को

ऋण चुक्ता गर्न अनुरोध गरिएको ३५ दिने सूचना र ऋण चुक्ता नगरेमा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्न डाँक बढाबढ गरिने सम्बन्धी सूचना

सूचना प्रकाशन मिति : २०८३/०२/११)

यस सहकारीबाट ऋण लिएका तपसिलबमोजिमका ऋणी सदस्यहरूले म्यादभित्र ऋण चुक्ता नगरेको एवं लिखित तथा मौखिक ताकेता गर्दासमेत ऋण नतिरेको हुनाले यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३५ दिन (मिति २०८३/०३/१५) भित्र संस्थामा सम्पर्क गरी सम्पूर्ण सावाँ, ब्याज र जरिवानासमेत चुक्ता गरी धितो राखिएको सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित ऋणी सदस्यहरूलाई जानकारी गराइन्छ।

तोकिएको समयमा ऋणीले ऋण नतिरेमा सहकारी ऐन, २०७४ को दफा ७९ एवं सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम धितोमा राखिएको सम्पत्ति लिलाम बिक्री गर्नका लागि मिति २०८३ साल असार १६ गते बिहान १०:३० बजेदेखि दिउँसो ४:०० बजेसम्म संस्थाको कार्यालयमा डाँक बढाबढ गरिने छ। धितोमा राखिएको सम्पत्ति लिलामीबाट पनि ऋण असुल नभएमा ऋणीहरूलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा सूचीकृत गरी बाँकी रकम असुलउपर गर्न कानुनी प्रक्रिया अगाडि बढाइने व्यहोरा जानकारी गराइन्छ।

धितोमा रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरूलाई डाँक बढाबढमा भाग लिन समेत यसै सूचनाबाट अनुरोध गरिन्छ। डाँक बढाबढमा भाग लिने प्रक्रिया सम्बन्धमा संस्थाको कार्यालयबाट आवश्यक जानकारी प्राप्त गर्न सकिने छ।

क्र. सं.	ऋणीको विवरण	लिलाम हुने सम्पत्तिको विवरण
१.	**नाम: गणेशबहादुर बस्नेत** (ना.प्र.नं.२२-०१-७३-०१४६९, दोलखा) बाबु: कृष्णबहादुर बस्नेत बाजे: रत्नबहादुर बस्नेत	रत्नबहादुर बस्नेतका नाति, कृष्णबहादुर बस्नेतका छोरा गणेशबहादुर बस्नेत र चक्रपाणी गोतामेका नाति, खडानन्द गोतामेका छोरा सिताराम गौतमको संयुक्त नाममा मालपोत कार्यालय, काभ्रेपलाञ्चोकमा दर्ता श्रेस्ता रहेको, काभ्रेपलाञ्चोक जिल्ला, साबिक नासिका स्थान सौँगा गा.वि.स. वडा नं. ४ (नक्सा सिट नं. ४ख) स्थित कि.नं. १८९७ को क्षेत्रफल ०-५-२-० (रोपनी) जग्गा र उक्त जग्गामा बनेको घर टहरा एवं अन्य लिगलगापात लगायत।
२.	**नाम: सीताराम गौतम** (ना.प्र.नं.२४-०१-७१-०३२७२, सिन्धुपाल्चोक) बाबु: खडानन्द गोतामे बाजे: चक्रपाणी गोतामे	रत्नबहादुर बस्नेतका नाति, कृष्णबहादुर बस्नेतका छोरा गणेशबहादुर बस्नेत र चक्रपाणी गोतामेका नाति, खडानन्द गोतामेका छोरा सिताराम गौतमको संयुक्त नाममा मालपोत कार्यालय, काभ्रेपलाञ्चोकमा दर्ता श्रेस्ता रहेको, काभ्रेपलाञ्चोक जिल्ला, साबिक नासिका स्थान सौँगा गा.वि.स. वडा नं. ४ (नक्सा सिट नं. ४ख) स्थित कि.नं. १८९७ को क्षेत्रफल ०-५-२-० (रोपनी) जग्गा र उक्त जग्गामा बनेको घर टहरा एवं अन्य लिगलगापात लगायत।
३.	**नाम: माधवप्रसाद गौतम** (ना.प्र.नं.२४-१५५२५४, सिन्धुपाल्चोक) बाबु: खडानन्द गोतामे बाजे: चक्रपाणी गोतामे	खड्गबहादुर थापाका नाति, देवीबहादुर थापाका छोरा विकास थापा र चक्रपाणी गोतामेका नाति, खडानन्द गोतामेका छोरा माधवप्रसाद गौतमको संयुक्त नाममा मालपोत कार्यालय, भक्तपुरमा दर्ता श्रेस्ता रहेको, भक्तपुर जिल्ला, साबिक सुडाल गा.वि.स. वडा नं. ५ (नक्सा सिट नं. ५क) स्थित कि.नं. २१३७ को क्षेत्रफल ०-३-३-० (रोपनी) जग्गा र उक्त जग्गामा बनेको घर टहरा एवं अन्य लिगलगापात लगायत।

अमरज्योति बचत तथा ऋण सहकारी संस्था लि.
सूर्यविनायक ४, दधिकोट, भक्तपुर, फोन : ०१-६६३०३२३

कर्पोरेट

३२औँ वार्षिकोत्सवमा महालक्ष्मी विकास बैंकका विविध कार्यक्रम

काठमाडौं/ महालक्ष्मी विकास बैंकले वार्षिकोत्सवका अवसरमा देशभर विविध कार्यक्रम गरी मनाएको छ। बैंकले ७ जेठमा ३२औँ वर्षमा प्रवेश गरेको अवसरमा साताव्यापी विभिन्न कार्यक्रम सम्पन्न गरेको हो।



वार्षिक कार्यक्रमअन्तर्गत २ गते बैंकको केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालयहरू तथा शाखा कार्यालयका कर्मचारीहरूको सहभागितामा वित्तीय साक्षरतासहितको प्रभातफेरी कार्यक्रम गरेको जनाइएको छ। विभिन्न स्थानमा गरिएको वित्तीय साक्षरता कार्यक्रममा मोबाइल बैंकिङ, स्मार्ट क्युआर, निक्षेप, कर्जा, विप्रेषणजस्ता बैंकिङ सेवासँग सम्बन्धित विषयवस्तु समेटिएको थियो।

त्यस्तै, ४ जेठमा बैंकको केन्द्रीय कार्यालयमा बृहत् निःशुल्क स्वास्थ्य शिविर तथा ५ गते निःशुल्क दन्त तथा आँखा शिविर सञ्चालन गरिएको थियो। उक्त शिविरमा करिब दुई सयजना व्यक्तिको स्वास्थ्य, आँखा तथा दाँतको परीक्षण गरिएको बैंकले जनाएको छ। यसैगरी, ६ गते देशभरका विभिन्न प्रादेशिक कार्यालय र बैंकको केन्द्रीय कार्यालयमा बृहत् रक्तदान कार्यक्रम गरेको छ। उक्त कार्यक्रममार्फत दुई सय पिन्ट रगत संकलन गरिएको बताइएको छ। सोही दिन बैंकले संस्कृति प्रवर्द्धन गर्न विभिन्न स्थानमा रहेका महालक्ष्मी मन्दिरमा सरसफाइलगायतका सामग्री हस्तान्तरण गरेको छ।

साथै, ललितपुर महालक्ष्मीस्थानमा रहेको महालक्ष्मी मन्दिरमा बर्गैंचा प्रवर्द्धन/मर्मत-सम्भार तथा डिजिटल दक्षिणा भुक्तानी प्रवर्द्धनका लागि समेत बैंकले सहयोग गरेको छ। ७ गते केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालय तथा शाखा कार्यालयमार्फत कर्मचारीलाई स्थानीय वेशभूषासहितको पहिरनमा उपस्थित भई सम्बन्धित वेशभूषाको प्रहसनसमेत गरेको थियो। सोही दिन नाराणस्थान गुठी व्यवस्थापन समिति, नारायणहिटीलाई खानेपानी व्यवस्थापनका लागि पानीट्यांकी हस्तान्तरण गरेको छ।

४२ विद्यार्थीलाई मुक्तिनाथको छात्रवृत्ति

काठमाडौं/ मुक्तिनाथ विकास बैंकले 'मुक्तिनाथ उत्कृष्ट छात्रवृत्ति' अभियानअन्तर्गत चालू आवमा देशभर कक्षा ११ मा अध्ययनरत ४२ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ। उक्त छात्रवृत्ति आर्थिक रूपमा विपन्न, जेहेनदार तथा अवसरबाट वञ्चित समुदायका विद्यार्थीलाई लक्षित गरी प्रदान गरिएको बैंकले जनाएको छ। आर्थिक अभावका कारण अध्ययनलाई निरन्तरता दिन कठिनाइ भोगिरहेका विद्यार्थीलाई उच्च शिक्षा हासिल गर्न सहयोग पुगोस् भन्ने उद्देश्यसहित अभियान सञ्चालन गरिएको हो।

छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीले यस सहयोगले आफ्नो शैक्षिक यात्रामा नयाँ आशा र आत्मविश्वास थपिएको बताएका छन्। पढाइलाई बिचमै रोक्नुपर्ने चिन्ता कम भएको उनीहरूको भनाइ छ। अभिभावकले पनि बैंकले गरेको सहयोगले आफ्ना छोराछोरीको भविष्यप्रति नयाँ भरोसा जागेको प्रतिक्रिया दिएका छन्। शिक्षा समृद्ध समाज निर्माणको मुख्य आधार हो, आर्थिक अवस्था कमजोर भए पनि प्रतिभाशाली विद्यार्थीलाई अवसर प्रदान गर्नु सबैको साझा दायित्व रहेको बैंकले विश्वास लिएको छ। आगामी दिनमा पनि शिक्षा, स्वास्थ्य तथा सामाजिक विकाससँग सम्बन्धित यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बैंकले प्रतिबद्धता जनाएको छ।

माइडियाको डबल डोर रेफ्रिजेरेटर

काठमाडौं/ इलेक्ट्रोनिक्स ब्रान्ड माइडियाले नेपाली बजारमा डबल डोर रेफ्रिजेरेटर सार्वजनिक गरेको छ। एमडिआरटी २९४एफजिजी२८एनपी मोडेलका रेफ्रिजेरेटरले परिवारको दैनिकीलाई थप सहज बनाउने बताइएको छ। ग्राहकले घरायसी उपकरणमा आकर्षक डिजाइनसँगै सुविधा, ऊर्जा दक्षता र भरपर्दो कार्यक्षमताको अपेक्षा गर्न थालेपछि कम्पनीले नयाँ मोडेल बजारमा ल्याएको कम्पनीको भनाइ छ।



२१० लिटर स्टोरेज क्षमता रहेको उक्त रेफ्रिजेरेटर साना तथा मध्यम आकारका परिवारलाई लक्षित गरिएको छ। यी रेफ्रिजेरेटरमा डाइरेक्ट कुल नन-इन्भर्टर प्रविधि प्रयोग गरिएको छ, जसले प्रभावकारी चिसोपन कायम राख्न सहयोग पुऱ्याउने बताइएको छ। साथै, इजी मेकानिकल टेम्प्रेचर कन्ट्रोलमार्फत प्रयोगकर्ताले आवश्यकताअनुसार तापक्रम सजिलै नियन्त्रण गर्न सक्नेछन्।

यसमा स्पेसिअस बिग कुलिङ जोन प्रविधि जडान गरिएको छ, जसले फलफूल, तरकारी तथा अन्य खाद्य सामग्री लामो समयसम्म ताजा राख्न सहयोग गर्ने कम्पनीको दाबी छ। दैनिक प्रयोगलाई सहज बनाउन वन टच डिफ्रस्ट सिस्टम जडान गरिएको छ भने लो फ्रस्ट प्रविधिले अत्यधिक बरफ जम्ने समस्या कम गर्नेछ।

त्यसैगरी, यसमा रहेको ड्युरेबल टेम्पर्ड ग्लास सेल्भ्स प्रयोग गरिएको छ। जसका कारण बढी तौल भएका सामग्री सुरक्षित रूपमा राख्न सकिनेछ। लो नोइस पफर्मेन्सले घरको शान्त वातावरणमा असर नपर्ने दाबी गरिएको छ। कम्पनीका अनुसार उत्पादनमा दुई वर्षको वारेन्टी तथा कम्प्रेसरमा १० वर्षको वारेन्टी उपलब्ध हुनेछ। यी उपकरण सिजी इलेक्ट्रोनिक्सले बजारमा उपलब्ध गराउँदै आएको छ।

सामसङका होम अप्लायन्समा २३ प्रतिशतसम्म छुट घोषणा

काठमाडौं/ सामसङ नेपालले 'सामसङ सेभिंग्स डेज' अफरको घोषणा गरेको छ। अफरअन्तर्गत ग्राहकले सामसङका वासिङ मेसिन र रेफ्रिजेरेटरमा २३ प्रतिशतसम्म छुट पाउनेछन्। कम्पनीका अनुसार यो जुलाई १९ सम्म सञ्चालन हुनेछ। घरायसी आवश्यक होम अप्लायन्स अपग्रेड गर्न चाहने ग्राहकलाई लक्षित गर्दै ल्याइएको यस योजनामा वासिङ मेसिनमा २३ प्रतिशतसम्म तथा रेफ्रिजेरेटरमा १७ प्रतिशतसम्म छुट उपलब्ध हुने बताइएको छ।



साथै, ग्राहकले २४ महिनासम्मको विस्तारित किस्ताबन्दी सुविधामार्फत सजिलै सामान खरिद गर्न सक्नेछन्। वासिङ मेसिनको मासिक एक हजार तीन सय ७० र रेफ्रिजेरेटरको एक हजार चार सय आठबाट किस्ता सुविधा उपलब्ध हुने कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार वासिङ मेसिनमार्फत एआई इकोडबल टिएम वासर ड्रायरमा २३, एआई इकोडबल टिएम फ्रन्ट लोडमा २२, फुल्ली अटोमेटिक टप लोडमा १२ र सेमिअटोमेटिक टप लोडमा १२ प्रतिशत छुट पाइनेछ। यस्तै, रेफ्रिजेरेटरतर्फ एसबिएस ७०० लिटर मोडेलमा ११, फाइभ इन वन सिरिजमा १५, डबल डोरमा १७ तथा सिंगल डोरको मोडेलमा १५ प्रतिशतसम्म छुट हुने कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार हुलास फिनसर्भ हायर पर्चेजद्वारा सञ्चालित सामसङ इन्स्टा फाइनान्ससेवामार्फत ग्राहकले १२ वा २४ महिनाको इएमआई योजनामा सामान खरिद गर्न सक्नेछन्। साथै, ग्राहकले नेपालभरका आधिकारिक सामसङ रिटेल स्टोरमार्फत पुराना उपकरण साटेर नयाँ होम अप्लायन्स खरिद गर्न सक्ने व्यवस्था छ।

'द हिडन ट्रेजर मिस नेपाल'को मुख्य प्रायोजकमा कजारिया

काठमाडौं/ सेरामिक र भिट्रिफाइड टायल ब्रान्ड कजारियाले 'द हिडन ट्रेजर मिस नेपाल २०२६' को मुख्य प्रायोजक बनेको छ। यो साझेदारी केवल एक प्रायोजन मात्र नभई नेपालीको आकांक्षासँग जोडिने कजारियाको प्रतिबद्धता रहेको बताइएको छ। मिस नेपाल २०२६ सँगको यस आबद्धतामार्फत कम्पनीले टायल र डिजाइन सोलुसन्सको दायराभन्दा बाहिर गएर आफ्नो उपस्थितिलाई मजबुत बनाउने लक्ष्य राखेको छ। यसले आफूलाई आकांक्षा, भव्यता, आत्मविश्वास र आधुनिक नेपाली उत्कृष्टतालाई प्रतिनिधित्व गर्ने ब्रान्डका रूपमा स्थापित गर्न खोजेको जनाइएको छ। यो सहकार्यले रचनात्मकता, महत्त्वाकांक्षा र रूपान्तरणलाई प्रतिबिम्बित गर्ने मञ्चहरूसँग हातेमालो गर्ने कजारियाको दृष्टिकोणलाई थप सबल बनाएको कजारियाको भनाइ छ। द हिडन ट्रेजर मिस नेपालसँग सहकार्य गर्दै कजारियाले देशभरका उपभोक्तासँग ब्रान्डको उपस्थिति र आकर्षणलाई बढाउने लक्ष्य लिएको छ। 'मिस नेपाल २०२६ को मुख्य प्रायोजकका रूपमा आबद्ध हुन पाउँदा हामीलाई गर्व लागेको छ। यस आबद्धतामार्फत हामी नेपालभरका दर्शकसँगको आफ्नो सम्बन्धलाई प्रगाढ बनाउन चाहन्छौं र कजारियालाई आकांक्षा, भव्यता र समकालीन जीवनशैलीको पर्याय ब्रान्डका रूपमा स्थापित गर्न चाहन्छौं,' कम्पनीले भनेको छ।



"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो !
इन्द्रैं विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो" !!

हार्दिक श्रद्धाञ्जली



जन्म मितिः
वि. सं. २०१२।०६।२६

स्वर्गारोहण मितिः
वि. सं. २०८३।०१।३०

स्व. दिनेश प्रसाद श्रेष्ठ

यस जलविद्युत कम्पनी लिमिटेडका संचालक
दिनेश प्रसाद श्रेष्ठको असामयीक स्वर्गारोहण भएको
१३औँ दिनको पुण्य तिथिमा उहाँको दिवंगत आत्माको
चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै, यस दुःखद् घडिमा शोकसन्तप्त परिवारजनप्रति
धैर्यधारण गर्ने शक्ति मिलोस् भनी हार्दिक समवेदना
प्रकट गर्दछौं।

ANKHAKHOLA HYDROPOWER
आँखु खोला जलविद्युत कम्पनी लिमिटेड
परिवार

घर/जग्गा खरिद गर्ने बारेको सूचना

यस बैंकलाई केन्द्रिय कार्यालय प्रयोजनको लागि उपयुक्त स्थान आवश्यक परेको हुँदा तपसिल बमोजिमको स्थानमा जग्गा वा निर्माण सम्पन्न भएको व्यापारिक भवन बिक्री गर्न चाहने इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुबाट निम्न शर्त बन्देजहरुको अधिनमा रहने गरी शिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ।

जिल्ला	तपसिलका स्थानहरु	क्षेत्रफल
काठमाडौं	काठमाडौं महानगरपालिका भित्रका निम्न बमोजिम तोकिएको स्थानहरु : १. लैनचौर देखि शितल निवास सम्म २. माईतीघर देखि मीनभवन सम्म ३. हात्तिसार देखि पद्मोदय मोड, पुतलीसडक सम्म ४. जय नेपाल हल देखि नागपोखरी, नक्साल र बालुवाटार सम्म ५. भाटभटेनी देखि विशालनगर सम्म ६. कमलपोखरी देखि ज्ञानेश्वर सम्म ७. माथि उल्लेखित स्थानका आसपासका क्षेत्रहरु	कम्तिमा ३.५ देखि ६ रोपनी सम्म

क. शर्त तथा बन्देजहरु :

१. प्रस्तावित घर/जग्गा रहेको स्थान नदि, **High Tension Line**, इन्धन केन्द्र/भण्डारण क्षेत्र तथा अन्य प्रज्वलनशिल पदार्थको भण्डारण क्षेत्र आदिबाट कम्तिमा २०० मि. टाढा भएको हुनुपर्नेछ।
२. प्रस्तावित घर/जग्गामा यातायात योग्य सडकको पहुँच हुनुपर्नेछ, साथै सडक विस्तार योजनामा नपरेको हुनुपर्नेछ। यदि सडक विस्तार योजनामा पर्ने भए विस्तारमा पर्ने जग्गा घटाएर प्रस्ताव पेश गर्नुपर्नेछ।
३. प्रस्तावित घर/जग्गाको सम्बन्धमा कुनै प्रकारको स्वामित्व सम्बन्धी विवाद, मुद्दा मामिला, झै-झगडा, गुठी मोहि इत्यादी नभएको तथा नेपाल सरकारले तोकेको जग्गा सम्बन्धी सम्पूर्ण मापदण्डहरु पुरा भएको हुनुपर्नेछ।

ख. भवन सहितको जग्गा खरिदका लागि थप शर्तहरु :

१. **कानुनी तथा नियामकीय अनुपालन (Legal & Regulatory Compliance)**
- कानुनी विवादरहित र स्वामित्व : भवन कुनै पनि कानुनी विवाद मुक्त हुनुपर्नेछ र स्पष्ट स्वामित्वको प्रमाण (पूर्जा) उपलब्ध हुनुपर्नेछ।
- मापदण्ड अनुसारको निर्माण : भवन काठमाडौं महानगरपालिकाले तोकेबमोजिमको मापदण्ड (जस्तैः सडक सेटब्याक, खुल्ला क्षेत्र आदि) पूर्ण रूपमा पालना गरी निर्माण भएको हुनुपर्नेछ।
- नक्सा पास : भवनको स्वीकृत नक्सा पास सम्बन्धी कागजात उपलब्ध हुनुपर्नेछ।
- निर्माण सम्पन्न प्रमाणपत्र : भवन निर्माण सम्पन्न भएको प्रमाणपत्र अनिवार्य रूपमा उपलब्ध हुनुपर्नेछ र सो प्रमाणपत्र जारी भएको अवधि १० वर्षभन्दा बढी ननाघेको हुनुपर्नेछ।

२. **संरचनागत तथा क्षेत्रफल सम्बन्धी आवश्यकता (Structural & Space Requirements)**
- पिल्लर सिस्टम : भवन पिल्लर प्रविधि (Pillar System/Framed Structure) मा निर्माण भएको हुनुपर्नेछ।
- कार्पेट एरिया : भवनको कुल कार्पेट एरिया कम्तीमा ५०,००० वर्ग फिट हुनुपर्नेछ।
- आपतकालीन निकास : भवनको प्रत्येक तलामा आपतकालीन निकास (Emergency Exit) को व्यवस्था हुनुपर्नेछ।

३. **पार्किङ सुविधा**
बैंकका ग्राहक र कर्मचारीहरूको सवारी साधनको लागि जमिनमुनि (Underground) वा तोकिएको छुट्टै व्यवस्थित पार्किङ क्षेत्र हुनुपर्नेछ।

४. **उपयोगिता, पूर्वाधार तथा सुविधाहरू (Utilities, Infrastructure & Facilities)**
- विद्युत आपूर्ति : भवनमा नेपाल विद्युत प्राधिकरणद्वारा प्रदान गरिएको डेडिकेटेड थ्री-फेज लाइन (Three-Phase Line) जडान भएको हुनुपर्नेछ।
- जेनेरेटर र ए.टि.एम.क्षेत्र : जेनेरेटर (Generator) र ए.टि.एम. (ATM) मेसिनहरू जडान गर्नका लागि छुट्टै र सुरक्षित क्षेत्र उपलब्ध हुनुपर्नेछ।

५. **खानेपानी तथा ढल निकास :**
- भवनमा पानीको आपूर्ति र ढल निकासको उचित व्यवस्था भएको हुनुपर्नेछ।
- जमिनमुनिको पानी ट्याङ्की (Underground Water Tank) र सेप्टी ट्याङ्की (Safety Tank) को व्यवस्था भएको हुनुपर्नेछ।

ग. शिलबन्दी बोलपत्रसाथ निम्न लिखित कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

१. घर/जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि।
२. घर/जग्गाधनिको नागरिकताको प्रतिलिपि वा फर्म वा कम्पनी भए दर्ता प्रमाणपत्र तथा संचालक समितिको निर्णय।
३. घर/जग्गाको तिरो तिरेको अद्यावधिक रसीद, ब्लुप्रिन्ट, ट्रेस नक्सा, प्रमाणित चार किल्ला/**Location Map**
४. प्रस्तावित घर/जग्गाको चौतर्फी फोटोहरु ।
५. भवनको नक्सापास कागजात।
६. भवनको संरचनागत (**Structural**) र विद्युतीय नक्सा (**Electrical Drawing**)।
७. घर/जग्गाको दरभाउ अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गरी बोलपत्र पेश गनुपर्नेछ। दरभाउ अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लिखित दरभाउ मान्य हुनेछ।
८. बैंकको **Sundry Creditor** खाता नं. ०९९९५२४३८०१६४०१५ मा रु. १०,०००/- जम्मा गरेको सक्कल भौचर।

घ. एक वा एक भन्दा बढी जग्गाधनिहरुले संयुक्त रुपमा पनि प्रस्ताव पेश गर्न सक्ने छन्।

ङ. शिलबन्दी बोलपत्र खाम बाहिर **"घरजग्गा खरिद सम्बन्धी बोलपत्र प्रस्ताव"** उल्लेख गरी मिति २०८३ जेष्ठ २५ गते अपरान्ह ३:०० बजे भित्र यस बैंकको केन्द्रिय कार्यालय लाजिम्पाट, काठमाडौं स्थित सामान्य प्रशासन तथा खरिद विभागमा आईपुग्ने गरी बुझाउनु पर्नेछ।

च. म्याद नाघी वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

छ. कुनै पनि प्रस्ताव कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने वा छनौटमा परेका प्रस्ताव उपर पुनः नेगोसियशन गर्ने वा थप शर्त बन्देज लगाउने सम्पूर्ण अधिकार बैंकसंग निहित रहनेछ।

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
केन्द्रिय कार्यालय, लाजिम्पाट

लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०२/११

यस सा व उ स वाट संकलित खयर काठ ६६२.८५ क्यू फिट (हर्ट उड) लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

धारापानी घुमाउनेडाँडा सा. वन उपभोक्ता समूह, व्यास ११, तनहूँ।

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/७७०

नयाँ पत्रिका

■ काभा च्याम्पियनसिप

दोस्रो जितसँगै नेपाल सेमिफाइनलमा



रमेश सुवेदी/नयाँ पत्रिका

पहिलो खेलमा भारतसँग हारेपछि दबाबमा परेको घरेलु टोली नेपाल लगातार दुई जितका साथ काभा महिला भलिबल च्याम्पियनसिपको सेमिफाइनलमा प्रवेश गरेको छ। राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा ५४औँ वरीयतामा रहेको नेपालले ७०औँ वरीयताको माल्दिभ्सलाई ३-० को सोझो सेटमा हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो। युवा खेलाडीको उत्कृष्ट प्रदर्शनपछि निरुता ठगुन्नाको कप्तानीमा रहेको नेपालले खेलमा माल्दिभ्सलाई २५-१२, २५-९ र २५-२० ले हरायो। नेपालको तीन खेलबाट ७ अंक भएको छ। भारतले दुई खेलबाट ५ अंक जोड्दा किर्गिस्तानले समान खेलबाट ३ अंक मात्र बटुलेको छ। नेपाल सेमिफाइनलमा प्रवेश गरेसँगै अब समूह 'ए'बाट भारत र किर्गिस्तानमध्ये एक टोली अन्तिम चारमा पुग्नेछ। भारतले सोमबार किर्गिस्तानसँग समूह चरणको अन्तिम खेल खेल्दै छ। यो खेलपछि समूहको विजेता टुंगो लाग्नेछ। समूह 'बी'बाट इरान र काजकिस्तानले सेमिफाइनल यात्रा बलियो बनाएका छन्। इरान अर्को चरणमा प्रवेश गरिसकेको छ। समूहमा श्रीलंका र बंगलादेश पनि रहेका छन्।

> पहिलो खेलमा भारतसँग ३-२ को सेटमा पराजित नेपालले किर्गिस्तान र माल्दिभ्सलाई हराउँदै अन्तिम चारमा स्थान पक्का गऱ्यो

काभा च्याम्पियनसिपको रोमाञ्चक र प्रतिस्पर्धात्मक उद्घाटन खेलमा भारतसँग नेपाल ३-२ को सेटमा पराजित भएको थियो। दोस्रो खेलमा किर्गिस्तानलाई सोझो सेटमा हराउँदै सेमिफाइनल पुग्ने आशा बलियो बनाएको थियो। तेस्रो खेलमा माल्दिभ्सलाई हराएसँगै नेपालले समूह 'ए'बाट अन्तिम चारको स्थान पक्का गरेको हो।

कप्तान निरुताले रणनीतिअनुसार सेमिफाइनल यात्रा पक्का भएको बताइन्। 'प्रशिक्षकको रणनीतिअनुसार खेल्यौं,' निरुताले भनिन्, 'पहिलो खेलमा पराजित भएपछि दबाबमा थियौं, तर लगातार दुई जितका साथ सेमिफाइनलमा स्थान बनाउन सफल भयौं।'

कप्तान निरुताका अनुसार च्याम्पियनसिपमा 'सिनियर र युवा खेलाडीले राम्रो प्रदर्शन गरिरहेका छन्। 'अहिले युवा र सिनियर खेलाडीले उत्कृष्ट खेलिरहेका छन् अब सेमिफाइनलका लागि हामी तयार हुन्छौं,' उनले भनिन्। नेपालका प्रशिक्षक जगदीश भट्टले सेमिफाइनलका लागि तीन दिनको तयारी समय रहेको बताए। यस समयमा नेपालले सेमिफाइनलको प्रतिद्वन्द्वीअनुसार रणनीति तयार हुने उनले बताए। उनले इरान र काजकिस्तान जो प्रतिद्वन्दी भए पनि नेपाल खेल्न तयार भएको बताए। 'सेमिफाइनल पुग्ने चारै टोली बराबरका छन्। इरान र काजकिस्तान केही बलियो हुन्। हामीसँग तीन दिनको तयारी समय छ,' प्रशिक्षक भट्टले भने, 'रिसिभ र ब्लकमा सुधार गर्नुपर्नेछ। यसका लागि तयार हुन्छौं।'

सेमिफाइनलमा केन्द्रित हुन्छौं

● **जगदीश भट्ट**, प्रशिक्षक, नेपाल



पहिलो खेलमा पराजित भएर पनि पुनरागमन गर्न सफल भएका छौं। सेमिफाइनल पुग्ने चारै टोली बराबरका छन्। इरान र काजकिस्तान बलिया हुन्। उनीहरूको खेलाडीको हाइट बढी छ। हामीसँग तीन दिनको तयारी समय छ। त्यसैमा केन्द्रित भएर रिसिभ र ब्लकमा सुधार गर्नुपर्नेछ। यसका लागि तयार हुन्छौं।

राम्रो प्रदर्शन गर्न सफल भयौं

● **निरुता ठगुन्ना**, कप्तान, नेपाल



प्रशिक्षकको रणनीतिअनुसार खेल्यौं। पहिलो खेलमा पराजित भए पनि सेमिफाइनलमा स्थान बनाउन सफल भएका छौं। माल्दिभ्सविरुद्ध निकै राम्रो खेल खेल्यौं। सिनियर र युवा खेलाडीबाट राम्रो प्रदर्शन भइरहेको छ। डेब्यु गरेका खेलाडीले धेरै राम्रो खेलेका छन्। अब, सेमिफाइनलका लागि तयार गर्छौं।

नेपालको सहज जित

माल्दिभ्सविरुद्ध पहिलो सेटमा कप्तान निरुता, उषा भण्डारी, सुमित्रा रेग्मी, सुनिता खत्री, शान्ति तामाङ र रिमा कुँवरलाई प्रशिक्षक भट्टले खेलाएका थिए। नेपालले पहिलो सेट २५-१२ ले जित्यो। दोस्रो सेटमा पनि सानदार प्रदर्शन गर्दै नेपाल २५-९ को जित निकाल्न सफल भयो। दोस्रो सेटमा उषाको स्थानमा सलिना बुढामगर र प्रगतिको स्थानमा जसना महतोले अवसर पाएका थिए। यसै सेटमा एलिसाले राष्ट्रिय महिला भलिबलमा डेब्यु गरेकी हुन्। तेस्रो सेटमा पनि नेपाल २५-२० को सहज जित निकाल्न सफल भयो। प्रशिक्षक भट्टले तेस्रो सेटमा मीना सुनार र वसन्ती साउदलाई अवसर दिए। उनले तेस्रो खेलमा लिबेरो सलिना श्रेष्ठलाई विश्राम दिएका थिए। अन्य सबै खेलाडीले तेस्रो खेल खेलेका हुन्। 'हामीले आगामी महत्त्वपूर्ण खेलका लागि सलिनालाई विश्राम दिएको हो,' प्रशिक्षक भट्टले भने।

६ खेलाडीकै डेब्यु

काभा च्याम्पियनसिपमा प्रशिक्षक भट्टले तेस्रो खेलसँगै घोषित नयाँ ६ खेलाडीलाई नै डेब्यु गराएका छन्। माल्दिभ्सविरुद्ध एलिसा मानन्धरले डेब्यु गरिन्।

एलिसालाई पहिलो खेलमा भारतसँग डेब्यु गरेकी सुनिता खत्रीको स्थानमा कोर्ट प्रवेश गराइएको थियो। यसअघि पहिलो खेलमा भारतविरुद्ध मीना सुनार, सुनिता खत्री, सलिना बुढामगर, जसना महतो र वसन्ती साउदले डेब्युको अवसर पाएका थिए।

टी-२० आईमा रोहित, सोमपाल र करणको पुनरागमन



गत वैशाखमा युएईसँगको टी-२० आई सिरिजमा नरहेका पूर्वकप्तान रोहितकुमार पौडेल, करण केसी तथा सोमपाल कामीले २०औँ एसियाडको छनोट प्रतिस्पर्धामा स्थान पक्का गरे

नयाँ पत्रिका

नेपालले दीपेन्द्रसिंह ऐरीको कप्तानीमा जापानमा हुने २०औँ एसियन खेलकुअन्तर्गत छनोट प्रतियोगितामा प्रतिस्पर्धा गर्ने भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले आइतबार दीपेन्द्रको कप्तानीमा टोली घोषणा गर्दा पूर्वकप्तान रोहितकुमार पौडेलसँगै सोमपाल कामी र करण केसीले स्थान बनाएका छन्। यसअघि यी तीन खेलाडीले युएईविरुद्धको दुई टी-२० आई सिरिजमा मौका पाएका थिएनन्।

यसपटक नेपाली टोलीमा कुशल मल्लसहित साहब आलाम पनि फर्किएका छन्। विश्वकप लिग २ मा गतिलो प्रदर्शन गरेका गुल्सन झा, ललितनारायण राजवंशी र ईशान पाण्डेले स्थान बनाउन सकेनन्। प्रशिक्षक स्टुवार्ट लले एकदिवसीय र टी-२० आई फर्म्याटमा दुई कप्तान चयन गर्दा रोहितले युएईविरुद्धको सिरिज गुमाएका थिए। आइसिसी विश्वकप क्रिकेट लिग २ मा उत्कृष्ट ब्याटिङ प्रदर्शन गरेपछि रोहितले टी-२० आईमा स्थान पक्का गरेका हुन्।

जापानको आइसी-नागोयामा आगामी १७ सेप्टेम्बरदेखि ३ अक्टोबरसम्म एसियाड खेल हुनेछ। एसियाडमा सहभागी हुन सिंगापुरमा ३१ मेदेखि छनोट प्रतियोगिता सुरु हुँदै छ। सोही छनोटका लागि क्यानले टोली घोषणा गरेको हो। छनोटका शीर्ष चार टोलीले जापानको टिकट पक्का गर्नेछन्। १३ राष्ट्र सहभागी टी-२० आई छनोट प्रतियोगितामा नेपाल समूह 'ए'मा छ।

नेपालको पहिलो खेल चीनसँग

क्वालिफायर्समा समूह 'ए'मा रहेको नेपालले मलेसिया, कतार र चीनलाई प्रतिद्वन्द्वीका रूपमा पाएको छ। नेपालले समूह चरणको पहिलो खेलमा ३१ मेमा चीनको सामना गर्नेछ भने २ जुनमा कतारविरुद्ध खेल्नेछ। ४ जुनमा नेपाल र मलेसियाबिच खेल हुने एसिसीले जनाएको छ।

यसैगरी, समूह 'बी'मा ओमान, माल्दिभ्स र सिंगापुर रहेका छन्। समूह 'सी'मा हङकङ, बहराइन र दक्षिण कोरिया छन्। समूह 'डी'मा मलेसिया, कतार, चीन र उज्वेकिस्तान छन्। छनोटबाट आएका शीर्ष चार टोलीले साबिक विजेता भारतसहित पाकिस्तान, श्रीलंका, बंगलादेश, अफगानिस्तान र आयोजक जापान सम्मलित २०औँ एसियाड खेल्नेछन्। १९औँ एसियाडमा नेपालले आइसिसीको टी-२० वरीयताका आधारमा सिधै प्रतिस्पर्धा गरेको थियो। यसपटकको एसियाडमा १० टोलीले क्रिकेटमा स्वर्ण पदकका लागि प्रतिस्पर्धा गर्दै छन्।

ललित र अर्जुन नेपाल 'ए' टोलीमा



ललितनारायण राजवंशी



अर्जुन कुमाल

क्यानले सिनियरसँगै नेपाल 'ए'को टोली पनि घोषणा गरेको छ। क्यानले ललितनारायण राजवंशी र अर्जुन कुमाललाई समेट्दै भारतको उत्तराखण्डमा हुने अल इन्डियन गोल्डकपका लागि नेपाली 'ए' टोलीको घोषणा गरेको हो। अनिलकुमार साहको कप्तानीमा १५ सदस्यीयमा हेमन्त धामी, तृतराज दास, देव खनाल र पवन सर्राफ रहेका छन्। ललित र अर्जुनले गत शुक्रबार आइसिसी क्रिकेट विश्वकप लिग २ अन्तर्गत स्कटल्यान्ड र अमेरिकाविरुद्धका त्रिकोणात्मक एकदिवसीय सिरिजमा नेपालको सिनियर टोलीबाट प्रतिस्धर्पा गरेका थिए। नेपाल 'ए'ले ३० मेमा केरलासँग खेल्नेछ। ३१ मेमा गोवा र २ जुनमा नेपालले उडिसाको सामना गर्नेछ।

गुल्सन र ईशानले बेल्जियम लिग खेल्ने



गुल्सन झा



ईशान पाण्डे

नेपाली टोलीमा नरहेका अलराउन्डरहरू गुल्सन झा र ईशान पाण्डेले बेल्जियममा हुने इयू टी-२० लिग खेल्नछन्। क्यानका अनुसार गुल्सन र ईशानले जेबी ब्रुजबाट खेल्ने पक्का गरेका हुन्। लिग ६ जुनदेखि सुरु हुँदै छ।

हेटौँडामा बुद्धिचाल संघको विशेष साधारणसभा सुरु



नयाँ पत्रिका

नेपाल बुद्धिचाल महासंघ केन्द्रीय कार्यसमितिले आह्वान गरेको पहिलोपटकको विशेष साधारणसभा मकवानपुरस्थित क्लब हेटौँडामा सुरु भएको छ। महासंघको एकतिहाइ साधारण सदस्यले विधानअन्तर्गत रहेर विधिवत् कार्यसमितिसमक्ष अध्यक्ष हेराकाजी महर्जन र महासचिव धरमबहादुर लामाविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरेका थिए। अध्यक्ष र महासचिवविरुद्ध दर्ता भएको अविश्वासको प्रस्तावउपर छलफलका लागि विधानअनुसार आवश्यक ५१ प्रतिशत साधारणसभा सदस्यको उपस्थिति रहन सकेन। राखेपद्वारा स्वीकृत विधानको परिच्छेद ३ दफा १०, उपदफा ५ को (घ) मा व्यवस्था भएबमोजिम एक दिनको फरकमा दोस्रोपटक कुल प्रतिनिधिको ३३ प्रतिशत उपस्थितिलाई गणपूरक संख्या मानिने प्रावधानअनुरूप ११ जेठमा पुनः विशेष साधारणसभाको आह्वान गरिएको छ। खेलकुद विकास ऐन, २०७७ बमोजिम गठित महासंघको विधान २०४८, राष्ट्रिय खेलकुद परिषद्बाट ११ भदौ ०८१ मा स्वीकृत आठौँ संशोधन, २०८० अनुसार सोमबार प्रस्तावको पक्षको कथन, विपक्षको प्रतिवाद कथन सुनेर आवश्यक निर्णय लिइनेछ। केन्द्रीय कार्यसमितिले १० जेठमा आह्वान गरेको विशेष साधारणसभाको अध्यक्षता कार्यसमितिका निर्वाचित उपाध्यक्ष माधवप्रसाद प्रधानले गरेका छन्।

विशेष साधारणसभामा विश्व बुद्धिचाल महासंघ (फिडे) तथा राष्ट्रिय खेलकुद परिषद् (राखेप)लाई पर्यवेक्षकका रूपमा आमन्त्रण गरिएको छ। फिडेका पर्यवेक्षकका रूपमा भारतका दिलजित खन्ना आएका छन्। बुद्धिचाल महासंघका पूर्वअध्यक्ष एकालाल श्रेष्ठले महासंघको गतिविधिलाई मध्यनजर गर्दै प्रदेश सरकारका तर्फबाट नियमित रूपमा बजेटको व्यवस्था गरिरहेको जानकारी गराए।

उनले नेपालको समग्र खेलकुदलाई विवादरहित बनाउन जरुरी रहेको धारणा राख्दै बुद्धिचाल खेलकर्मीहरू निकै सानो परिधिभित्र भएका कारण असमझदारीबिच नियमसंगत ढंगबाट समाधान खोज्न सकिने बताए।

■ साफ महिला च्याम्पियनसिप आजदेखि



काठमाडौं/ भारतमा सोमबारदेखि साफ महिला च्याम्पियनसिप सुरु हुँदै छ। साफमा नेपाल समूह 'ए'मा छ। यस समूहमा श्रीलंका र भुटान छन्। नेपाल ६ संस्करणको उपविजेता हो। नेपाली टोलीले पहिलोपल्ट च्याम्पियन हुने लक्ष्य राखेको छ। नेपालले पहिलो खेलमै भुटानको सामना गर्नेछ। नेपालको दोस्रो खेल ३१ मेमा श्रीलंकाविरुद्ध रहेको छ। समूह 'बी'मा पाँचपटकको विजेता भारत र दुईपटकको च्याम्पियन बंगलादेशसहित माल्दिभ्स छन्। नेपाली टोलीले एक महिनादेखि सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा साफको तयारी गरेको थियो।

खेल संक्षेप

काभ्यालाई यू-१६ फुटसल उपाधि

काठमाडौं/ काभ्याले प्रथम एन्जल्स हार्ट नेसनल स्कुल कप जुनियर यू-१६ छात्र फुटसल प्रतियोगिताको उपाधि जितेको छ। आइतबार भएको फाइनलमा काभ्याले काठमाडौं लोक शिक्षण स्कुललाई २-० ले पराजित गऱ्यो। एन्जल्स हार्ट नेसनल स्कुलको आयोजनामा भएको प्रतियोगितामा एन्जल्स हार्टले समृद्धिलाई ४-२ ले हराउँदै तेस्रो स्थान रक्षा गऱ्यो। काठमाडौं लोक शिक्षणका विजेश वाइबा उत्कृष्ट खेलाडी बने। काभ्याका आराध्य रेग्मी उत्कृष्ट गोलरक्षक, समृद्धिका समन महर्जन उदीयमान खेलाडी र काभ्याका विप्लोप दर्लामी सर्वाधिक गोलकर्ता बने। स्मृद्धि उदीयमान टिम घोषित भयो। फाइभ ए साइड एकदिने प्रतियोगितामा आठ टिमले नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए।



पुलिस सेमिफाइनलमा

विराटनगर/ साबिक विजेता लेटाङ फुटबल क्लबलाई टाइब्रेकरमा पराजित गर्दै कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर छैटौं मिल्स गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। आइतबार भएको खेलमा पुलिसले लेटाङलाई ४-३ ले पाखा लगाएको हो। निर्धारित समयको खेल १-१ को बराबरीमा सकिएपछि जितको छिनोफानो टाइब्रेकरबाट गरिएको हो। टाइब्रेकरमा पुलिसका रमेश राजवंशी, सविन राई, हेम तामाङ र सञ्जीव लिम्बूले गोल गरे। लेटाङका नीरज परियार, सुदीप श्रेष्ठ र सुलेन तामाङले मात्र गोल गर्न सके। लेटाङका सागर तिवारीको प्रहार बाहिरिएको थियो। खेलको दोस्रो मिनेटमै सञ्जय चौधरीको पासमा कृष्ण गुरुङले पुलिसलाई १-० को अग्रता दिलाए। लेटाङले ३४औँ मिनेटमा बराबरी गोल फर्कायो।

प्रथम अन्तरवडा पौडी १६ जेठदेखि

काठमाडौं/ काठमाडौं महानगरपालिका- २९ को आयोजनामा आगामी १६ र १७ जेठमा अन्तरवडा पौडी प्रतियोगिता आयोजना हुने भएको छ। काठमाडौंका सबै वडाका खेलाडीले भाग लिने यस प्रतियोगितामा विभिन्न ३१ इभेन्ट्समा १५० बढी खेलाडीले भाग लिने आयोजकले जनाएको छ। प्रतियोगिताअन्तर्गत फ्री स्टाइल, ब्रेस्ट स्ट्रोक, ब्याक स्ट्रोक तथा मिडले इभेन्ट्स समावेश गरिएका छन्। महानगरभित्रका प्रत्येक वडाबाट एक इभेन्ट्समा आठजनासम्म खेलाडीले सहभागिता जनाउन पाइनेछ। नेपाल पौडी संघको प्राविधिक सहयोगमा सञ्चालन हुने प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने एक महिला र पुरुष खेलाडीलाई जनही २५ हजार रुपैयाँ प्रदान गरिनेछ।

प्राधिकरण र ग्लोबल आइएमई च्याम्पियन

काठमाडौं/ नेपाल नागरिक उड्डयन प्राधिकरण र ग्लोबल आइएमई बैंक १५औँ कर्मचारी खेलकुद प्रतियोगिताको फुटसल च्याम्पियन बनेका छन्। प्राधिकरण पुरुष तथा ग्लोबल महिलामा पहिलो भएका हुन्। आइतबार भएको पुरुष फाइनलमा प्राधिकरणले साबिक विजेता कृषि विकास बैंक लिमिटेडलाई ६-१ ले पराजित गऱ्यो। प्राधिकरणका महेश शाहले चार गोल गरे। महिलाको उपाधि भिडन्तमा ग्लोबलले लुम्बिनी विकास बैंकलाई टाइब्रेकरमा ३-२ ले हरायो। ग्लोबल पहिलो सहभागितामै उपाधि जित्न सफल भएको हो। फुटसल पुरुषमा कृषिका राजकुमार निरौला उत्कृष्ट खेलाडी, प्राधिकरणका संकित रेग्मी उत्कृष्ट गोलरक्षक तथा प्राधिकरणका महेश शाह १० गोलका साथ सर्वाधिक गोलकर्ता भए। महिलामा लुम्बिनीकी दिव्या विष्ट उत्कृष्ट खेलाडी र सर्वाधिक गोलकर्ता बनिन्।

■ इन्डियन प्रिमियर लिग

राजस्थानको जितले पन्जाब र कोलकाता बाहिरिए

एजेन्सी

राजस्थान रोयल्सले १९औँ इन्डियन प्रिमियर लिग (आइपिएल) २०२६ को प्लेअफमा स्थान बनाएको छ। मुम्बई इन्डियन्समाथि ३० रनको जितसँगै राजस्थानले चौथो स्थानमा रहँदै प्लेअफ स्थान सुरक्षित गरेको हो। राजस्थानको जितले पन्जाब किंग्स र कोलकाता नाइट राइडर्स प्रतियोगिताबाट बाहिरिएका हुन्।

राजस्थानले १६ अंक जोड्यो। पन्जाब १५ अंकका साथ पाँचौँ स्थानमा रह्यो। पछिल्लो समयमा पन्जाबले खराब प्रदर्शन गरेको थियो। अब प्लेअफमा साबिक विजेता रोयल च्यालेन्जर्स बेंग्लोर, गुजरात टाइटन्स, सनराइजर्स हैदराबाद र राजस्थानले प्रतिस्पर्धा गर्नेछन्।

२६ मेमा पहिलो क्वालिफायरमा अंक तालिकाको शीर्ष दुईमा रहेका बेंग्लोर र गुजरातबिच खेल हुनेछ। यो खेल धर्मशालामा हुनेछ। यस खेलको विजेता ३१ मेमा अहमदाबादमा हुने फाइनलमा प्रवेश गर्नेछ। पहिलो प्लेअफमा पराजित हुने टोलीले फाइनल प्रवेशका लागि एक अवसर पाउनेछ। उसले इलिमिनेटरको विजेतासँग २९ मेमा चण्डीगढमा प्रतिस्पर्धा गर्नेछ। तेस्रो र चौथो स्थानमा रहेका हैदराबाद र राजस्थानबिच २७ मेमा इलिमिनेटर खेल हुनेछ। यस खेलमा पराजित हुने टोली प्रतियोगिताबाट बाहिरिनेछ। अंक तालिकामा मुम्बई नवौँ स्थानमा रह्यो। लखनउ सुपर जायन्ट्स अन्तिममा रह्यो। दुवैले यस सिजनमा १४ मध्ये चार खेलमा जित निकालेका छन्।



> राजस्थानले चौथो स्थानमा रहँदै प्लेअफ स्थान सुरक्षित गरेपछि पन्जाब किंग्स र कोलकाता नाइट राइडर्स प्रतियोगिताबाट बाहिरिए

राजस्थान ३० रनले विजयी

वाँखडे रंगशालामा राजस्थानले पहिलो ब्याटिङ गरी २० ओभरमा आठ विकेटको क्षतिमा २०५ रन बनाएको थियो। प्रत्युत्तरमा मुम्बईले घरेलु मैदानमा २० ओभरमा नौ विकेट गुमाएर १७५ रन बनायो। राजस्थानको जितमा जोफ्रा आर्चरले उत्कृष्ट प्रदर्शन गरेका थिए। उनले ब्याटिङमा १५ बलमा ३० रन बनाए। बलिङमा १७ रन खर्चेर तीन विकेट हात पारेका थिए। मुम्बईको ब्याटिङमा सूर्यकुमार यादवले सर्वाधिक ६० रनको योगदान दिएका थिए। उनले ४२ बलमा चार छक्का र तीन चौका प्रहार गरे। यसैगरी, विल ज्याक्सले १८ बलमा तीन चौका र दुई छक्का प्रहार गरी ३३ रन बनाए। कप्तान हार्दिक पाण्ड्याले १५ बलमा तीन चौका र दुई छक्काको सहयोगमा ३४ रनको योगदान दिए।

राजस्थानको बलियो ब्याटिङ

राजस्थानले २०६ रनको लक्ष्य दिँदा कुनै पनि ब्याट्समयानले अर्धशतकीय इनिङ्स खेलेनन्। तर, उसका सबै ब्याट्समयान आक्रामक रूपमा प्रस्तुत भए। ओपनर यशस्वी जैसवालले १७ बलमा २७ रन बनाए। ध्रुव जुरेलले २६ बलमा ३८ तथा दुसान संनाकाले १५ बलमा २९ रन बटुले। पुछारका रवीन्द्र जडेजाले ११ बलमा १९ रनको योगदान दिए। राजस्थानले ३३ रनमा दुई विकेट गुमाएको थियो। आक्रामक ब्याट्समयान वैभव सूर्यवंशीले ६ बलमा ४ रन मात्र बनाएका थिए। बलिङमा मुम्बईका लागि दीपक चहरले ४३ रनमा दुई विकेट लिए। सुन्दर ठाकुरले ४१ रनमा दुई विकेट लिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com